*"फालेलुङ सम्बृद्धिको आधार,*
*कृषि, पर्यटन, जलस्रोत र भौतिक पूर्वाधार"*

# आवधिक रणनीतिक विकास योजना, फालेलुङ गाउँपालिका पांचथर

## (आ.व. २०७६/०७७-२०८०/०८१)




# भाग २

# योजना दस्तावेज

## गाउँकार्यपालिकाको कार्यालय,

## फालेलुङ, पांचथर

## २०७५ चैत्र

| | |
|---|---|
| ***दस्तावेज :*** | ***फालेलुङ गाउँपालिकाको आवधिक गाउँ विकास योजना (आ.व.२०७६/०७७ - २०८०/०८१)*** |
| ***प्रकाशक :*** | *फालेलुङ, गाउँपालिका, पांचथर* |
| ***संरक्षक :*** | |
| ***संयोजन :*** | |
| ***प्राविधिक सहयोग :*** | *न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिसेज प्रा.ली.* |
| | |
| ***संस्करण :*** | |
| **लेआउट/डिजाइन :** | |
| **प्रकाशित प्रति :** | |

# दुई शव्द

नेपालको संविधानले नेपाल संघिय गणतान्त्रीक मुलुकमा परिणत भएको व्यवस्था गरे अनुरुप संविधानको अनुसूचि ८ मा उल्लेखित २२ वटा अधिकारको प्रयोगको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई स्थानीय सरकारलाई मुर्तरुप दिएको छ । उक्त ऐनको परिच्छेद ६ दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था भएअनुरुप गाउँपालिकाको विकासलाई योजनावद्ध रुपमा अगाडि बढाउने हेतु यो आवधिक गाउँ विकास योजना (२०७६/०७७-२०८०/०८१) तर्जुमा गरिएको छ । यसलाइ गाउँकार्यपालिकाको वैठक तथा गाउँसभाबाट स्वीकृत गरी गाउँ विकासको मार्गदर्शक र महत्वपूर्ण दस्तावेजको रुपमा ग्रहण गरिएको छ ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु नै स्थानीय विकासका अगुवा तथा नेतृत्वकर्ता भएको हुँदा यस आवधिक गाउँ विकास योजना तर्जुमाका सम्पूर्ण प्रक्रियामा शूरुदेखिकै मार्गदर्शन तथा पहलकदमी रहेको सन्दर्भमा आगामी दिनमा यस योजनाको प्रभावकारी कार्यान्वयनमा पनि सबै क्षेत्रको अपनत्व र प्रतिबद्धता निरन्तर रहने विश्वास लिइएको छ । आवधिक गाउँ विकास योजनाको दस्तावेज बनाएर मात्र पुग्दैन र यो आफै कार्यान्वयन हुने योजना पनि होइन । यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानका लागि बार्षिक योजनामा रुपान्तरण गर्दै जानुपर्ने हुन्छ । आवधिक मूल्यांकन र समीक्षा प्रक्रियालाई अगाडी बढाउने, आवश्यकता अनुसार दक्ष जनशक्ति र स्रोत साधनको व्यवस्था र परिचालन गर्दै अगाडि बढ्न गाउँपालिका स्तरमा क्रियाशिल राजनीतिक दलहरु, सरकारका निकायहरु र विकासका साझेदार, गैरसरकारी क्षेत्र, नीजी क्षेत्र लगायत सबै निकायहरुबीच एकीकृत पहलको खाँचो रहनेछ । यसमा सबै पक्षको सक्रिय पहलकदमी रहने विश्वास गाउँपालिकाले लिएको छ ।

गाउँपालिकाका विषयगत क्षेत्रका विज्ञहरु भनेको यहाँ स्थित विषयगत शाखाका कर्मचारीहरु नै हुन् । यी विषयगत शाखाहरुको सहयोग र सहभागिताविना प्रस्तुत आवधिक गाउँ विकास योजनाले पूर्णता पाउन सक्दैनथ्यो । यसको तर्जुमाका क्रममा प्रारम्भिक चरणदेखि भएको योगदानका लागि गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा यसको कार्यान्वयनमा पनि सवैसँग प्रभावकारी समन्वय र सहकार्य हुने आशा लिइएको छ ।

अन्त्यमा, यस दस्तावेजलाई तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष योगदान गर्नुहुने निर्वाचित जनप्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न विषयगत शाखाका कर्मचारीहरु, गाउँपालिकाका कर्मचारीहरु, स्थानीय वुद्धिजिविहरु, नागरिक समाज, गैसस, विकास साझेदारका प्रतिनिधिहरु, निजी क्षेत्र, पत्रकारहरु र यस कार्यमा प्रत्यक्ष, परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघ संस्था तथा महानुभावहरु प्रति धन्यवाद प्रकट गर्न चान्हछु । योजना तर्जुमाका क्रममा जिल्ला, प्रदेश र संघिय सरकारका प्रतिनिधिहरुको सहयोग र समन्वयका लागि हार्दिक आभार प्रकट गर्दछु । यस आवधिक गाउँ विकास योजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गरी प्राविधिक सहयोग प्रदान गर्ने स्थानीय शासन विज्ञ डा. प्रताप छतकुली लगायतका टोलीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सन्च कुमार केरुङ

अध्यक्ष

फालेलुङ गाउँपालिका

*"फालेलुङ सम्बृद्धिको आधार,*
*कृषि, पर्यटन, जलस्रोत र भौतिक पूर्वाधार"*

# आवधिक रणनीतिक विकास योजना,फालेलुङ गाउँपालिका
## पांचथर
## (आ.व. २०७६/०७७–२०८०/०८१)

# बिषय–सूचि


**परिच्छेद १ः परिचय**

१.१ भूमिका ---------- १

१.२ आवधिक गाउँ विकास योजनाको औचित्य ---------- १

१.३ उद्देश्यहरु ---------- ३

१.४ आवधिक रणनीतिक विकास योजना तर्जुमाका विधि एवं तौरतरिकाहरु ---------- ३

१.५ अध्ययनका सीमाहरु ---------- ४

**परिच्छेद २: फालेलुङ विकासका समस्या तथा सम्भावनाहरु**

२.१ परिचय ---------- ५

२.२ विगतका योजनाको पुनरावलोकन एवं समीक्षा, स्थानीय विकासका सवल तथा सुधार गर्नुपर्ने पक्षहरु ------- ५

२.३ विगतका प्रयास तथा उपलव्धिहरु ---------- **५**

२.४ गाउँपालिकाका समस्याहरुको विश्लेषण ---------- ८

२.५ गाउँविकासको लागि उपलब्ध सम्भावनहरु ---------- ९

२.६ फालेलुङ गाउँ विकासका अवसरहरु ---------- १०

२.७ गाउँ विकासका प्राथमिकताहरु ---------- **११**

२.८ गाउँ विकासका प्रमुख सबाल तथा समस्याहरु ---------- ११

२.९ गाउँ विकासका चुनौतिहरु ---------- १२

**परिच्छेद ३ : गाउँ विकासको दीर्घकालिन सौंच तथा निर्देशक सिद्धान्तहरू**

३.१ गाउँ विकासको दीर्घकालिन सोच (Vision) ---------- १३

३.२ निर्देशक सिद्धान्तहरु ---------- १३

३.३ आवधिक गाउँ विकास योजनाको एकीकृत सोच तालिका ---------- १६

**परिच्छेद ४ : विषयगत सोंच तालिका**

४.१ विषयगत समूह : आर्थिक विकास ---------- **१७**

४.१.१ बिषयगत उपक्षेत्र : कृषि विकास ---------- **१७**

४.१.२ विषय उपक्षेत्र: पशु विकास ---------- २२

४.१.३ विषयगत उपक्षेत्रः  घरेलु तथा साना उद्योग ---------- २६
४.१.४ बिषय उपक्षेत्र : पर्यटन विकास ---------- २८
४.१.५ बिषय उपक्षेत्र : सहकारी विकास ---------- ३०
४.२ सामाजिक विकास ---------- ३१
४.२.१ विषय उपक्षेत्र : शिक्षा ---------- ३१
४.२.२ बिषय उपक्षेत्र : स्वास्थ्य सेवा ---------- ३७
४.२.३ बिषय उपक्षेत्र : महिला तथा वालवालिका ---------- ४१
४.२.४ विषय उपक्षेत्रः दलित, जनजाति तथा उत्पीडित वर्ग उत्थान ---------- ४४
४.२.५ विषय उपक्षेत्रः आदिवासी जनजाति विकास ---------- ४५
४.२.६ बिषय उपक्षेत्रः वाल अधिकार तथा वाल संरक्षण ---------- ४६
४.२.७ बिषय क्षेत्र : युवा तथा खेलकूद ---------- ४८
४.२.८ बिषयउपक्षेत्रः खानेपानी तथा सरसफाई ---------- ५०
४.३ भौतिक पूर्वाधार विकास ---------- ५३
४.३.१ विषयतग क्षेत्रः सडक तथा यातायत क्षेत्र ---------- ५५
४.३.२ विषयतग क्षेत्र : संचार ---------- ५६
४.३.३ बिषयगत क्षेत्र : विद्युत्त तथा उर्जा ---------- ५७
४.३.४ बिषयगत क्षेत्र : भवन तथा वस्ति विकास ---------- ५८
४.४ वन तथा वातावरण संरक्षण एवं विपद व्यवस्थापन ---------- ५८
४.४.१ बिषय उपक्षेत्र : वन विकास तथा वातावरण संरक्षण ---------- ५८
*४.४.२ बिषय उपक्षेत्रः विपद व्यवस्थापन* ---------- ६१
४.५ संस्थागत विकास ---------- ६२
**परिच्छेद ५: प्रमुख कार्यक्रम तथा बजेट** ---------- ६८
**परिच्छेद ६ः विषयगत कार्यनीतिहरू**
६.१ आर्थिक विकास क्षेत्रका कार्यनीतिहरु ---------- ९६
६.२ सामाजिक विकास क्षेत्रको कार्यनीतिहरु ---------- ९८
६.३ पूर्वाधार विकास क्षेत्रको कार्यनीतिहरु ---------- १००
६.४ वन तथा वातावरण क्षेत्रको कार्यनीतिहरु ---------- १००
६. ५ संस्थागत विकास तथा सुशासन सम्बन्धी कार्यनीतिहरु ---------- १०१
**परिच्छद ७ः अनुगमन तथा मूल्याङ्कन पद्धति** ---------- १०२

## अनुसूचिहरु

# FALELUNG RURAL MUNICIPALITY
## Land Cover




| S.N. | LANDCOVER | AREA Sq.km. | % |
|---|---|---|---|
| 1 | Cultivated Land | 68.12 | 32.9 |
| 2 | Forest | 125.88 | 60.8 |
| 3 | Grass Land | 8.31 | 4.0 |
| 4 | Shrub/Bushes | 3.61 | 1.7 |
| 5 | Sandy Area | 1.16 | 0.6 |
| 6 | Rock/Barren Land | 0.03 | 0.0 |
| 7 | Water Body | 0.01 | 0.0 |
| | Total: | 207.13 | 100.0 |






| S.N. | HEIGHT (METER) | AREA Sq.km. | % |
|---|---|---|---|
| 1 | 744 to 1500 M | 19.0 | 9.2 |
| 2 | 1500 to 2000 M | 55.3 | 26.7 |
| 3 | 2000 to 2500 M | 62.3 | 30.1 |
| 4 | 2500 to 3000 M | 51.7 | 25.0 |
| 5 | 3000 to 3580 M | 18.8 | 9.1 |
| | **Total:** | **207.1** | **100.0** |



FALELUNG RURAL MUNICIPALITY
River System
PANCHTHAR
N
Yangwarak GP
Hilihang GP
Phidim NP
ILAM
1
2
3
4
5
6
7
8
0
1
2
4
Kilometers


FALELUNG RURAL MUNICIPALITY
Road Network
PANCHTHAR
N
Yangwarak GP
Hilihang GP
Phidim NP
ILAM
1
2
3
4
5
6
7
8
Local Road
Main Trail
0 1 2 4
Kilometers




| S.N. | SLOPES (DEGREE) | AREA Sq.km. | % |
|---|---|---|---|
| 1 | Upto 5 Degree | 2.01 | 1.0 |
| 2 | 5 to 15 Degree | 9.76 | 4.7 |
| 3 | 15 to 30 Degree | 90.21 | 43.6 |
| 4 | 30 to 45 Degree | 99.44 | 48.0 |
| 5 | 45 to 56 Degree | 5.71 | 2.8 |
| | Total: | 207.13 | 100.0 |

# परिच्छेद १ः परिचय

## १.१ भूमिका

झण्डै छ दशक अगाडिदेखि सुरु भएको योजनाबद्ध विकास अन्तर्गत राष्ट्रियस्तरको पन्धौं आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आइरहेको छ । योजनाबद्ध विकास प्रक्रियाको अवलम्वन गर्नाले मात्र व्यवस्थित, जनकेन्द्रित, दिगो, प्रभावकारी र सन्तुलित विकासले मूर्त रुप पाउने विषयमा द्धिविधा छैन । विकासले समेट्नुपर्ने विभिन्न क्षेत्रहरु सामाजिक, आर्थिक, साँस्कृतिक विकासमा अपेक्षित उपलब्धि हासिल गर्न योजनाको उचित तर्जुमा र कार्यान्वयन आवश्यक हुन्छ । नेपाल संघिय गणतान्त्रीक प्रणालीमा प्रवेश गरि सकेको अवस्थामा तिन तहको सरकारको अवधारणा अनुरुप स्थानीय सरकार सञ्चालनको लागि संविधान प्रदत्त अधिकारको प्रयोग र कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई उक्त ऐनमा स्थानीय सरकारहरुले आफ्नो आवधिक, बार्षिक तथा रणनीतिक योजनाहरु बनाई लागू गर्दै जानुपर्ने प्रावधानको व्यवस्था गरेको छ ।

यसैपृष्ठभूमिमा फालेलुङ गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रको पूर्बाधार, आर्थिक, सामाजिक, वातावरणीय तथा संस्थागत विकास गर्ने हेतुले यो आवधिक गाउँ विकास योजना तर्जुमा गरेको छ । यसमा आन्तरिक तथा वाह्य लगानी समेतलाई समेटने तथा आकर्षित गर्ने नीति गाउँपालिकाले लिएको छ । नेपाल संघिय गणतान्त्रीक संरचनामा प्रवेश भइसकेको अवस्थामा संघ, प्रदेशको नीति योजना तथा कार्यक्रमसँग समेत सम्बन्ध राख्दै तत तत सरकारबाट लिइएका विकासका नवीनतम् अवधारणा (लैङ्गिक समता एवं समाजिक समावेशीकरण, वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, विपद् व्यवस्थापन समेत) लाई मूर्तरुप दिन पनि यस्ता योजनाको आवश्यकता रहेको छ । गाउँको व्यवस्थित विकासको यस अभ्यासले एकीकृत विकास प्रयासको प्रबर्द्धन भई विकासप्रतिको गाउँवासीको बढ्दो जनआकांक्षा पुरा गर्न योगदान पुग्ने विश्वास लिइएको छ । यस योजनाबाट राज्यका समसामयिक नीतिहरुलाई समेत समायोजना गर्दै स्थानीय सरकारको नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न, संस्थागत विकास गर्न, भौगोलिक समानताको प्रबर्द्धन गर्न तथा गाउँको समग्र विकासका लागि वित्तीय स्रोत साधनको परिचालन गर्न सहयोग पुग्ने विश्वास यस गाउँपालिकाले लिएको छ ।

## १.२ आवधिक गाउँ विकास योजनाको औचित्य :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले विभिन्न विषयक्षेत्रमा कार्य गर्ने काम, कर्तव्य र अधिकारको प्रावधान गरेको छ । यी यावत विषयमा योजनाबद्ध ढंगले गाउँको विकास गर्ने सन्दर्भमा सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गर्ने र गाउँमा विकास योजना तर्जुमा गर्ने, सञ्चालन गर्ने, अनुगमन र मुल्याङ्कन गर्ने समेत जिम्मेवारी गाउँपालिका वा स्थानीय सरकारलाई तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ योजना तथा कार्यान्वयनमा निम्न अनुसार कानुनी प्रावधानहरु समेत गरेको छ ।

दफा २४: योजना बनाई कार्यान्वयन गर्ने :

(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन,

विपद व्यवस्थापन लैङ्गिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

(३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) वमोजिमको योजना बनाउँदा देहायका बिषयलाई प्राथमिकता दिनुपर्नेछ :

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानिय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(४) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गर्नु पर्नेछ ।

(५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, बिषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालवालिका, दलित, युवा, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागितामा गर्नु पर्नेछ ।

(६) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ ।

(७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्ने प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

(८) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँग संयुक्त लगानी वा सार्वजानिक निजी साझेदारीमा कुनै योजना संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

(१०) गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्यांकनको कार्य गर्न सक्नेछ ।

यी सन्दर्भ तथा फालेलुङ गाउँपालिकाको समग्र योजनाबद्ध विकासका लागि फालेलुङ गाउँपालिकाको नेतृत्व र सरोकारवालाहरुको सहभागितामा प्रस्तुत आवधिक गाउँ विकास योजना (२०७६/७७ देखि २०८०/८१ सम्म) तर्जुमा गरी गाउँसभाबाट पारित गरिएको छ ।

## १.३ उद्देश्यहरु

### १) मुख्य उद्देश्य :

फालेलुङ गाउँपालिकाको समग्र विकास कार्यलाई सन्तुलित, समावेशी एवं नतिजामुखी बनाउन मार्गदर्शन प्रदान गर्नु यस आवधिक गाउँ विकास योजनाको मुख्य उद्देश्य रहेको छ ।

### २) विशिष्ट उद्देश्यहरु :

क) तथ्याङ्क तथा सूचनामा आधारित भई गाउँपालिका क्षेत्रका समस्या, सम्भावना एवं अवसरहरु पहिचान गर्नु,

ख) सरोकारवालाहरुको सहभागितामा गाउँपालिकाको दीर्घकालीन सोंच, निर्देशक सिद्धान्तहरु, लक्ष्य तथा उद्देश्य निर्धारण गर्नु,

ग) गाउँको समग्र विकासका लागि नतिजामा आधारित पञ्चवर्षीय विषयगत योजना (उद्देश्य, प्रतिफल, आयोजना/कार्यक्रम) र त्यसका लागि चाहिने वित्तीय स्रोतहरुको प्रक्षेपण गर्नु,

घ) आवधिक गाउँ विकास योजना कार्यान्वयनका लागि जिम्मेवारी तथा अनुगमन खाका निर्धारण गर्नु,

ङ) योजना कार्यान्वयनका लागि विषयगत रणनीतिक एवं कार्यनीतिहरु निर्धारण गर्नु, रहेका छन् ।

## १.४ आवधिक रणनीतिक विकास योजना तर्जुमाका विधि एवं तौरतरिकाहरु

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न अनुसारका विधि, तौरतरिका एवं प्रक्रियाहरु अवलम्बन गरिएको छ :

१. फालेलुङ गाउँपालिकाको विकासका लागि हालको निर्वाचित जनप्रतिनिधिको कार्यकाल पाँच बर्षलाई मध्यनजर राखी पाँचै बर्षको विकास योजना तथा कार्यक्रमहरुको रुपरेखा सम्बोधन हुने गरी बाकी अवधि ३ बर्ष सहित थप २ बर्ष गरी पाँचै बर्षको आवधिक गाउँ विकास योजना तर्जुमा गरिएको छ ।

२. गाउँपालिकाको आवधिक रणनीतिक विकास योजनालाई संघिय सरकार तथा प्रदेश सरकारले तर्जुमा गर्दै गरेको आवधिक गाउँ विकास योजना तथा दिगो विकास लक्ष्यको सूचकलाई तालमेल गराउन अधिकतम प्रयास गरिएको छ ।

३. यस आवधिक गाउँ विकास योजनालाई सहमतिको दस्तावेज बनाई सवैको स्वामित्व स्थापना गर्न यथासम्भव सवै सरोकारवालाहरुलाई सहभागी गराइएको छ ।

४. योजना तर्जुमाका प्रक्रियामा सवै सहभागीहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम पाँचवटा विषयगत समितिमा विभाजन गरी सहभागिता गराइएको छ । विषयगत समितिमा निर्धारण गरिएका विषयवस्तु पूर्ण सभामा प्रस्तुति, अन्तर्क्रिया एवं पृष्ठपोषण समावेश गरी अनुमोदन गरिएको छ ।

५. आवधिक गाउँ विकास योजना तर्जुमा गर्न अति आवश्यक तथ्याङ्कको अपरिहार्यतालाई विचार गरी यस फालेलुङ गाउँपालिकामा घरधुरी सर्भेक्षणको माध्यमबाट पारीवारिक लगत तयार गरीएको र गाउँपालिका भित्र रहेको विविध संस्था तथा प्राकृतिक र मानव निर्मीत पूर्बाधारको तथ्याङ्क संकलन गरिएको थियो ।

६. अपुग तथ्याङ्कहरुको सवालमा संघिय तथा प्रदेश स्तरको अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरुलाई आधार मानीएको थियो ।

यसरी प्रस्तुत फालेलुङ गाउँपालिकाको प्रस्तुत प्रथम आवधिक गाउँ विकास योजना तर्जुमामा विभिन्न तह र चरणमा समावेशी सहभागिता, सवै राजनीतिक दलको मार्गदर्शन र सहमति, विषयगत निकायहरुको

विशेषज्ञता तथा गैरसरकारी संस्था एवं नागरिक समाजको सहकार्यमा तयार गरिएको छ । यसले गाउँको विकासका लागि रणनीतिक दस्तावेजका रुपमा कार्य गर्ने भएको हुनाले यसको सफल कार्यान्वयनबाट गाउँका आर्थिक सामाजिक विकासका सूचकहरुमा व्यापक सुधार आउने विश्वास यस प्रक्रियामा सहभागी सवै पक्षको रहेको छ ।

## १.५ अध्ययनका सीमाहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेका प्रावधान अनुरुप स्थानीय सरकारहरुले आफ्नो क्षेत्रको अल्पकालिन तथा दिर्घकालिन रणनीतिक योजना तर्जुमा गर्न शुरु भए अनुरुप यस गाउँपालिकाले पनि आफ्नो क्षेत्रको आवधिक गाउँ विकास योजना तर्जुमा गरेको छ । यो आवधिक गाउँ विकास योजना गाउँपालिकाको निर्णयानुसार आगामी पाँच वर्षका लागि तर्जुमा गरिएको छ । जस अनुसार योजनाको आधार वर्ष आ.व.२०७४/०७५ र लक्षित वर्ष आव २०८०/०८१ लाई निर्धारण गरिएको छ । तथापि, योजना तर्जुमाका सिलसिलामा आवश्यक पर्ने द्वितीय स्रोतका (Secondry Source) तथ्याङ्कहरु अघिल्लो आर्थिक वर्षको पूर्ण तथ्यांक हुने भएकाले त्यसैलाई विश्लेषणको आधारका रुपमा लिइएको छ । कतिपय अवस्थामा विगत वर्षका तथ्याङ्कहरुलाई प्रवृत्तिका रुपमा विश्लेषण गरी सोको आधारमा आ.व. २०७४/७५ लाई नै आधार वर्षको रुपमा तय गरिएको छ । यसै बर्षमा (२०७५) घरधुरी सर्भेक्षण मार्फत प्राप्त खण्डीकृत तथा समावेशीकरण झल्काउने सूचनाहरुलाई यो योजना तर्जुमा गर्ने प्रक्रियामा आधार लिइएको थियो । त्यसका अलावा अन्य विविध जिल्ला स्तरीय सूचनाहरुलाई गाउँपालिका तहमा विश्लेषण गरी सोही अनुसार योजना तर्जुमा गरिएको छ ।

यसैगरी लक्ष्य तथा उद्देश्य निर्धारण गर्न आवश्यक कतिपय सूचकहरु गाउँपालिका स्तरका लागि उपलब्ध नभएको हुनाले परोक्ष (Proxy) सूचकहरु प्रयोग गरिएका छन् । समग्र गाउँविकासका लागि तयार गरिने आवधिक गाउँ विकास योजना तर्जुमाका समयमा जिल्लामा रहेका संघिय कार्यालयहरुको सहभागिता हुन सकेन । यसबाट तत तत् निकायले सञ्चालन गर्ने योजना/कार्यक्रमलाई उपयुक्त ढंगले सम्बोधन गर्न सकिएन ।

# परिच्छेद २: फालेलुङ विकासका समस्या तथा सम्भावनाहरु

## २.१ परिचय

पाँचथर जिल्लाका अन्य स्थानीय तहका जस्तै फालेलुङ गाउँपालिकाको पनि विकासका विशिष्ट अवसर तथा चुनौतिहरु सँगै रहेका छन् । यो गाउँपालिकाका विभिन्न स्थानमा मध्यमस्तरका पहाड, चट्टान, नदीनाला र रमणीय भूभाग रहेको छ । गाउँपालिकाका विभिन्न गाउँ टोलहरु प्राकृतिक दृष्टिकोणबाट रमणीय तथा विविध भाषा र संस्कृति बोकेका छन् । यस गाउँपालिका कृषि पर्यटनको लागि पनि त्यतिकै सम्भाव्य देखिन्छ, जहाँ विभिन्न प्रकारका तरकारी तथा फलफुलको लागि उपयुक्त देखिन्छ । सामाजिक हिसाबले पनि यस गाउँपालिका जनजातिको बाहुल्य भएको हुनाले यहाँको सस्कृति अति नै धनी देखिन्छ । त्यसैले गाउँको सामाजिक, आर्थिक तथा साँस्कृतिक विकासको अवस्थालाई एकिकृत गर्दै सम्बृद्ध फालेलुङ निर्माण गर्न सकिने प्रवल सम्भावना रहेको छ । पूर्वाधारको हिसावले यस गाउँपालिकामा राष्ट्यि मार्ग (फिदीम ताप्लेजुङ सडकमार्ग) नजिक परेकोले तुलानात्मक रुपमा यातायातको राम्रो सुविधा रहेको भन्न सकिन्छ ।

## २.२ विगतका योजनाको पुनरावलोकन एवं समीक्षा, स्थानीय विकासका सवल तथा सुधार गर्नुपर्ने पक्षहरु

नेपाल संघिय गणतान्त्रीक प्रणालीमा परिणत भए पश्चात बनेको स्थानीय तहबाट (जसलाई स्थानीय सरकार पनि भनिन्छ) हालसम्म उल्लेखनीय रुपमा कार्यक्रम तथा योजना तर्जुमा गर्न नसकेतापनि विगतकै संरचनाबाट भएका विविध विकास कार्यक्रमलाई निरन्तरता दिदै स्थानीय सरकारको सेवालाई अझ विस्तृत र नतिजामूखि बनाउने कार्यमा क्रियासिल रहेको छ । नया संरचना अनुसार निर्वाचन भएर दुइ बर्षको नजीक आइपुगेतापनि कतिपय कार्यहरु संघिय सरकारबाट पुरा हुनुपर्ने सो नभएबाट आसातित उपलब्धीहरु अझै हासिल गर्न सकिराखेको अवस्था देखिदैन । तथापी स्थानीय सरकारको भावना र लक्ष्य अनुसार यस फालेलुङ गाउँपालिकाले आफ्नो कार्यलाई निरन्तरता दिइरहेको र लक्ष्य पुरा गर्न क्रियासिल रहेको छ ।

अझैपनि पालिकाको केही भाग यातायातको दृष्टिकोणबाट विकट छ, न्यून शैक्षिकस्तर, र समग्र रुपमा स्थानीय सरकारको पहुँच पनि आशातित रुपमा बढन सकेको अवस्था छैन फलस्वरुप अनुमान वा दवावको आधारमा योजना छनौट गर्ने, नतिजामुखि नभइ प्रभावमुखि हुने परिपाटीमा भने कमि आउन सकेको पाइदैन । स्थानीय तहमा प्राप्त बजेट समयमा नै खर्च गर्न नसक्नु, योजना संख्या बढदै जानु, क्रमागत योजनाको संख्या बढ्दै जानु, सूचनामा आधारित भई योजनाको प्राथमिकीकरण हुन नसक्नु जस्ता कमी कमजोरी अझै विद्यमान छन । गाउँ विकासका योजनाहरुको प्रभावकारी कार्यान्वयन तथा सम्पादनमा समयसापेक्ष रुपमा नतिजा हासिल गर्न सकिराखेको अवस्था देखिदैन । धुले र कच्ची सडकको निर्माणमा सालिन्दा बृद्धि भइदिदा, गाउँपालिकाको उल्लेखनीय स्रोत साधन त्यसैमा सकिने र सडकहरुको स्तर उन्नती गर्न पनि समस्या देखिएको छ । अर्को तर्फ बसाइसराइ दर पनि रोक्ने कुनै उल्लेखनीय वा आकर्षित कार्यक्रम स्थानीय सरकारबाट प्रस्तुत गर्न सकिरहेको अवस्था देखिदैन् । यसबाट भविश्यमा यस गाउँपालिकाका थुप्रै जग्गा जमिनहरु बाझो रहने अवस्था देखिन्छ ।

यस गाउँपालिका र साविकका गाविसका पदाधिकारीहरुको अनुभव सुन्दा योजना तर्जुमाका साथै कार्यान्वयनका क्रममा उपभोक्ता समितिको प्रभावकारितामा अभिबृद्धि गर्न अझै थप क्षमता विकासका कार्य गर्नुपर्ने आवश्यकता महशुस भएको छ । जिल्ला, प्रदेश र संघसँग आवद्ध सरकारी तथा गैह्र सरकारी निकायहरुसँगको आपसी समन्वयमा अझै व्यवस्थित गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । योजना अनुगमन तथा मूल्यांकन कार्यलाई नतिजामा आधारित बनाई अगाडि बढ्नुपर्ने आवश्यक छ । गाउँपालिकाको कार्यप्रणाली, संगठन, संरचना तथा कार्यकुशलतामा व्यापक सुधार नगर्दासम्म र संघिय सरकारबाट आउनुपर्ने कर्मचारी तथा आवश्यक नीति नियम, स्रोत साधन उपलब्ध नहुँदा सम्म गाउँपालिकाको विकासको कामले तत्काल गति लिन सक्ने अवस्था देखिदैन ।

नयाँ संरचनामा रुपान्तरित भएको स्थानीय सरकारको क्षमतासँग तत्काल पुनरावलोकन एवं समिक्षा गर्ने बिषयवस्तु भने रहेको छैन । स्थानीय सरकारको स्थापना भएपश्चात स्थानीय सरकारको रुपमा गरिनुपर्ने

कार्यहरु भर्खरमात्र शुरु भएका छन् । जसमा यो आवधिक गाउँ विकास योजना तर्जुमा गर्नु पनि एक महत्वपूर्ण बिषय हो । यो योजना तर्जुमा गर्दा औल्याइएका विकासका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरुलाई तलको विश्लेषणमा क्रमिक रुपमा प्रस्तुत गरिएको छ ।

## २.३ विगतका प्रयास तथा उपलव्धिहरु

नयाँ संरचना अनुसार हालसम्म स्थानीय, प्रदेश वा संघिय सरकारबाट कुनै अध्ययन अनुसन्धान गरी सो अनुसारको सूचकहरु स्थानीय सरकारको तहमा प्रकासित गरेको पाइदैन । गाउँपालिकाले सञ्चालन गरेको घरधुरी सर्भेक्षण र राष्ट्रिय योजना आयोगले प्रकासित गरेका विभिन्न अध्ययन अनुसन्धानबाट प्राप्त विकासका सूचक तथा तथ्यांकहरुको आधारमा गाउँपालिका स्तरको तुलनात्मक स्थिति विवरण प्रस्तुत गरिएको छ ।

**गाउँपालिकामा संस्थागत स्रोत, क्षमता विकास तथा सुशासन अभिवृद्धिका क्षेत्रमा भएका उपलब्धिहरु :**

| प्रमुख सूचकहरु | हाल सम्मको उपलब्धि | सुधार गर्नुपर्ने पक्षहरु | मुख्य चुनौतिहरु |
|---|---|---|---|
| सूचना अधिकारी | तोकिएको | * सवै शाखा तथा कार्यक्रमहरुले सूचना अधिकारीलाई आवश्यक सूचना उपलब्ध गराउनु पर्ने<br>* सूचनाको बिस्तृत बिवरण समेत उपलब्ध गराउनु पर्ने<br>* सूचना सत्य तथ्यमा आधारित, पुर्ण र स्पस्टहुनु पर्ने ।<br>* सूचना अद्यावधिक हुनुपर्ने | * अद्यावधिक नहुनु<br>* नियमित सूचना आदान प्रदानको नहुनु<br>* कार्यभार बढी तथा सहयोगी नभएको<br>* अभिलेख ब्यवस्थित नहुनु |
| गुनासो व्यवस्थापन | तोकिएको | * गुनासोको लगबुक तथा गुनासोपेटिका राखी नियमित खोलिनु पर्ने र प्राप्त सूचनालाई समयमा सुनुवाई गरिनु पर्ने | * समय सन्दर्भ अनुसार गुनासोको पहिचन तथा निदान नहुनु |
| सार्वजनिक परीक्षण | अभ्यास रहेको | * तोकिएको मापदण्ड अनुसार गरिनु पर्ने<br>* प्रयाप्त सूचना सम्प्रेषण गरिनुपर्ने | * प्राय योजनामा सूचना पाटीको ब्यवस्था नहुनु |
| सार्वजनिक सुनुवाई | चौमासिक रुपमा हुने गरेको | * Exit pole, citizen report card को प्रयोग हुनु पर्ने | * मानव संसाधन तथा बजेटको अपर्याप्तता |
| सामाजिक परीक्षण | सोचाइ रहेको तर कार्यान्वयनमा नआएको | * निर्देशिका तयार गरी सबैमा लागु गरिनु पर्ने | * जनशक्तिको ब्यवस्थापन तथा परिचालन |
| नागरिक वडा पत्र र अद्यावधिक | भएको | * अद्यावधिक गर्नुपर्ने | * आफ्नो भवन नहुनु र सुरक्षाको समस्या |
| परियोजना लगानी तालिका (PFM) तयारी | केही योजनामा मात्र थालनी गरिएको | * सबैमा लागु गरिनु पर्ने | * दक्ष जनशक्तिको कमी |
| खरिद योजना तयारी | नभएको | * कार्यान्वयनमा प्रभावकारिता | * जनशक्तिको अभाव |
| लक्षित वर्गमा बजेट विनियोजन स्थिति | बिनियोजन भएको | * लक्षित बर्ग केन्द्रित कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नु | * प्रभावकारी कार्यक्रमको माग तथा संचालन नहुनु |

| प्रमुख सूचकहरु | हाल सम्मको उपलब्धि | सुधार गर्नुपर्ने पक्षहरु | मुख्य चुनौतिहरु |
|---|---|---|---|
| | | पर्ने | |
| लैंगिक उत्तरदायी बजेट निर्माण | नभएको | * लैंगिक उत्तरदायी बजेट तर्जुमा गर्नुपर्ने | * कमजोर क्षमता |
| योजना तर्जुमा पूर्व बालभेला | प्रारम्भिक रुपमा सुरुवात भएको | * बाल भेलाको माग अनुसार बजेट बिनियोजन गर्नुपर्ने | * बजेट सिमित भएको |
| गाउँ यातायात गुरुयोजना | नभएको | * बजेट तथा संस्थागत क्षमतामा वृद्धि गर्नु पर्ने | * जनशक्तिको अभाव |
| विपद व्यवस्थापन ( योजना, कोष) | प्रक्रियामा रहेको | * गुरु योजना निर्माणका लागि समिति गठन गरि कार्यान्वयन गर्नु पर्ने | * संचालन निर्देशिकालाई अध्यावधिक गरिनु पर्ने |
| अनुगमन समितिको सक्रियता | सक्रिय | * सूचकमा आधारित अनुगमन गर्नुपर्ने<br>* क्षमता अभिबृद्धि तथा नियमित गर्नुपर्ने | * नियमितता नहुनु |
| योजना अनुगमन तथा सहजीकरण समिति गठन र सक्रियता | उपाध्यक्षको संयोजकत्वमा गठन भएको | * क्षमता विकास गर्नुपर्ने<br>* सक्रियता बढाउनुपर्ने | * प्रभावकारी कार्यान्वयनको अभाव |
| उपभोक्ता समितिमा समावेशीकरण | भएको | * अर्थपूर्ण सहभागिता र प्रभावकारी बनाउनु पर्ने | * टाठावाठाको वोलवाला |
| गाउँपालिकाको क्षमता<br>– जिआइएस<br>– लेखा सफ्टवेयर<br>– Web-based Reporting<br>– अन्य | <br>नभएको<br>छ<br>छैन | * लेखा सफ्टवेयर संचालन क्षमता अभिबृद्धि गर्नु पर्ने ।<br>* थप विषयगत क्षेत्रमा तालिम दिनुपर्ने ।<br>* प्रतिवेदन प्रणालीलाई व्यवस्थीत गरिनुपर्ने | * दक्ष जनशक्तिको कमी |
| कर्मचारी पूर्ति संख्या | | * अपुग संख्यामा पदपूर्ति गर्नुपर्ने, दोहोरो कार्यबोझ हटाउनु पर्ने | * सरुवा भइरहने, समयमा पदपुर्ती नहुनु |
| वडा सचिव क्षमता<br>– सहभागितामूलक योजना तर्जुमा<br>– अनुगमन प्रभावकारिता<br>– जवाफदेहिता अभिवृद्धि | <br>न्युन क्षमता<br>पूर्णरुपमा कार्यान्वयन गर्न नसकिएको | * समसामयिक विषयमा नियमित क्षमता विकास तथा पुनर्ताजगी गरिनु पर्ने । | * औजार उपकरणको कमी<br>* दक्षजनशक्तिको कमी<br>* अनुगमन नहुनु<br>* जवाफदेहिता अभिवृद्धि सम्वन्धी जनचेतनाको कमी |
| गाउँपालिका तथा वडा कार्यालय भवन | गाउँपालिका भवन (निर्माणको चरणमा | * सबै वडाको पक्की भवन बनाउनु पर्ने | * बजेट व्यवस्थापन |

| प्रमुख सूचकहरु | हाल सम्मको उपलब्धि | सुधार गर्नुपर्ने पक्षहरु | मुख्य चुनौतिहरु |
|---|---|---|---|
| संख्या (कच्ची, पक्की) | रहेको) वार्ड कार्यालय ६ वटा मध्ये ५ वटा रहेको | | |
| वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन | आंशिक रुपमा प्रारम्भ भएको | * पूर्ण कार्यान्वयनमा ल्याउनु पर्ने | * बजेटको कमी, विषयगत विज्ञताको कमी |
| वालमैत्री स्थानीय शासन | अभिमुखीकरण गर्न शुरु गरिएको | * सवै वडामा पुऱ्याउनु पर्ने<br>* वालमैत्री गाउँपालिका घोषणा गर्न पहल गर्नुपर्ने | * चेतनाको कमी<br>* दक्ष जनशक्तिको कमी<br>* प्राथमिकतामा नपर्नु |
| खुला दिशामुक्त घोषणा | भएको | * पूर्ण सरसफाइ पालिका बनाउने तर्फ उन्मुख हुनुपर्ने | * जनचेतनाको कमी |
| छुवाछुत, भेदभाव मुक्त | सुधारोन्मुख रहेको | * सचेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने | * परम्परागत संस्कृति |
| घरभित्रको धुवामुक्त पालिका | घोषणा नभएको कार्यक्रम सञ्चालन भैरहेको | * वैकल्पिक ऊर्जा प्रवर्द्धनमा जोड दिनुपर्ने | * जनचेतना, बजेट, पूर्वाधारको कमी |
| पूर्ण खोपयुक्त पालिका घोषणा | नभएको | * अभियान सञ्चालन गर्नुपर्ने | * खोपको उचित व्यवस्थापन |
| पूर्ण साक्षर पालिका | नभएको | * पूर्ण साक्षर अभियान चलाउनु पर्ने, नियमित अनुगमन र व्यवस्थापन हुनुपर्ने | * प्रभावकारीताको कमी |
| बजेटमा आन्तरिक स्रोतको हिस्सा | बढाउन प्रयासरत | * गाउँपालिकाको राजश्वका स्रोत पहिचान र परिचालन गर्नुपर्ने | * उचित पहल र परिचालनको कमी |
| सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने<br>– जेष्ठ नागरिक<br>– एकल महिला<br>– वाल पोषण भत्ता<br>– अशक्त<br>– अपाङ्गता | | * तथ्यांक नियमित अद्यावधिक गरिनु पर्ने | * अनुगमन, मूल्यांकन तथा प्रतिवेदन कार्यान्वयन |

## २.४ गाउँपालिकाका समस्याहरुको विश्लेषण

जनजिवनलाई सहजता ल्याउन सकिने बिषयवस्तुहरु जस्तै : सडक, खानेपानी, सिंचाई, विद्युत, पुल पुलेसा, भवन आदी जस्ता विकासका पूर्वाधार निर्माण गर्न नसक्नाले नागरिकलाई समस्या परिरहेको हुन्छ नेपालको परिप्रेक्षमा यस्ता समस्याहरु प्राथमिक समस्याहरु हुन । त्यसैले वर्तमानमा विद्यमान भएको अवस्था वा देखा परेको समस्यालाई विश्लेषण गरि भावी उपाय वा समाधान खोजीन्छ । यदि समस्याको उचित विश्लेषण हुन सकेन भने त्यसको ठोस समाधान हुन सक्दैन । सहभागितामूलक विधिबाट पहिचान गरिएका फालेलुङ गाउँपालिकाको

आवधिक गाउँ विकास योजनाले सम्बोधन गर्नुपर्ने समस्याहरु विश्लेषण गरिएका छन् । यहाँका मुख्य समस्याहरु विषयगत रुपमा अनुसूची २ मा रहेको छ ।

## २.५ गाउँविकासको लागि उपलब्ध सम्भावनहरु

उच्च पहाडी भूभाग, वसाइसराइको उच्च दर तथा विकट भौगोलिक वनावटको कारणले फालेलुङ गाउँपालिकामा खाद्यवालीको संम्भावना भन्दा अन्य नगदे वालीको सम्भावना बढी देखिन्छ । स्थानविशेषत केही क्षेत्रमा जिविकोपार्जनको लागि खाद्य वालीको उत्पादन हुने सम्भावना रहेतापनि समग्र गाउँमा खाद्यान्न वाली उत्पादनलाई ब्यवसायीकता दिन भने कठिन नै देखिन्छ । यसको अलावा गाउँमा अलैचि, चिया, अम्रिसो, अदुवा र फलफुल तथा जडिबुटी उत्पादनको भने प्रयाप्त सम्भावना रहेको छ । साथै गाउँपालिका क्षेत्र भएर वहने हेवा खोला लगायतका साना खोलामा जलविद्युतबाट उल्लेखनीय फाइदा लिन सकिने देखिन्छ । गाउँमा विकासको संम्भावनालाई देहाय वमोजिम विशिष्टिकरण गर्न सकिन्छ ।

### क. जडिबुटीको विकास

गाउँमा जडिबुटीलाई ब्यवसायीकरण गर्न सकिएमा गाउँवासीको आर्थिक विकासमा मनग्य फाइदा लिन सकिने अवस्था रहेको पाइन्छ । उच्च पहाडी भूभाग भएको र जडिबुटी उत्पादनको लागि हावा पानी अनुकुल भएकोले गाउँमा जडिबुटी उत्पादनलाई अभियानको रुपमा लैजान सकेमा यसले गाउँ वासीको आयआर्जनमा उल्लेखनिय रुपमा टेवा दिन सक्ने देखिन्छ ।

### ख. भेडा च्याङग्रा, बाखा तथा चौरी पालन

चिसो हावापानी भएका माथिल्लो भूभागमा पशु पालनको लागि प्रवल सम्भावना रहेको र गाउँको तल्लो तटीय भूभागमा बाखा पालनको लागि उपयुक्त हुने हावापानी रहेको पाइन्छ, यस्ता क्षेत्रमा विविध पशुपालनको लागि सम्भावना रहेको देखिन्छ । गाइ पालनको लागि सम्भाव्य देखिएता पनि गाउँका किसानहरु अझै त्यसतर्फ परिचालित हुन सकेको अवस्था भने देखिदैन । गाउँमा पशुपालनको विकासको लागि पकेट क्षेत्र बनाई सोही वमोजिम कार्यक्रम संचालन गर्न सकेमा थप आर्थिक अभिबृद्धि हुने देखिन्छ ।

### ग. परम्परागत सिप र प्रविधिको विकास तथा विस्तार

गाउँ स्थानीय सिप र प्रविधिको विकास तथा विस्तार गर्न सकेमा गाउँ विकासमा योगदान हुने देखिन्छ । गाउँको जातजाती, भाषा, धर्म, सँस्कृति र भौगोलिक क्षेत्र अनुसार गाउँबासीहरुमा स्थानीय तथा परम्परागत ज्ञान, सीप, र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ । उक्त ज्ञान, सीप र प्रविधिहरु समयानुसार परिमार्जन हुँदै समेत आएका छन् । त्यसैगरी कृषि, व्यवसाय, वन, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा विभिन्न निकायहरुबाट नागरिकहरुमा ज्ञान तथा सीपको हस्तान्तरण हुँदै आएको छ । उक्त सीप तथा प्रविधि हस्तान्तरण कार्यक्रमबाट वस्तु तथा सेवा उत्पादन गर्ने वातावरण निर्माण भएको छ । हाल गाउँमा विकासको माध्यमबाट पूर्वाधार, यातायात, संचार सेवा र सुविधा तथा सूचना प्रविधि सुविधाको बढोत्तरी र विस्तारले स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधि परिचालन र बृद्धि समेतमा सहयोग पुग्ने अपेक्षा लिइएकोछ ।

### घ. वैकिङ तथा सहकारी विकास

केही विकट क्षेत्र भएतापनि यस गाउँपालिकाम स्थानीय उत्पादन, व्यापारिक तथा बजारको हिसावले संभावनायुक्त भएको हुँदा सहकारी तथा वैकिङ्ग क्षेत्रको विकास र विस्तार गर्न सकिने संभावना रहेको छ । छरिएर रहेको पूँजिलाई सहकारी र वैकिङ्गको माध्यमबाट एकीकृत गरी, लघु तथा घरेलु, उद्योगहरुमा परिचालन गर्न सकिने प्रशस्त संभावना रहेको छ । विभिन्न किसिमका आर्थिक तथा सामाजिक र पूर्वाधार विकास सम्बन्धी कार्यहरुको

बृद्धि र विकासले वैकिङ्ग तथा सहकारी विकासको संभावनामा बृद्धि गरेकोछ । गाउँमा बढदै गएको यस्ता विकासको गतिविधिले वैकिङ तथा सहकारी विकासमा अभिबृद्धि हुँदै आएको पाइन्छ ।

### ङ. प्राविधिक जनशक्तिको विकास तथा परिचालन

प्राविधिक शिक्षालयबाट गाउँको जनशक्तिलाई थप ज्ञान र सिप दिलाउन सकिएमा फालेलुङ गाउँपालिकालाई आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई अन्य पालिकाको आर्थिक विकासमा समेत थप योगदान पुग्ने देखिन्छ । यसबाट गाउँमा हुने आर्थिक कारोवारमा बृद्धि भई विभिन्न क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिहरु बढने सम्भावना देखिन्छ ।

### च. जलविद्युत तथा जलश्रोतको बहुक्षेत्रगत विकास

यस गाउँपालिका भएर वहने, मुवा खोला र हेवा खोलाबाट उल्लेखनीय मात्रामा जलविद्युत्त निकाल्न सकिने प्रवल सम्भावना रहेको हुँदा यसको उत्पादन पश्चात गाउँमा थप नया रोजगारी र आर्थिक विकासका नयाँ क्षेत्रहरुको ढोका खुल्न सक्ने देखिन्छ । यसको विकासबाट गाउँमा आवश्यक विद्युत्तको आपूर्ति भइ थप निकासी गर्न सकिने भएकोले गाउँको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनिय योगदान हुने देखिन्छ ।

### छ. वन व्यवस्थापन मार्फत वातावरण सेवा भुक्तानी तथा वन पैदावरको निकासी

गाउँको उल्लेखनीय भूभाग वन जंगलले ढाकेको यस गाउँपालिकामा वनको वैज्ञानिक तथा दिगो व्यवस्थापन गरी वनमा आश्रित उपभोक्ता तथा समुदायलाई यसको उपयोग गर्ने संस्था तथा कम्पनी र राज्यले कार्वन सिक्वेष्ट्रशन तथा संचिती गरी श्रोत तथा वातावरण संरक्षणमा योगदान गरे वापत वातावरणीय सेवा भुक्तानीको प्रशस्त संभावना रहेकोछ । यसको अलावा गाउँमा प्रशस्त मात्रामा जडिबुटीको सम्भावना रहेको हुँदा त्यसको विकास र विस्तार गरी गाउँवासी आर्थिक उपार्जन गर्न सक्ने प्रयाप्त सम्भावना देखिन्छ ।

## २.६ फालेलुङ गाउँ विकासका अवसरहरु

सहभागितात्मक रुपमा गाउँका सम्पूर्ण सरोकार वर्ग, निकाय तथा संघ सस्थाको सहभागितामा भएको छलफल, विगतका प्रयास र उपलब्धीहरुको समीक्षा तथा वस्तुस्थिति विवरणबाट पहिचान भएका गाउँ विकासका अवसरहरुलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ । यी अवसरहरु गाउँको सामान्यरुपमा प्रस्तुत गरिएको अवधारणा मात्र हुन यसको अलावा थप नयाँ अवसर पनि हुन सक्दछन त्यसलाई पनि यस आवधिक गाउँ विकास योजनाले अवसरको रुपमा लिन कुनै वाधा पार्ने छैन ।

### क. कन्चनजंगा र कुम्भकर्ण हिमाल दृर्ष्यावलोकन स्थल हुनु

यस गाउँपालिकाको वाड न. ४ को फालोट फालेलुङ, ५ र ६ को सन्दकपुर जस्ता स्थानबाट कन्चनजंगा र कुम्भकर्ण हिमाल दृर्ष्यावलोकन गर्न भारतबाट हजारौको संख्यामा पर्यटक आउने स्थल रहेको तथा अन्य विभिन्न स्थल जस्तै छिन्तापुर डाडा (दृष्यावलोकन), पानामा झरना (वाड ३), मुवा झरना (वडा ५ र ६) रहेका छन जस्ले पर्यटन विकासको प्रवल सम्भावना वोकेको पाइन्छ ।

### ख. दक्ष जनशक्ति उत्पादन र परिचालनमा क्रियाशिल हुनु

यस गाउँपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण गाउँका उत्पादनशिल जनशक्ती विशेष गरी ठूलो संख्यामा युवाहरु विदेश तथा शहर पलायन हुने गरेका छन । यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्याधिक माग रहेकोछ । तसर्थ गाउँमा कार्यरत सरकारी, गैर सरकारी र नीजि क्षेत्रको लगानी तथा साझेदारीमा गाउँका मानविय शक्तिलाई दक्ष र सिपालु बनाई गाउँको विकासमा योगदान दिइ उच्च आर्थिक विकास गर्ने सम्भावना देखिन्छ ।

### ङ. कृषिमा उन्नत प्रविधिको प्रयोग

गाउँ खाद्य उत्पादनको अपेक्षाकृत सम्भावना नभएतापनि कृषिका अन्य उत्पादनमा व्यवसायीकरण तथा बजारीकरणबाट गाउँ विकासमा फड्को मार्न उच्च संभावना छ । सूचना तथा संचार प्रविधिमा आएको आमूल परिवर्तनसँग कृषि प्रविधि उपयोग गरी गाउँको आर्थिक विकासको गतिलाई तिब्रता दिन सकिन्छ । खास गरी गाउँमा बढी सम्भावनाको रुपमा देखिएको अलैची, अमरिसो, अदुवा र विभिन्न जडिबुटी उत्पादनलाई वजारीकरण मार्फत आर्थिक विकासँग जोडन सकिन्छ ।

### च. संस्थागत क्षमता तथा सुशासन अभिबृद्धि

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । नेपालको समग्र विकास प्रक्रियामा जस्तै यस गाउँको विकास प्रक्रियामा संस्थागत विकास श्रोत परिचालन र सुशासन सम्बन्धी समस्याहरु विद्यमान रहेका छन् । फलस्वरुप विकास कार्यहरु परिमाणमुखी र प्रभावकारी नहुन सक्छ । यस सम्बन्धी उपलब्ध कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गरी गाउँ विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारीता हासिल गर्न संभव हुनेछ ।

## २.७ गाउँ विकासका प्राथमिकताहरु

फालेलुङको आवधिक गाउँ विकास योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुका आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरिएअनुसारका बिषयक्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गरिएको छ । यी प्राथमिकताका आधारमा गाउँपालिकाले आयोजना छनौट, लगानी बृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

१. सडक तथा यातायात
२. कृषि तथा पशु विकास
३. शिक्षा
४. स्वास्थ्य
५. खानेपानी तथा सरसफाई
६. ऊर्जा
७. वन तथा जडिवुटी
८. पर्यटन
९. संचार
१० वस्ती विकास
११ खेलकूद
१२ धार्मिक, सांस्कृतिक विकास

## २.८ गाउँ विकासका प्रमुख सबाल तथा समस्याहरु

फालेलुङ गाउँपालिकाको सम्पूर्ण भूभाग पहाडी क्षेत्रमा पर्ने हुनाले नेपालका अन्य उच्च पहाडी भूभाग जस्तै यसका समस्या तथा सबालहरु मिल्दाजुल्दा रहेकाछन् । संघीय लोकतान्त्रीक गणतान्त्रीक परिवर्तन पश्चात गाउँपालिकाको जिम्मामा आर्थिक तथा सामाजिक विकास लगायत उद्योग, वाणिज्य, संस्थागत विकास, स्थानीय शासन र उत्तरदायित्व, शान्ति सुरक्षा आदि विभिन्न क्षेत्रमा प्राप्त जिम्मेवारी सहित त्यसलाई वस्तुगत रुपमा सञ्चालन गर्न विविध समस्याहरु रहेको छ । बुँदागत रुपमा यस पालिकामा देखिएका मुख्य समस्या तथा सवालहरु देहाय वमोजिम प्रस्तुत गरीएको छ ।

क. गरिबी, वेरोजगारी र असमानता

ख. सेवा सुविधामा न्यून पहुँच र उपलब्धता

ग. उपलब्ध प्राकृतिक श्रोत साधनको न्यून उपयोग

घ. भू-उपयोग तथा दीर्घकालिन र व्यवहारिक योजनाको अभाव

ङ. न्यून सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास

च. गाउँको न्यून श्रोत परिचालन क्षमता

छ. कमजोर संस्थागत क्षमता तथा कार्यदक्षता

ज. नयाँ पीडिको कृषि पेशाप्रति उदासिनता

झ. भिरालो भुगोल तथा छरिएर रहेका वस्तिहरु

ञ. वसाइसराई र वैदेशिक रोजगारीका लागि युवाहरु विदेशिने क्रममा वृद्धि हुनु

## २.९ गाउँ विकासका चुनौतिहरु

गाउँ विकासको चुनौतिलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ।

क. समग्र विकासलाई सम्बोधन गर्ने अनुकुल नीति नियम नहुनु

ख. जलवायू परिवर्तनको प्रभाव बढ्नु

ग. भौगोलिक विकटता हुनु तथा राज्यबाट विशेष ध्यान नदिनु

ङ. आन्तरिक रोजगारी सृजना गर्न नसक्नु तथा युवा शक्ति पलायन हुनु

च. राज्यबाट विकासको प्राथमिकता निर्धारण गर्न नसक्नु र श्रोत साधन उपलब्ध गराउन नसक्नु

# परिच्छेद ३ : गाउँ विकासको दीर्घकालिन सोँच तथा निर्देशक सिद्धान्तहरू

## ३.१ गाउँ विकासको दीर्घकालिन सोच (Vision)

प्रस्तुत आवधिक योजनालाई फालेलुङ गाउँपालिकाको अपेक्षित विकासले कता डोऱ्याउने हो, तद्नुकुलको दीर्घकालीन सोंच निर्धारण गर्नुपर्ने हुन्छ । दीर्घकालीन सोंच सामान्यतः आवधिक योजना अवधिभित्र मात्र प्राप्त हुने अवस्था नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रुपमा निर्धारण गर्ने मान्यता अनुसार फालेलुङ गाउँपालिकाको दीर्घकालीन सोंच तय भएको छ । गाउँपालिकाको दीर्घकालीन सोंच निर्धारण गर्दा गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत शाखाका कर्मचारीहरु, गैसस तथा निजीक्षेत्र, नागरिक समाज/संस्थाका प्रतिनिधिहरु लगायत सरोकारवालाहरुको सहभागिता र आम समहतिका आधारमा सकेसम्म गाउँपालिकाको समष्टिगत पक्षलाई झल्काउने गरी तय गरिने मान्यता रहेको हुन्छ । सहभागितामूलक प्रक्रिया (Participatory visioning exercise) द्वारा निर्धारण गरिएको फालेलुङ गाउँपालिकाको दीर्घकालीन सोचलाई निम्न अनुसार निर्धारण गरिएको छ ।  यसलाई हासिल गर्नेतर्फ फालेलुङ गाउँपालिकाको प्रस्तुत आवधिक गाउँ विकास योजनाको लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरु निर्देशित रहनेछन ।

**“फालेलुङ सम्बृद्धिको आधार,**
**कृषि, पर्यटन, जलस्रोत र पूर्वाधार”**

फालेलुङ गाउँपालिकाको उल्लेखनीय लगानी अझैपनि पूर्वाधार क्षेत्रको विकासमा नै केन्द्रित भइरहेको छ । विद्यालयहरुको भौतिक संरचना, गुणस्तरिय शिक्षा र प्राविधिक शिक्षामा जोड दिइ गाउँबासीको रोजगारी बढाउने लक्ष्य गाउँपालिकाले लिएको छ । त्यस्तै यो गाउँपालिका कृषि उत्पादनमा खास गरी नगदे वाली, तरकारी र फलफुल उत्पादनमा पनि जिल्लामा नाम लिने पालिका अन्तर्गत पर्दछ । यहाँको हावापानीमा कृषिमा उद्यमशिलता र व्यवसायीकरण प्रमुख सम्भावना रहेको हुँदा कृषि क्षेत्रको विकासबाट गाउँपालिकाको पहिचान र सम्वृद्धिको आधार बन्न सक्दछ । त्यसैले कृषि उत्पादनको लागि पनि यो गाउँपालिका उर्वर भूमिमा गनिन्छ । त्यस्तै गरी यस गाउँपालिका भित्र विभिन्न स्थानमा भएका पर्यटकिय क्षेत्रहरुको विकास गर्न सकिएमा पर्यटनबाट पनि रोजगारी बृद्धि गर्न सकिन्छ । सम्बृद्धिलाई डोरयाउने सबैभन्दा महत्वपूर्ण बिषय भनेको पूर्बाधार नै हो । त्यसैले गाउँगाउँ सम्म बाह्रै महिना आवागमन हुन सक्ने सडक यातायातले गाउँको विकासमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा गाउँको दिर्घकालिन सोचमा पूर्बाधार विकासलाई लिइएको छ ।

गाउँबासीहरु थोरै संख्यामा भएपनि खानेपानी तथा सरसफाई सेवाबाट पछाडि परेको तथ्यांकले देखाउदछ । अवकादिनमा सबै गाउँबासीहरुलाई सुरक्षित खानेपानी उपलब्ध गराउनु पनि गाउँपालिकाको चूनौति रहेको छ । गाउँमा सुरक्षित भवन तथा आवास, पुलपुलेसा, आधुनिक सञ्चार (कम्प्यूटर, इन्टरनेट, टेलिफोन, मोवाइल) का सुविधा पर्याप्त र गुणस्तरीय रुपमा सञ्चालनमा ल्याउनु पर्ने चूनौति रहेको छ । यी सबै कार्य गाउँपालिकामा उपलब्ध स्रोत साधनबाट मात्र सम्भव नहुने हुँदा गाउँको विकासमा कसरी सार्वजनिक तथा निजी लगानीलाई आकर्षण गर्ने सोको लागि ठोस् पहल, पूर्बाधार निर्माण गर्नुपर्ने अर्को चूनौतिको रुपमा रहेको छ । अर्को तिर सामाजिक तथा आर्थिक रुपमा पछि परेका वर्ग समुदायहरु महिला, दलित तथा वालवालिकालाई विकासको केन्द्रमा राखी समग्र सामाजिक, साँस्कृतिक र आर्थिक न्याय प्राप्तिका दिशामा गाउँको विकास प्रयास केन्द्रित गर्न प्रतिबद्ध हुनु गाउँपालिकाको दीर्घकालीन सोँच रहेको छ ।

## ३.२ निर्देशक सिद्धान्तहरु

गाउँ विकासका समष्टीगत लक्ष्य तथा उद्देश्यहरु प्राप्त गरी दीर्घकालीन सोँचको प्राप्ति उन्मुख गाउँको विकास प्रक्रियालाई अगाडी बढाउन निम्न अनुसारका विकासका निर्देशक सिद्धान्तहरु तय गरिएको छ । गाउँपालिकाको दीर्घकालीन सोंचलाई हासिल गर्न यी निर्देशक सिद्धान्तहरु लागू गरिनेछ ।

गाउँपालिकाका विषयगत योजनाहरु तथा रणनीतिक र वार्षिक योजनाको तर्जुमा तथा कार्यान्वयनमा यो आवधिक गाउँ विकास योजनाका निर्देशक सिद्धान्त वमोजिम भए नभएको सुनिश्चित गर्दै लगिनेछ ।

- **जनकेन्द्रीत विकास : लाभग्राहीको अर्थपूर्ण सहभाागिता**

विकासका लागि विकास भन्ने नभई विकास त्यस क्षेत्रका जनताको उन्नतिसँग सम्वन्धित रहेको हुन्छ । विकासले के कुन पक्ष र बिषयलाई सम्वोधन गर्नुपर्छ भन्ने कुरा स्थानीय विशिष्ठतामा भर पर्दछ । विशेषतः हालसम्म पनि विकासका लाभबाट वञ्चित समुदाय, दलित, पिछडा वर्ग, महिला, वालवालिका, अपांगता भएका व्यक्ति, आदिवासी जनजाति लगायत यातायात तथा भौगोलिक रुपमा पछि परेका गाउँ टोलका जनतालाई ध्यानमा राखी योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गरिनेछ । पिछडिएका/पछाडि पारिएका समुदाय एवं वर्गको सवलीकरण एवं सशक्तीकरण गर्दै सामाजिक एवम् आर्थिक शसक्तिकरण गरिनेछ ।

- **प्राकृतिक स्रोतको दिगो उपयोग तथा वातावरणमैत्री विकास**

गाउँपालिकाले विकास योजना सञ्चालन गर्दा स्थानीय स्रोत, साधन, सम्पदाको बुद्धिमतापूर्ण एवं दिगो रुपमा उपयोग गर्ने र वातावरणलाई क्षति नपुग्ने गरी योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ । उतिस लगायतका वनस्पतिको उच्च उत्पादन हुने यस गाउँपालिकालाई हरियाली पालिकाको रुपमा विकास गर्न पहल गरिनेछ ।

- **बालमैत्री स्थानीय शासनको प्रवर्द्धन**

गाउँपालिका भित्र जनसंख्याको लगभग आधा जनसंख्या वालवालिका रहेका छन । वालस्वास्थ्य, वालशिक्षा तथा वालविकास, वालसंरक्षण तथा वालसहभागितामा हुने लगानी सम्बृद्ध र दिगो गाउँ विकासको महत्वपूर्ण आधारस्तम्भ हुने हुँदा वालमैत्री स्थानीय शासनको स्थापना र सुदृढीकरण गरिनेछ । गाउँपालिकामा विकासका क्रममा सञ्चालन गरिने समाजिक, आर्थिक एवं पूर्वाधार निर्माणजस्ता आयोजनाहरु बालबालिकाको पहुँच एवं सहभागिता बढाई बालमैत्री हुने गरी सञ्चालन गरिनेछ ।

- **वस्ती विकास**

बढ्दो जनसंख्या, शहरकेन्द्रित वसोवास तथा वसाई सराई, जीविकोपार्जनका गतिविधिमा आउने परिवर्तनलाई ध्यानमा राखि शहरी तथा ग्रामीण विकासमा सन्तुलन राख्ने नीति लिइनेछ । व्यवस्थित वस्ती विकास र बजारकेन्द्रको विस्तारलाई व्यवस्थित गरिनेछ । बजारउन्मुख वस्तीहरुलाई सेवाकेन्द्रसँग आवद्ध गराई सेवा प्रदान गर्ने, बजार क्षेत्रमा फोहोरमैला एवं ढल निकास प्रणाली स्थापना गर्ने, गराउने नीति लिइनेछ ।

- **संस्थागत विकास**

हालको स्थानीय तह, स्थानीय सरकार पनि हो । त्यसैले यो स्थानीय सरकार नागरिकलाई सेवा प्रदान गर्ने घरदैलोको सरकारका रुपमा रहेको छ । स्थानीय तह संस्थागत, संरचनागत चुस्तताको रुपमा रहन सकेमा मात्र जनतालाई प्रभावकारी सेवा प्रदान गर्न सक्षम हुन्छन । यसका लागि समग्र राष्ट्रिय सन्दर्भ (लोकतान्त्रिक संघीय ढाँचामा राज्यको पुनर्संरचना र नयाँ संविधान अनुसारको कार्यअधिकारक्षेत्र) समेतलाई ध्यानमा राखी बजारउन्मुख क्षेत्रहरुलाई समेटेर आवश्यक पूर्वाधार विकास र समन्वय गर्न विद्यमान गाउँपालिकाको आन्तरिक संगठनलाई चुस्त र दुरुस्त पार्न आवश्यक संस्थागत विकासमा केन्द्रित गरिनेछ ।

गाउँ विकासमा विकासका साझेदार सवै संघ संस्थाहरुसँगको आपसी समन्वय र सहकार्यलाई प्रबर्द्धन गरिनेछ । संघिय तथा प्रदेश स्तरका योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाबाट उपयुक्त वातावरण वनाइनेछ । गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सवै विकास योजनाहरुलाई एकीकृत र समन्वयात्मक तुल्याउन गाउँपालिकाको संस्थागत क्षमता तथा सहकार्यको संस्कृति विकास गर्ने कार्यप्रणाली अवलम्वन गरिनेछ । यसैगरी विकासका कार्यहरुलाई एकीकृत ढंगले

सञ्चालन गर्न एवं अनुगमनलाई प्रभावकारी बनाउन गाउँपालिका तहमा विकासका सबै सरोकारवालाहरुको सँस्थागत क्षमताको विकासमा जोड दिइनेछ ।

- **गैसस, निजी क्षेत्रको विकास साझेदारिता**

गाउँ विकासमा सार्वजनिक क्षेत्रका अलावा निजी क्षेत्र र सहकारीको माध्यमबाट साझेदारी विकासका लागि उपयुक्त वातावरण बनाउनु विकास योजनाको निर्देशक सिद्धान्त हुनेछ । निजी क्षेत्र प्रबर्द्धनका लागि आवश्यक शान्ति सुरक्षा, सार्वजनिक पूर्वाधार, लाभको बाँडफाँडको न्यायोचित प्रबन्ध गरिनेछ ।

- **सामाजिक समावेशीकरण र न्याय (भेदभाव रहित समाज)**

जातीय, लैंगिक, भौगोलिक, उमेरगत, धर्म तथा क्षमता आदिका आधारमा गाउँ विकासका हरेक क्रियाकलापमा भेदभाव गरिने छैन । विकासका क्रियाकलापमा निर्णय प्रक्रिया, लाभको बाँडफाँडमा सबै क्षेत्र तथा पक्षको सहभागिता गराइनेछ । पछि परेका वर्ग र समुदायको जीवनस्तर उठाउने योजनालाई प्राथमिकता दिइनेछ । साथै गाउँपालिका स्तरिय आयोजनाहरुको निर्माण गर्दा अपाँगमैत्री बनाउन पहल गरिनेछन । अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक जीवनयापनका लागि उपयुक्त वातावरण बनाईनेछ ।

- **सुशासन (पारदर्शिता, जवाफदेहिता, निस्पक्षता, सहभागिता)**

सार्वजनिक सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न सार्वजनिक निकायहरुबाट प्रवाह गरिने सेवा तथा ती निकायमा कार्य गर्ने कर्मचारीहरुलाई पारदर्शी एवं जवाफदेही बनाइनेछ । सामाजिक विभेद एवं वहिष्करणमा परेका वर्ग-समुदायको अर्थपूर्ण सहभागिता गराउँदै फालेलुङ गाउँपालिकालाई विभेद सुन्य पालिकाको रुपमा विकास गरिनेछ । संविधान र कानुनहरुको पूर्ण पालना गर्दै पारदर्शी र जवाफदेहीताका संयन्त्र तथा औजारहरुको परिचालन गरिनेछ । नागरिक समाजहरुलाई सशक्तीकरण गर्दै नागरिकका आवाजहरुलाई विकास योजनाहरुका माध्यमबाट सम्बोधन गरिनेछ ।

- **कला, सँस्कृतिको जगेर्ना**

फालेलुङ गाउँपालिका स्थानीय कला र संस्कृतिमा धनी छ । खास गरी राई, लिम्बु संस्कृतिको महत्वपूर्ण सम्पत्तिका रुपमा रहेको स्थानीय कला र सँस्कृतिको जगेर्नाबाट गाउँपालिकाको विकासमा योगदान गर्न सकिन्छ । यहाँको कला सँस्कृति तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण तथा प्रवर्द्धनमा ध्यान दिइनेछ । यसको समुचित प्रयोगबाट पर्यटन विकास, स्थानीय समाजिक सद्भाव र मनोरञ्जन प्रदान गर्ने माध्यमका रुपमा विकास गरिनेछ ।

- **अभियानमूलक विकास**

गाउँपालिकामा विकासका गतिविधिहरुलाई जनताको आवश्यकता अनुसार विश्वासिलो वनाउन, आम नागरिकको उच्च सहभागिता सुनिश्चित गर्न अभियानात्मक विकास प्रक्रिया अवलम्वन गरिनेछ । सबै विषय क्षेत्रमा जनताको आवश्यकता अनुसार अभियानात्मक विकास कार्यलाई प्रोत्साहन गरिनेछ । पूर्ण सरसफाइयुक्त गाउँपालिका, पूर्ण खोपयुक्त गाउँपालिका, पूर्ण साक्षरतायुक्त गाउँपालिका, जातिय छुवाछुतरहित गाउँपालिका, धुँवामुक्त घर भएको गाउँपालिका, पूर्ण उज्यालो गाउँपालिका, वोक्सीप्रथा, दाइजोप्रथा, महिलामाथि हुने घरेलु हिँसाका घटना शून्य गाउँपालिका, सुधारिएको गोठ, एक गाउँ एक उत्पादन, एक वस्ति एक सार्वजनिक चर्पी, एक गाउँ एक उद्यम, एक विद्यालय एक इन्टरनेट, आदि केही महत्वपूर्ण अभियानका रुपमा विकास गरिने निर्देशक सिद्धान्त हुनेछ ।

- **विकासमा राजनीतिक एकता**

प्रस्तुत आवधिक गाउँ विकास योजनाले फालेलुङको विकासका लागि विकासमा राजनीतिक एकता कायम गरी उपलब्ध स्रोत, साधन र अवसरको अधिकतम उपयोग गर्दै गाउँवासीलाई सेवा, सुविधा प्रवाह गर्दै थप स्रोत र साधनका लागि आ-आफ्नो क्षेत्रबाट एकताबद्ध भई प्रयासरत रहने सिद्धान्तलाई अवलम्बन गर्ने सहमति भएको छ ।

## ३.३ आवधिक गाउँ विकास योजनाको एकीकृत सोच तालिका

आवधिक गाउँ विकास योजनाको लक्ष्य, उदेश्य तथा कार्क्रमलाई एकिकृत रुपमा तलको एकिकृत सोच तालिकामा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुत गरिएको सोच तालिकामा आवधिक गाउँ विकास योजनाको लक्ष्य, उद्देश्य तथा उपलब्धी मापनका सूचकहरु तथा आधारहरु र जोखिम पक्ष वा सिमाहरु रहेका छन ।

तालिका नं. १: आवधिक गाउँ विकास योजना (२०७६।२०७७ देखि २०८०।२०८१) को एकिकृत सोच तालिका

| योजना सारंश | मापन गर्ने सूचकहरु | मापन गर्ने आधार | जोखिम पक्ष/सीमाहरु |
|---|---|---|---|
| **गाउं विकासको लक्ष्य**<br>**गाउंको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिबृद्धि भई गाउंबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।** | **आ.व. ०७९।०८० सम्ममा**<br>• गरिवीको रेखामुनीको जनसंख्या २१ बाट ५% मा भरेको हुनेछ ।<br>• मानव विकास सूचकाङ्क हालको ०.४९४( HDR2014, पाँचथर जिल्लाको औसत)बाट ०.५८९ पुगेको हुनेछ<br>• गाउँवासीको औसत आयु ६८.१२ (पाँचथर जिल्ला) बर्षबाट ७२ बर्ष पुगेको हुनेछ ।<br>• औसत साक्षरता दर (५बर्ष भन्दा माथिको) ८२ बाट ९८% पुगेको हुनेछ ।<br>•जलवायु परिवर्तन अनुकुलन तथा विपद व्यवस्थापन कमजोर अवस्थाबाट सुधार भएको हुनेछ । | • जीवनस्तर सर्वेक्षण प्रतिवेदन<br>• मानव विकास प्रतिवेदन<br>• नमूना सर्वेक्षण प्रतिवेदन | • प्रयाप्त जनशक्तिको व्यवस्था भएको हुने ।<br>• प्रस्तावित कार्यक्रमको लागि वजेटको व्यवस्था भएको हुने ।<br>• संघियताको भावना अनुरुप कार्यान्वयन भएको हुने । |
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| १ | कक्षा कोठा निर्माण | वटा | ५० | १० | १० | १० | १० | १० | १००००० | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| २ | विज्ञान प्रयोगशाला | वटा | ९ | ३ | ३ | ३ | ० | ० | ४५०० | १५०० | १५०० | १५०० | ० | 0 |
| ३ | कम्प्युटर प्रयोगशाला | वटा | १७ | ३ | ४ | ४ | ४ | २ | ८५०० | १५०० | २००० | २००० | २००० | १००० |
| ४ | खेलमैदान | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| ५ | घेराबार निर्माण विद्यालय | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ६ | शौचालय निर्माण तथा मर्मत | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| ७ | विद्यालयमा पानीको व्यवस्था | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ८ | विद्यालयमा इन्टरनेट जडान | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | ५०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | लक्षित वर्गका विद्यालयमा छात्रावास निर्माण | वटा | १ | ० | १ | ० | ० | | ४००० | ० | ४००० | ० | ० | ० |
| १० | छात्राबास संचालन | वटा | १ | | | १ | १ | | ४८०० | ० | ० | २४०० | २४०० | ० |
| ११ | विद्यालयमा खेलकुद सामग्रीको व्यवस्था | वटा ( वार्षिक) | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५० | ४५० | ४५० | ४५० | ४५० | ४५० |
| १२ | फर्निचरको व्यवस्था | सेट | १५० | ३० | ३० | ३० | ३० | ३० | ७५० | १५० | १५० | १५० | १५० | १५० |
| १३ | स्ट्रेचर प्राथमिक उपचारको साधनको व्यवस्था | वटा | ४५ | १० | १० | १० | १० | ५ | ४५० | १०० | १०० | १०० | १०० | ५० |
| १४ | थप शिक्षक व्यवस्था वार्षिक | जना | २५ | ५ | ५ | ५ | ५ | | ६९०० | १३८० | १३८० | १३८० | १३८० | १३८० |
| १५ | शिक्षकलाई तालिम | जना वार्षिक | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| १६ | प्र.अ.तालिम ( संस्थागत समेत) | जना | २० | २० | २० | २० | २० | २० | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| १७ | वि व्य स र पिटिएका पदाधिकारीको क्षमता विकास तालिम | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५० | ४५० | ४५० | ४५० | ४५० | ४५० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | विद्यालय सुधार योजना (SIP)निर्माण तथा वार्षिक कार्यशाला | वटा ( वार्षिक) | ९ | ९ | ९ | ९ | ९ | ९ | २२५० | ४५० | ४५० | ४५० | ४५० | ४५० |
| १९ | बाल शिक्षक तालिम | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५० | ४५० | ४५० | ४५० | ४५० | ४५० |
| २० | लेखा तालिम | वटा | १ | १ | १ | १ | १ | | २५० | ५० | ५० | ५० | ५० | ५० |
| २१ | खेल प्रशिक्षक व्यवस्था | जना वार्षिक | १४ | १४ | १४ | १४ | १४ | १४ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| २२ | अनुगमन तथा मूल्याङकन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | २५० | ५० | ५० | ५० | ५० | ५० |
| २३ | शिक्षक पुरस्कार | जना | २० | ५ | ५ | ५ | ५ | ५ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| २४ | विद्यालय शिक्षा पुरस्कार | वटा | २० | ५ | ५ | ५ | ५ | | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| २५ | फिङ्गर प्रिन्ट मेसिन | वटा | १४ | ५ | ५ | ४ | ० | | ७०० | २५० | २५० | २०० | ० | ० |
| २६ | प्राविधिक धारको विद्यालय सञ्चालनका लागि शिक्षकको व्यवस्था | जना वार्षिक | ३ | ३ | ३ | ३ | ३ | | ६००० | १२०० | १२०० | १२०० | १२०० | १२०० |
| २७ | अपाङ्ग तथा अशक्त हरुकोलागि छात्रबृत्ति | जना | सबै | सबै | सबै | सबै | सबै | सबै | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| २८ | स्थानीय पाठ्यक्रम निर्माण | वटा | १ | १ | ० | ० | ० | | ५०० | ५०० | ० | ० | ० | ० |
| | **कुल बजेट** | | | | | | | | **१९९१००** | **३८९८०** | **४२९८०** | **४१३३०** | **३९६३०** | **३६१८०** |

**ख) स्वास्थ्य**

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | परिमाणात्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयनको लागि आवश्यक अनुमानित लागत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| | **पहुँच र गुणस्तर वृद्धि** | | | | | | | | | | | | | |
| १ | बालस्वास्थ्य तथा पोषण कार्यक्रम | | | | | | | | | | | | | |
| २ | क) थप गाउँघर क्लिनिक सञ्चालन | वटा | ८ | २ | २ | २ | १ | १ | ८०० | २०० | २०० | २०० | १०० | १०० |
| ३ | ख) पोषण सम्बन्धी समुदायको लागि अभिमूखीकरण | पटक ( वार्षिक) | १ | १ | १ | १ | १ | १ | १२५० | २५० | २५० | २५० | २५० | २५० |
| ४ | परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | १ | ७५० | १५० | १५० | १५० | १५० | १५० |
| ५ | रोग नियन्त्रण कार्यक्रम (क्षय रोग, कीटजन्य रोग) | वटा | १ | १ | १ | १ | १ | १ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | अन्य नसर्ने रोगको रोकथाम उपचार कार्यक्रम | | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | नसर्ने रोग सम्बन्धी औषधि वितरण एकमुष्ठ | | १० | २ | २ | २ | २ | २ | ८०० | २०० | २०० | २०० | | २०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | समुदायमा आधारित सन्तुलित खानपिन सम्बन्धीत व्यवहार परिवर्तन बारे जनचेतना कार्यक्रम | पटक ( वार्षिक) | १ | १ | १ | १ | १ | १ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ९ | निःशुल्क स्वास्थ्य शिविर संचालन | पटक | १ | १ | १ | १ | १ | १ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| १० | पाठेघर सम्बन्धी वडा स्तरीय शिविर तथा जनचेतना अभिवृद्धि (पोष्टर, ब्रोसर) | पटक | १ | १ | १ | १ | १ | १ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ११ | विद्यालयहरुमा निःशुल्क आँखा जाँच शिविर | पटक | १ | १ | १ | १ | १ | १ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| १२ | स्वयम्सेविका प्रोत्साहन पुरस्कार ( ५ वर्ष, १ जना, ८वडा) | जना | ४० | ८ | ८ | ८ | ८ | ८ | ४०० | ८० | ८० | ८० | ८० | ८० |
| १३ | निःशुल्क आयुर्वेद तथा योग स्वास्थ्य शिविर हरेक वर्ष | वटा | १ | १ | १ | १ | १ | १ | १००० | २०० | २०० | २०० | २०० | २०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | विद्यालय शिक्षा कार्यक्रम (नसर्ने रोग, योगा, पञ्चकर्म सम्बन्धमा आयुर्वेदिक सचेतना कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | १ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| १५ | स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम | जना | ५० | १० | १० | १० | १० | १० | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| १६ | धामी, झाँक्री तथा परम्परागत उपचारकहरुका लागि आधारभूत तालिम | वटा | १ | १ | १ | १ | १ | १ | २५० | ५० | ५० | ५० | ५० | ५० |
| १७ | स्वास्थ्य कार्यक्रम समीक्षा | वार्षिक पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ३०० | ६० | ६० | ६० | ६० | ६० |
| १८ | स्वास्थ्य कार्यक्रम अनुगमन | निरन्तर | | ० | ० | ० | ० | | २५० | ५० | ५० | ५० | ५० | ५० |
| | **स्वास्थ्य पूर्वाधार सुधार** | | | | | | | | ० | | | | | |
| १ | गाउँ अस्पताल निर्माण | वटा | १ | ० | १ | १ | ० | ० | ३०००० | ० | १५००० | १५००० | ० | ० |
| २ | गाउँ अस्पतालका लागि उपकरण खरिद | सेट | १ | ० | ० | १ | ० | ० | १०००० | ० | ० | १०००० | ० | ० |
| ३ | स्वास्थ्य चौकीहरूमा स्वास्थ्य उपकरण थप | सेट | ५ | १ | १ | १ | १ | १ | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य चौकीकालागि कम्प्युटर, कम्प्युटर टेवल तथा प्रिन्टर सेट | सेट | ४ | २ | २ | ० | ० | ० | ८०० | ४०० | ४०० | ० | ० | ० |
| ५ | औषधि खरिद, ढुवानी, भण्डारण | पटक | १ | १ | १ | १ | १ | १ | ७५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| ६ | एकीकृत गाउँ स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली स्थापना र संचालन | वटा | १ | ० | १ | ० | ० | ० | ५०० | ० | ५०० | ० | ० | ० |
| | **स्वास्थ्य उपक्षेत्रको जम्मा बजेट** | | | | | | | | ६३६०० | ४९४० | २०४४० | २९५४० | ४२४० | ४४४० |

**ग) महिला बालबालिका तथा लक्षित वर्ग**

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | पुरिमाणात्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयनको लागि आवश्यक अनुमानित लागत रु ह्जारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| १ | नयाँ संरचना, संविधान र देवानी संहिता सम्बन्धमा महिला समूहहरुलाई अभिमुखीकरण | वटा | १० | २ | २ | २ | २ | २ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| २ | नयाँ संरचनाअनुसार गाउँस्तरीय सञ्जाल (महिला, बालबालिका, एकल महिला, अपांग,ज्येष्ठ नागरिक र अन्य सीमान्तिकृत वर्ग) को पुनर्गठन, सञ्चालन र अभिमुखिकरण,अनुशिक्षण | वटा | ८ | २ | २ | १ | १ | २ | १६०० | ४०० | ४०० | २०० | २०० | ४०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | दृष्टि विहिनको लागि गमनशिलता तालिम | वटा | ५ | १ | १ | १ | १ | १ | ३२० | ८० | ८० | ८० | | ८० |
| ४ | अपाङ्गता भएकाहरूका लागि सीपमुलक तालिम | वटा | ५ | १ | १ | १ | १ | १ | १२५० | २५० | २५० | २५० | २५० | २५० |
| ५ | महिलाहरुको लागि व्यवसायिक तथा सीपमुलक तालिम | वटा | ६० | १२ | १२ | १२ | १२ | १२ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ६ | बाल क्लब पुनर्गठन र सञ्चालन | वटा | २५ | ५ | ५ | ५ | ५ | ५ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ७ | ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण | वटा | १ | ० | ० | १ | ० | ० | २००० | ० | 0 | २००० | ० | ० |
| ८ | बाल क्लब स्तरीय प्रतियोगिता ( खेलकुद र अतिरिक्त क्रियाकलाप समेत आदि) | वटा | ९० | १८ | १८ | १८ | १८ | १८ | ९१०० | १८०० | १८०० | १८०० | १८०० | १९०० |
| ९ | बाल अधिकार,बाल संरक्षण,बाल यौन दुर्व्यवहार, बाल श्रम सम्बन्धमा अभिमुखिकरण र अन्तक्रिया कार्यक्रम | वटा | १५ | ३ | ३ | ३ | ३ | ३ | ६००० | १२०० | १२०० | १२०० | १२०० | १२०० |
| १० | बालविवाह न्यूनीकरण अभियान | वटा | ५ | १ | १ | १ | १ | १ | ९०० | २०० | २०० | २०० | २०० | १०० |
| ११ | बालमैत्री गापा घोषणा लागि पुर्वशर्त कार्यक्रमकोष | वटा | १ | १ | १ | ० | ० | ० | १५०० | ५०० | १००० | ० | ० | ० |
| १२ | अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरण शिविर संचालन | वटा | ६ | १ | ० | ० | ० | ० | ६०० | ६०० | ० | ० | ० | ० |
| १३ | गाउँस्तरीय लैंगिक हिंसा न्यूनीकरण अभियान | वटा | ५ | १ | १ | १ | १ | १ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| १४ | घरेलु हिंसा विरुद्धको वडास्तरीय अभियान | वटा | ८ | २ | २ | २ | १ | १ | ७०० | २०० | २०० | १०० | १०० | १०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | अपाङ्गता भएका ,अनाथ र हिंसा पिडितहरुका लागि पुनस्थापना कार्यक्रम (कोष) | वटा | १ | ० | १ | ० | ० | ० | ५०० | ० | ५०० | ० | ० | ० |
| १६ | एकल महिला स्वाबलम्बन कार्यक्रमका लागि कोष | वटा | १ | १ | १ | ० | ० | ० | १००० | ५०० | ५०० | ० | ० | ० |
| १७ | सामुदायीक भवन निर्माण (वार्ड ८) | वटा | | १ | | | | | १५०० | | | | | |
| | **जम्मा** | | | | | | | | ३०४७० | ६७३० | ७१३० | ६८३० | ४७५० | ५०३० |
| | **दलित जनजाती तथा लक्षित वर्ग** | | | | | | | | | | | | | |
| १ | विपन्न दलित बालबालिकाका विद्यालय पोशाक वितरण | जना | २०० | ४० | ४० | ४० | ४० | ४० | १२५० | २५० | २५० | २५० | २५० | २५० |
| २ | दलित लक्षित घरेलु हिँसा विरुद्धको तालिम | वटा | ३० | ६ | ६ | ६ | ६ | ६ | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ३ | शौचालय नभएका लक्षित दलित समुदायको घरमा ५० प्रतिशत अनुदानमा पक्की शौचालय निर्माण | वटा | १०० | २० | २० | २० | २० | २० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ४ | व्यवसायिक तथा सीपमुलक तालिम | वटा | ४० | १० | १० | १० | ५ | ५ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | दलित किशोर किशोरी शिक्षा कार्यक्रम वार्षिक | पटक | १ | १ | १ | १ | १ | १ | ७५० | १५० | १५० | १५० | १५० | १५० |
| ६ | किरात माङहिम | गोटा | १ | १ | | | | | ५०० | ५०० | ५०० | | | |
| | **जम्मा** | | | | | | | | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० |
| | **कुल जम्मा** | | | | | | | | ३६९७० | ८०३० | ८४३० | ८१३० | ६०५० | ६३३० |

### घ) युवा तथा खेलकुद

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | परिमाणात्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयनको लागि आवश्यक अनुमानित लागत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| १ | गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| २ | राष्ट्रिय स्तरको प्रशिक्षकबाट तालिम संचालन | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| ३ | कभर्डहल निर्माण | वटा | १ | ० | १ | १ | ० | | ५००० | ० | २५०० | २५०० | ० | ० |
| ४ | खेलकुद मैदान निर्माण | वटा | ८ | १ | २ | २ | २ | १ | ८००० | १००० | २००० | २००० | २००० | १००० |
| | **युवा तथा खेलकुद उपक्षेत्रको जम्मा** | | | | | | | | २४००० | ३२०० | ६७०० | ६७०० | ४२०० | ३२०० |

# ३. पूर्वाधार विकास

### क) सडक यातायात, विद्युत तथा सञ्चार

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | परिमाणत्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयन वर्ष र लागत रु ह्जारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| १ | सडक कालोपत्रे | किमी | १४ | ० | ० | ० | ३ | ११ | १४०००० | ० | ० | ० | ३०००० | ११०००० |
| २ | सडक ग्राभेल | किमी | ८५ | ५ | १० | १५ | २५ | ३० | १७०००० | १०००० | २०००० | ३०००० | ५०००० | ६०००० |
| ३ | ढुङ्गा सोलिङ | किमी | २५ | ५ | ५ | ५ | ५ | ५ | १००००० | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| ४ | धुले सडक | किमी | ६० | १२ | १२ | १२ | १२ | १२ | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | | | | | | | |
| ५ | झोलुङ्गे पुल निर्माण | गोटा | ५ | २ | ३ | ० | ० | ० | ५०००० | २०००० | ३०००० | ० | ० | ० |
| ६ | पक्की पुल निर्माृण | गोटा | ८ | १ | २ | २ | २ | १ | २४०००० | ३०००० | ६०००० | ६०००० | ६०००० | ३०००० |
| ७ | पर्यटन मार्ग | किमी | ६० | १२ | १२ | १२ | १२ | १२ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ८ | होम स्टे सञ्चालन | गोटा | १ | | १ | | | | ५०० | ० | ५०० | ० | ० | ० |
| ९ | सेल्फी केन्द्र | गोटा | ९ | १ | २ | २ | २ | २ | ९०० | १०० | २०० | २०० | २०० | २०० |
| १० | वनभोज स्थल निर्माण | गोटा | ९ | २ | २ | २ | २ | १ | ९००० | २००० | २००० | २००० | २००० | १००० |
| ११ | वाल उद्यान निर्माण | गोटा | ३ | ० | १ | १ | १ | ० | १५०० | ० | ५०० | ५०० | ५०० | ० |
| १२ | सञ्चार प्रविधि विस्तार कार्यक्रम | गोटा | १ | १ | १ | १ | १ | १ | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| १३ | विद्युतिकरण कार्यक्रम | गोटा | १ | १ | १ | १ | १ | १ | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० |
| | **जम्मा** | | | | | | | | ७६३९०० | ९२५०० | १४३६०० | १२३१०० | १७३१०० | २३१६०० |

## ख) खानेपानी पूर्वाधार

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | **परिमाणत्मक लक्ष** | | | | | कुल बजेट | कार्यान्वयन वर्ष र लागत रु ह्जारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| १ | नयाँ खानेपानी आयोजना निर्माण | वटा | १५ | ३ | ३ | ३ | ३ | ३ | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | खानेपानी योजना मर्मत संभार | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | २०००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| ३ | खानेपानी उपभोक्ता समितिको लागि संस्थागत विकास सम्बन्धी तालिम | वटा | २० | ४ | ४ | ४ | ४ | ४ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | स्वच्छ खानेपानी सम्बन्धी सचेतना कार्यक्रम वार्षिक | पटक | १ | १ | १ | १ | १ | १ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| | जम्मा | | | | | | | | ७१००० | १५२०० | १५२०० | १५२०० | १५२०० | १५२०० |

ग) भवन तथा वस्ती विकास

| क्र. सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कार्यन्वयन वर्ष र परिमाणात्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयन वर्ष र लागत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ |
| **१.** | वस्ती विकास योजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी | वटा | १ | ० | १ | ० | | ० | १००० | ० | १००० | ० | ० |
| | **जम्मा** | | | | | | | | १००० | ० | १००० | ० | ० |

## ४. वन तथा वातावरण

### क) वन विकास

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कार्यान्वयनको लागि आवश्यक अनुमानित लागत | | | | | कुल बजेट | कार्यान्वयनको लागि आवश्यक अनुमानित लागत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| | **क) वन विकासका कार्यक्रमहरू** | | | | | | | | | | | | | |
| १ | स्थायी नर्सरी निर्माण (७५ हजार बिरुवा क्षमता भएको) | वटा | ५ | १ | १ | १ | १ | १ | २००० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| २ | विरुवा उत्पादन (बहुमुल्य काठ जन्य, डालेघाँस, सौन्दर्य प्रजाती) | वटा | २५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २००० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ३ | सडक किनार बृक्षारोपण | वटा | ५००० | १००० | १००० | १००० | १००० | १००० | ४००० | १००० | १००० | १००० | १००० | १००० |
| ४ | बगैचा निर्माण र बृक्षारोपण | हे. | २५ | ५ | ५ | ५ | ५ | ५ | २००० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ५ | आतिक्रमण भएको वन क्षेत्रको व्यवस्थापन | हे. | २५ | ५ | ५ | ५ | ५ | ५ | ८०० | २०० | २०० | २०० | २०० | २०० |
| | **ख) आयमूलक कार्यक्रम** | | | | | | | | | | | | | |
| १ | गैह्र काष्ठ उद्योग स्थापना र सञ्चालन | वटा | ५ | १ | १ | १ | १ | १ | ८००० | २००० | २००० | २००० | २००० | २००० |
| २ | जाडीबुटी प्रशोधन केन्द्र स्थापन र संचालन | वटा | ५ | १ | १ | १ | १ | १ | ४००० | १००० | १००० | १००० | १००० | १००० |
| ३ | जडिबुटी क्षेत्र पहिचान, विकास, संरक्षण र खेती | हे. | २५ | ५ | ५ | ५ | ५ | ५ | १३५० | ३०० | ३०० | ३०० | ४५० | ५०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक वन क्षेत्र, कबुलियती बनको रुपमा ( सामुहिक भूँइघाँस, जडीबुटी खेती) समूहगत रुपमा | वटा | २० | ५ | ५ | ५ | ५ | ५ | २००० | **५००** | **५००** | **५००** | **५००** | ५०० |
| | **ग) संस्थागत विकासका कार्यक्रमहरू** | | | | | | | | ० | ० | ० | ० | ० | |
| १ | सावउसको लागि लेखा तथा अभिलेख व्यवस्थापन तालिम | पटक | २० | ५ | ५ | ५ | ५ | ५ | २००० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| २ | सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास | पटक | २० | ५ | ५ | ५ | ५ | ५ | ६००० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| ३ | वातावरण दिवस | पटक | ४ | १ | १ | १ | १ | १ | २०० | ५० | ५० | ५० | ५० | ५० |
| ४ | वन्य जन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार | वटा | ४ | १ | १ | १ | १ | १ | १६०० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| | **वन उपक्षेत्रको जम्मा** | | | | | | | | २५१५० | ६२५० | ६२५० | ६२५० | ६४०० | ६४५० |

**ख) वातावरण तथा विपद् व्यवस्थापन**

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | परिमाणात्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयनकोलागि आवश्यक अनुमानित लागत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| १ | पहिरो रोकथाम | स्थान | ५० | १० | १० | १० | १० | १० | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| २ | जोखिमपूर्ण सडकमा बायोइन्जिनियरिङ | किमी | २५ | ५ | ५ | ५ | ५ | ५ | ३५००० | ५००० | ७५०० | ७५०० | ७५०० | ७५०० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पानी मुहान संरक्षणको लागि चेतनामुलक कार्यक्रम | वटा | ५ | १ | १ | १ | १ | १ | ३२५ | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| ४ | जोखिमपूर्ण क्षेत्रमा वृक्षारोपण तथा बायोइन्जिनियरिङ | वर्ग किमी | २५ | ५ | ५ | ५ | ५ | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ५ | बाढी पहिरोबाट क्षति भएका कुलोको तत्कालिन मर्मत संभार | किमी | ५ | १ | १ | १ | १ | १ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ६ | विपद् पूर्वतयारी योजना निर्माण ( नगर तथा वडास्तरीय) | वटा | ९ | १ | ८ | ० | ० | ० | ७०० | ५०० | ५० | ५० | ५० | ५० |
| ७ | विपद् व्यवस्थापन कार्यदल गठन | वटा | ९ | १ | ८ | ० | ० | ० | ७०० | ५०० | ५० | ५० | ५० | ५० |
| ८ | विपद्को समयमा बस्नको सामुहिक आवास निर्माण | वटा | ९ | ३ | ३ | ३ | ० | ० | १२००० | ४००० | ४००० | ४००० | ० | ० |
| ९ | आपत्कालीन उद्दार सामग्रीको व्यवस्था | स्थान | १ | १ | १ | १ | १ | १ | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| १० | कृत्रिम अभ्यास तालिम | वटा | ८ | २ | २ | २ | १ | १ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | प्राथमिक उपचार तालिम | वटा | ८ | १ | २ | २ | २ | १ | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| १२ | समुदायमा आधारित पूर्व सूचना प्रणाली स्थापना | वटा | १ | ० | १ | ० | ० | ० | ५०० | ० | ५०० | ० | ० | ० |
| १३ | एम्बुलेन्स | वटा | १ | १ | ० | ० | ० | ० | ५००० | ५००० | ० | ० | ० | ० |
| १४ | बारुण यन्त्र | वटा | १ | १ | ० | ० | ० | ० | ७००० | ० | ७००० | ० | ० | ० |
| १५ | एम्बुलेन्स तथा बारुण यन्त्र व्यवस्थापन | एकमुष्ट | १ | १ | १ | १ | १ | १ | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| | **वातावरण तथा विपद् व्यवस्थापन उपक्षेत्रको जम्मा** | | | | | | | | **१२०७२५** | **२६९६५** | **३१०६५** | **२३५६५** | **१९५६५** | **१९५६५** |

## ५. संस्थागत विकास तथा सुशासन

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | परिमाणात्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयनको लागि आवश्यक अनुमानित लागत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | (००० मा) | १ | २ | ३ | ४ | ५ |
| १ | गाउँपालिकाको कार्यालय भवन | वटा | १ | १ | १ | ० | ० | ० | ४०००० | २०००० | २०००० | ० | ० | ० |
| २ | वडा कार्यालय भवन | वटा | ८ | १ | ७ | ० | ० | ० | ४०००० | ५००० | ३५००० | ० | ० | ० |
| ३ | सभा भवन | वटा | १ | १ | ० | ० | ० | ० | ४००० | ४००० | ० | ० | | ० |
| ४ | गापा कार्यालय फर्निचर | सेट | १ | ० | ० | १ | ० | ० | १५०० | ० | ० | १५०० | | ० |
| ५ | गापा कार्यालय उपकरण | सेट | १ | ० | ० | ० | ० | ० | ५०० | ० | ५०० | ० | ० | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | वडा कार्यालय उपकरण तथा फर्निचर | सेट | ८ | १ | १ | १ | १ | १ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ७ | सवारी साधन गापा | वटा | १ | ० | १ | ० | ० | ० | ४५०० | ० | ४५०० | ० | ० | ० |
| ८ | इन्टरनेट तथा सूचना प्रविधि व्यवस्थापन (गापा तथा वडा) | सेट | १ | १ | ० | ० | ० | ० | ५०० | ५०० | ० | ० | ० | ० |
| ९ | जनप्रतिनिधि तथा कर्मचारीको लागि तालिम | वटा | ५ | १ | १ | १ | १ | १ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| १० | अनुगमन तथा मूल्याङकन तालिम | वटा | ५ | १ | १ | १ | १ | १ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| ११ | अनुगमन तथा मुल्याँकन कार्यक्रम | वटा | ५ | १ | १ | १ | १ | १ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| १२ | सार्वजनिक सुनुवाई तथा लेखा परीक्षण | वटा | ५ | १ | १ | १ | १ | १ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| १३ | ऐन नियमहरुको निर्माण | वटा | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| | **जम्मा** | | | | | | | | ९९००० | ३११०० | ६१६०० | ३१०० | १६०० | १६०० |

### ६. विशेष महत्वका कार्यक्रमहरू

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | परिमाणत्मक लक्ष | | | | | कुल बजेट | कार्यान्वयन वर्ष र लागत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | | १ | २ | ३ | ४ | ५ |
| १ | कृषि सडक | किमी | २० | ४ | ४ | ४ | ४ | ४ | २००००० | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० |
| २ | आधुनिक तथा अर्गानिक कृषि प्रवर्धन कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | १ | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| ३ | विशेष क्षेत्र आय आर्जन कार्यक्रम (बसाई सराइ भइजाने क्रम धेरै भएको कार्यक्रम) | वटा | १६ | ३ | ४ | ४ | ३ | २ | १२५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० |
| ४ | व्यवस्थित प्राविधिक धारको विद्यालय सञ्चालन | वटा | १ | | | | | | ५०००० | २५००० | २५००० | ० | ० | ० |
| | | | | | | | | | २८७५०० | ७२५०० | ७२५०० | ४७५०० | ४७५०० | ४७५०० |

## पालिका गौरबका योजना तथा कार्यक्रमहरु

| क.सं. | योजनाको नाम | कार्यान्वयन क्षेत्र | बिषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | वडा नं. ३ | शुसासन तथा संस्थागत विकास क्षेत्र | |
| २ | वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माण | सबै वडा | | |
| ३ | पञ्चमूखि मा.वि. आरसिसि भवन निर्माण तथा प्राविधिक शिक्षा सञ्चालन | वडा नं. २ | सामाजिक विकास | |

| | | | | |
|---|---|---|---|---|
| ४ | सिदिम स्वास्थ्य चौकि भवन निर्माण | वाड नं. ७ | ,, | |
| ५ | बृहत खा.पा. तथा सरसफाइ आयोजना | वडा नं. १ | ,, | |
| ६ | खोलाचोक ( जोरपाटी ( थोक्लीम्बा सडक स्तरोन्नती | वडा २ र ३ | पूर्वाधार विकास | |
| ७ | भञ्ज्याङ, माङलेबुङ –लामपोखरी पर्यटकिय सडक निर्माण | वडा ३ | ,, | |
| ८ | मेमेङ तिनसिमाना पर्यटकिय सडक निर्माण | वडा नं. ४ | ,, | |
| ९ | चारतारे तिनसिमाना क्षेत्रमा पर्यटकिय आवास तथा भ्युटावर निर्माण | वडा नं. ४ र ५ | आर्थिक विकास | |
| १० | मिलन चोक गुरुङटार तालखर्क भैसे गोरुवाले सडक निर्माण | वडा नं. ४ ५ र ६ | पूर्वाधार विकास | |
| ११ | शित भण्डार निर्माण | वडा नं. ३ | आर्थिक विकास | |
| १२ | पञ्चमूखि –ताङलेपा–गुरुङटार सडक स्तरोन्नति | वडा नं. २,३,४ | पूर्वाधार विकास | |
| १३ | आगेजुङ गुम्बा क्षेत्र प्रबर्द्धन तथा बौद्ध शिक्षा सञ्चालन | वडा नं. १ | सामाजिक विकास | |
| १४ | भैसे चारतारे सडक निर्माण | वडा नं. ५ र ४ | पूर्वाधार विकास | |
| १५ | फालेलुङ रगंशाला निर्माण | वडा नं. ३ | ,, | |
| १६ | पञ्चमूखि रगंशाला निर्माण | वडा नं. २ | ,, | |
| १७ | मुवा झरना क्षेत्र प्रबर्द्धन कार्यक्रम | वडा नं. ६ | आर्थिक विकास | |
| १८ | पानवा झरना क्षेत्र प्रबर्द्धन | वडा नं. ३ | ,, | |
| १९ | लामपोखरी सुखेपोखरी लगायतका सिमसार क्षेत्र प्रबर्द्धन | वडा नं. ३ | ,, | |
| २० | बुढीथाम पर्यटकिय क्षेत्रमा भ्युटावर निर्माण | वडा नं. ६ | ,, | |
| २१ | कार्तिके ठाडे नाम्ले गोरुवाले सडक निर्माण | वडा नं. ६ | पूर्वाधार विकास | |
| २२ | चिया पर्यटन प्रबर्द्धन | वडा नं. ७ | आर्थिक विकास | |

| | | | | |
|---|---|---|---|---|
| २३ | मुवाथाम सिंचाइ आयोजना | वडा नं. ५ | ,, | |
| २४ | कृषि संकलन केन्द्र | सबै वडामा | ,, | |
| २५ | विहिडिन थोक्पन धर्मेटार लुङमादिन हेवाखोला सडक निर्माण | वडा नं ७, ५ र ३ | पूर्वाधार निर्माण | |
| २६ | हेवाखोला कोरीडोर | वडा नं. ३, ७ र ८ | ,, | |
| २७ | फालेलुङ रिङरोड निर्माण | गाउँपालिका | ,, | |
| २८ | आकाशे – विहिडिन– लुदिनटार– पाङबुङ–फोलोट (फिदिम फालोट खण्ड) सडक कालोपत्रे | वडा नं. ८, ७,६,५ र ४ | ,, | |
| २९ | फालेलुङ सामुदायीक भवन निर्माण | वडा नं. ३ | सामाजिक विकास | |
| ३० | कृषि तथा पशु ल्याव स्थापना | वडा नं. ३ | आर्थिक विकास | |
| ३१ | कभर्ड हल निर्माण | ,, | सामाजिक विकास | |
| ३२ | बधशाला निर्माण | सम्भाव्य क्षेत्र | आर्थिक विकास | |
| ३३ | हेभेन्ली पाथ सामुदायीक भवन निर्माण | वाड नं. ३ | सामाजिक विकास | |
| ३४ | आकाशे भञ्ज्याङ देखि गोरुवाले, चारराते लामपोखरी, थानचुली, चरी भञ्ज्याङ, आगेजुङ, ट्रेकिङ रुट निर्माण | सबै वडा | आर्थिक विकास | |
| ३५ | अंसुभञ्ज्याङ शाखा सडक स्तरोन्नति | वाड नं. ८ | पूर्वाधार विकास | |

## ७. बजेटको सारसंक्षेप

### क. आवधिक योजनाको लागि आवश्यक बजेट

| विषयगत क्षेत्रहरु | आर्थिक वर्ष (बजेट रु हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| **आर्थिक विकास** | **२०७६/०७७** | **२०७७/०७८** | **२०७८/०७९** | **२०७९/०८०** | **२०८०/०८१** | **जम्मा** |
| कृषि विकास | ११४०५ | १२२०५ | ११५५५ | ११५५५ | १०९५५ | ५५२७५ |
| पशुविकास | १३७७५ | १३८७५ | १३६२५ | १३६२५ | १३६२५ | ६८५२५ |
| उद्योग तथा पर्यटन | १५५०० | २३५०० | २८००० | १७५०० | १४५०० | ९९००० |
| वित्तिय क्षेत्र | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० |
| **जम्मा** | ४२०८० | ५०९८० | ५४५८० | ४४०८० | ४०४८० | २२९८०० |
| **सामाजिक विकास** | | | | | | |
| शिक्षा | ३८९८० | ४२९८० | ४१३३० | ३९६३० | ३६१८० | १९९१०० |
| स्वास्थ्य | ४९४० | २०४४० | २९५४० | ४२४० | ४४४० | ६३६०० |
| महिला बालबालिका तथा लक्षित वर्ग | ६७३० | ७१३० | ६८३० | ४७५० | ५०३० | ३०४७० |
| **दलित जनजाती तथा लक्षित वग** | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० |
| युवा तथा खेलकुद | ३२०० | ६७०० | ६७०० | ४२०० | ३२०० | २४००० |
| **जम्मा** | ५५१५० | ७८५५० | ८५७०० | ५४१२० | ५०१५० | ३२३६७० |
| सडक यातायात, विद्युत तथा सञ्चार | ९२५०० | १४३६०० | १२३१०० | १७३१०० | २३१६०० | ७६३९०० |
| **खानेपानी पूर्वाधार** | १५२०० | १५२०० | १५२०० | १५२०० | १५२०० | ७१००० |
| भवन तथा वस्ती विकास | ० | १००० | ० | ० | ० | १००० |
| **जम्मा** | १०७७०० | १५९८०० | १३८३०० | १८८३०० | २४६८०० | ८३५९०० |
| **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | |
| वन तथा वातावरण | ६२५० | ६२५० | ६२५० | ६४०० | ६४५० | ३५१५० |
| भूसंरक्षण तथा विपद् जोखिम व्यवसथापन | २६९६५ | ३१०६५ | २३५६५ | १९५६५ | १९५६५ | १२०७२५ |
| **जम्मा** | ३३२१५ | ३७३१५ | २९८१५ | २५९६५ | २६०१५ | १४५८७५ |
| **संस्थागत विकास तथा सुशासन** | ३११०० | ६१६०० | ३१०० | १६०० | १६०० | ९९००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ३११०० | ६१६०० | ३१०० | १६०० | १६०० | ९९००० |
| **विशेष कार्यक्रम जम्मा** | १०,००,०० | १२,००,०० | १३,५०,०० | १५,००,०० | १७,००,०० | ६७,५०,०० |
| **आवधिक योजना (५ बर्ष) को लागि कुल आवश्यक वजेट जम्मा** | २६,९२,४५ | ३८,८२,४५ | ३१,१४,९५ | ३१,४०,६५ | ३६,५०,४५ | १,६३,४२,४५ |

## ख. गाउँपालिकाको आगामी ५ वर्षको आयको प्रक्षेपण

| आयको स्रोतहरु | आर्थिक बर्ष (बजेट रु हजारमा) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** | |
| **क) संघीय सरकारबाट प्राप्तहुने** | | | | | | | |
| वित्तीय समानीकरण अनुदान | ८६००० | ९१७०० | १८२१०५ | २००३१५ | २२०३४७ | २४२३८१ | १०१०६९९ |
| सशर्त अनदान | १३९६०० | १५३५६० | १६८९१६ | १८५८०७ | २०४३८८ | २२४८२७ | ९३७४९९ |
| राजश्व बाँडफाँट | ६४५०० | ७५८०० | ७५००० | ८०००० | ८५००० | ९०००० | ४६५००० |
| समपुरक | ० | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१० | १३४३१२ |
| विशेष अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| आन्तरिक श्रोत (अनुमानित) | २०००० | ३०००० | १२१०० | १३३१० | १४६४१ | १६१०५.१ | ६७१५६.१ |
| **जम्मा** | ३८५१०० | ४२२११० | ४६२३२१ | ५०६०५२ | ५५३६५८ | ६०५५२३.१ | २६१४६६६ |
| **ख) प्रदेश सरकारबाट प्राप्त हुने** | | | | | | | |
| वित्तीय समानीकरण अनुदान | ३३२५ | ३६५७.५ | ४०२३.२५ | ४४२५.५७५ | ४८६८.१३३ | ५३५४.९४ | २२३२९.४ |
| सशर्त अनदान | २०५०० | २२५५० | २४८०५ | २७२८५.५ | ३००१४.०५ | ३३०१५.४६ | १३७६७० |
| राजश्व बाँडफाँट | ५१०० | ५६१० | ६१७१ | ६७८८.१ | ७४६६.९१ | ८२१३.६० | ३४२४९.६१ |
| **जम्मा** | २८९२५ | ३१८१७.५ | ३४९९९.२५ | ३८४९९.१८ | ४२३४९.०९ | ४६५८४ | १९४२४९ |
| **ग) आन्तरिक स्रोत** | २४०० | २६४० | २९०४ | ३१९४.४ | ३५१३.८४ | ३८६५.२२ | १६११७.४६ |
| **घ) दातृनिकाय तथा संघसंस्थाबाट प्राप्त सहयोग** | - | - | - | - | - | - | - |
| **कुल जम्मा** | ४१,४०,२५ | ४५,६५,६७ | ५०,०२,२४ | ५४,७७,४५ | ५९,९५,२० | ६५,५९,७२ | २८२,५०,३३ |

## ६.२.७ गाउँपालिकाको आय विवरण

| आय शीर्षक | गत वर्ष (रु. हजारमा) (२०७४/०७५) | | चालुवर्षको (०७५/०७६) | चालु वर्ष फाल्गुण मसान्त सम्म (रु हजारमा) |
|---|---|---|---|---|
| | अनुमानित | वास्तविक | अनुमानित | वास्तविक |
| शुरु मौज्दात | ५४०० | ५४०० | १५००० | २५००० |
| घरजग्गा कर | - | - | - | - |
| मालपोत वा भूमिकर | ९४५ | २००० | १००० | १०२० |
| घरवहाल कर | - | - | १०० | ८० |
| सवारी साधन कर | - | - | - | - |
| मनोरञ्जन कर | - | - | - | - |
| वहाल विटौरी | - | - | - | - |
| विज्ञापन कर | - | - | ५० | ०० |
| व्यवसाय कर | - | - | १ लाख | ०० |
| मनोरञ्जन कर | - | - | १०० | ०० |
| स्वास्थ्य सेवाकर | - | - | | |
| शिक्षा सेवा शुल्क | - | - | | |
| अन्य कर | - | - | | |
| अन्य विविध आय | - | - | | |
| सेवा शुल्क तथा दस्तुर | ३८२ | १००० | ३०० | ५०० |
| **आन्तरिक राजश्व मात्र जम्मा** | ६१९ | ४००० | २४०० | १९०० |
| **कुल जम्मा गतवर्षको मौज्दात सहित** | ६०१९ | ९४०० | १७४०० | २६६०० |
| **प्रदेश अनुदान :** | | | | |
| वित्तीय समानीकरण अनुदान | - | - | ७३२५ | ७३२५ |
| सशर्त अनुदान | ५००० | १८०० | २०५०० | २०५०० |
| विशेष अनुदान | - | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| समपुरक अनुदान | - | - | - | - |
| **प्रदेश अनुदान जम्मा** | | | | |
| **संघीय अनुदान :** | | | | |
| वित्तीय समानीकरण अनुदान | १८१८०० | १८१८०० | १५०५०० | १५०५०० |
| सशर्त अनुदान | ९०००० | ९५०००० | १२८५०० | १३९६०० |
| विशेष अनुदान | - | - | - | - |
| समपुरक अनुदान | - | - | - | - |
| **संघीय अनुदान जम्मा** | | | | |
| **कुल जम्मा** | | | | |

# परिच्छेद ६ः विषयगत कार्यनीतिहरू

## ६.१ आर्थिक विकास क्षेत्रका कार्यनीतिहरु

विषयगत उद्देश्य तथा अपेक्षित प्रतिफल प्राप्त गर्न कार्यक्रम र बजेट मात्र पर्याप्त हुँदैन । नीतिगत व्यवस्थाहरूले कार्य गर्ने उपयुक्त वातावरण तयार गर्ने, लगानी आकर्षण गर्ने, समन्वय र सहकार्य अभिवृद्धि गर्ने लगायतका महत्वपूर्ण कार्यहरू गर्दछ। यसर्थ कृषि क्षेत्रको प्रवर्द्धन गरी निर्दिष्ट उद्देश्य र अपेक्षित प्रतिफल प्राप्त गर्न गाउँपालिकाले यस योजना अवधिमा विभिन्न नीतिहरूको अवलम्बन गर्नेछ जुन देहायअनुसार हुनेछ :

### कृषि सम्बन्धी कार्यनीतिहरु

- कृषि समूहहरूलाई आवश्यक ज्ञान, सीप र चेतना अभिवृद्धिमार्फत् आधुनिक र व्यवसायिक बन्न उत्प्रेरित गरिनेछ ।
- सहकारी संस्थाहरुलाई मल कारोबारमा सहजीकरण गरी सुपथ मूल्यमा सहज तरिकाले समयमै मल प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गरिनेछ ।
- विद्यमान कुलो मर्मत संभारका लागि जनसहभागिता परिचालनमा जोड दिइनेछ । बढी खर्च आउने मर्मत संभारका लागि गाउँपालिकाबाट खास मापदण्ड बनाई सो आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
- राम्रो काम गर्ने अगुवा कृषक तथा व्यवसायिक कृषकहरुलाई वार्षिक रुपमा प्रोत्साहनका कार्यक्रमहरु आयोजना गरी कृषि क्षेत्रमा युवा वर्गको आकर्षक वृद्धि गरिनेछ ।
- सूक्ष्म जलवायु तथा माटोको गुण तथा अन्य परिसूचकहरूका आधारमा तुलनात्मक लाभलागत विश्लेषण गरी भौगोलिक क्षेत्रअनुसार कृषि पटेक क्षेत्रहरू पहिचान गरिनेछ ।
- पहिचान भएका कृषि पकेट क्षेत्रहरूमा तोकिएअनुसारका कृषि बालीहरूको व्यवसायिक खेती गर्ने कृषकहरूलाई सहयोगार्थ गाउँपालिकाले विभिन्न संघसंस्थासँग समन्वय गर्नेछ अथवा आफ्नै स्रोतबाट समेत आवश्यक ज्ञान, सीप प्रदान गर्नेछ ।
- स्थानीय बजारमा समयमा गुणस्तरीय रासायनिक मल तथा बीउको उपलब्ध भए नभएको सम्बन्धमा हरेक वर्ष कृषि शाखाबाट प्रतिवेदन प्राप्त गरी कृषकहरूको यसमा पहुँचका लागि गाउँपालिकाले पहल गर्नेछ ।
- सिंचाइ सुविधाको विस्तार, कृषि सडक निर्माण, शीत गृह निर्माणजस्ता प्रमुख कृषि पूर्वाधार निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग थप कार्यक्रम, बजेटका लागि पहल गरिनेछ ।
- गाउँपालिकाले बैंक तथा वित्तीय संघसंस्थाहरूसँग सहकार्य/सम्झौता गरी विना धितो ऋण, न्यूनतम ब्याजदरको ऋणलगायतका विभिन्न प्याकेज कार्यक्रमहरूमार्फत् युवा जनशक्तिलाई व्यवसायिक कृषिप्रति आकर्षित गरिनेछ ।
- स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न सक्षम सफल व्यवसायिक युवा कृषकहरूका लागि हरेक वर्ष पुरस्कारको व्यवस्था गरिनेछ ।
- कृषिलाई पर्यटनसँग आवद्ध गरी कृषि पर्यटनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

## पशु सेवा सम्बन्धी कार्यनीतिहरु

पशुपालन क्षेत्रको व्यवसायिकरणका लागि गाउँपालिकाले विभिन्न नीतिहरूको अवलम्बन गर्नेछ जुन देहायअनुसार हुनेछ :

- आवश्यक ज्ञान, सीप हस्तान्तरण र पूँजी लगानीमा सहजीकरणमार्फत् आधुनिक व्यवसायिक पशुपालन पेशामा युवा पुस्तालाई आकर्षित गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका इच्छुक युवाहरूलाई प्राथमिकताका साथ यस्ता कार्यक्रमहरूमा समावेश गरिनेछ ।

- सडक, विद्युत्, सञ्चारजस्ता पूर्वाधारको विस्तार गर्दै पशुपन्छीपालनमा यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरणमा लाग्ने वातावरण सिर्जना गरिनेछ ।
- पशु आहारा, खोर सुधार, पशु प्रजनन् तथा स्वास्थ्यलगायतका क्षेत्रमा एकीकृत ढंगमा सुधार गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- पशुपंक्षी तथा घाँसको स्थानीय प्रजातिको संरक्षण र उन्नत जात तथा प्रजातिको आपूर्ति गरी स्थान विशेषमा प्रवर्द्धन गरिनेछ ।
- पशु बीमा कार्यक्रमहरू विस्तार गरी पशुपालक कृषकहरूको जोखिम न्यूनीकरण गरिनेछ ।
- पशु सेवा शाखालाई पशुपन्छीसम्बन्धी आधारभूत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी अनुसन्धानको नतिजाका आधारमा पशु सेवा कार्यक्रमहरू सिफारिश गर्न सक्षम बनाइनेछ ।
- पशु सेवा सम्बन्धी आवश्यक ज्ञान, सीप विस्तारका लागि सचेतना मूलक कार्यक्रमहरू, जानकारीमूलक कार्यक्रमहरूको सञ्चालनका लागि हरेक वडामा पशुपालनको घनत्व र प्राथमिकताका आधारमा पशु प्राविधिकहरूको व्यवस्था गरिनेछ ।
- गाउँ स्तरसम्म पशुस्वास्थ्य प्रयोगशाला सञ्चालन गर्ने  र यस्ता प्रयोगशालामार्फत रोग सर्विलेन्सको कार्य अघि बढाइनेछ ।
- निजी क्षेत्रको सहयोगमा साना दुग्ध प्रशोधन यन्त्रको (Milk Processing Plant) स्थापनामा टेवा पुऱ्याइनेछ ।
- गाउँपालिकाले बैंक तथा वित्तीय संघसंस्थाहरूसँग सहकार्य/सम्झौता गरी विना धितो ऋण, न्यूनतम व्याजदरको ऋणलगायतका विभिन्न प्याकेज कार्यक्रमहरूमार्फत् युवा जनशक्तिलाई व्यवसायिक कृषिप्रति आकर्षित गरिनेछ ।
- स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न सक्षम सफल व्यवसायिक युवा पशुपालकहरूका लागि हरेक वर्ष पुरस्कारको व्यवस्था गरिनेछ ।
- पशुजन्य वस्तुहरूको उत्पादन संकलन, प्रशोधन र बजारसम्म पुऱ्याउन गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ ।
- पशुजन्य उत्पादनको गुणस्तर सुनिश्चित गर्न पशु बधशाला, मासु परीक्षण प्रयोगशालालगायतको पूर्वाधारको विकास गरी बिक्री अघि परीक्षण गर्नुपर्ने व्यवस्था गरिनेछ ।

## उद्योग तथा पर्यटन सम्बन्धी कार्यनीतिहरु

उद्योग, पर्यटन, व्यापार, व्यवसायमा वृद्धि र विकास गर्न उल्लिखित प्रमुख कार्यक्रम बजेटका अतिरिक्त गाउँपालिकाले विभिन्न नीतिहरूको अवलम्बन गर्नेछ जुन देहायअनुसार हुनेछ :

- नेपाल सरकारको एक स्थानीय तह, एक औद्योगिक ग्रामको नीतिअनुसार औद्योगिक ग्राम स्थापनाका लागि गाउँपालिकाबाट जग्गा व्यवस्था गरी पूर्वाधार निर्माणका लागि नेपाल सरकारसँग पहल गरिनेछ ।
- औद्योगिक पूर्वाधारको व्यवस्था र लगानी मैत्री नीतिगत व्यवस्था गरिनेछ । गाउँपालिकाभित्रको सम्भावनाको आधारमा उद्योग स्थापनाका लागि नेपालका औद्योगिक घरानासँग गाउँपालिकाले संवाद अघि बढाउनेछ ।
- कृषि र पशुजन्य उद्योग स्थापनामा जोड दिई आर्थिक क्षेत्रका विभिन्न उपक्षेत्रहरूबीचको परिपूरक सम्बन्ध विस्तार गरिनेछ ।
- लगानी वृद्धिका लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई व्यवहारमा कार्यान्वयनमा ल्याइनेछ ।
- विपन्न र मझौला आम्दानी भएका परिवारका लागि साझा सुविधा केन्द्र अथवा साझा उद्यम स्थल निर्माण गर्न गाउँपालिकामार्फत् आर्थिक वा प्राविधिक सहयोग गरिनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आवश्यक प्रोत्साहन  गरिनेछ ।
- रेमिटेन्सबाट प्राप्त आम्दानी औद्योगिक क्षेत्रमा लगानीका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- वनजन्य उद्योगको सम्भाव्यता अध्ययन गरी उद्योग स्थापनाका लागि आवश्यक कार्य अघि बढाइनेछ ।
- प्राकृतिक, सांस्कृतिक, धार्मिक स्थलहरूको संवर्द्धन गरी उक्त स्थलहरूसम्म पुग्ने पदमार्ग एवम् अन्य पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ ।

## बैंक तथा वित्तीय संस्था सम्बन्धी कार्यनीतिहरु

बजेट र कार्यक्रमका अलावा नीतिगत व्यवस्थाहरू लक्ष्य प्राप्तिका लागि उत्तिकै महत्वपूर्ण हुने गर्दछन् । नीतिगत व्यवस्थाले काम गर्ने वातावरणमा सुधार, लगानी आकर्षण तथा कार्यमा प्रभावकारिता वृद्धि गर्न सहयोग गर्दछ । यस परिप्रेक्षमा बैक, वित्तीय संस्था तथा सहकारी क्षेत्रको उद्देश्य तथा अपेक्षित प्रतिफल प्राप्तिका लागि निम्नानुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछ :

- गाउँपालिकाको सहकारी तथा वित्तीय संस्थासम्बन्धी ऐन छिटो तर्जुमा र जारी गरी उपरोक्त संस्थाहरूको नियमन र प्रवर्द्धन गरिनेछ ।
- विद्यमान सहकारी संस्थाहरूको सूचना संकलन गरी सहकारीको वास्तविक अवस्था पहिचान गरी नियमित अद्यावधिकरणको व्यवस्था गरिनेछ ।
- सहकारी तथा वित्तीय संस्थासम्बन्धी बृहत् गोष्ठी आयोजना गरी उनीहरूका समस्या र चासोहरू संकलन गर्दै जायज चासोहरूको सम्बोधन गरिनेछ । सहकारी तथा वित्तीय संस्थाहरूको नाफाको अधिकतम हिस्सा लक्षित समुदायको उत्थानमा लगाउन नीतिगत व्यवस्था गरिनेछ ।
- आफ्नो कार्यक्षेत्रका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई एकीकृत गर्दै सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्मनिर्भर तथा दिगो अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउनु सहकारीको सिद्धान्त एक महत्वपूर्ण हिस्सा भएको हुँदा सहकारीहरूलाई यस दिशामा डोहोऱ्याउन गाउँपालिकाले नियमनकारी निकायको भूमिका प्रभावकारी रुपमा निर्वाह गर्नेछ ।
- निष्पक्ष, पारदर्शी नियमकारी व्यवस्था कार्यान्वयनमा ल्याइनेछ र संस्थाको सेवाको स्तरका आधारमा नगरपालिकामार्फत् सहयोग गर्ने व्यवस्था गरिनेछ ।
- सहकारीमा सञ्चालन सुशासन तथा वित्तिय सुशासनको अवस्था अनुगमनको व्यवस्था गरी प्रभावकारी ढङ्गले सञ्चालन हुन नसकेका वा निष्क्रिय रहेका सहकारीहरूको लागि पहिलो चरणमा क्षमता अभिवृद्धि गर्ने र यसपश्चात् पनि कार्यसम्पादन सुधार हुन नसकेमा अन्य सहकारीसँग गाभ्न सहयोग गर्ने वा खारेजीको व्यवस्था गरी सहकारी शुद्धिकरण गरिनेछ ।
- वित्तीय संस्था तथा सहकारीहरूलाई गुणस्तरीय तथा सुशासनयुक्त बनाई सहकारीको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।
- सञ्चालनमा रहेका राम्रा संस्थाहरूलाई अझ प्रभावकारी ढङ्गले चलाउन क्षमता अभिवृद्धि तालिम, प्राविधिक सहयोग, प्रविधि तथा पूर्वाधारमा सहयोग गरिनेछ । सहकारी संस्थाहरूलाई आवश्यक आर्थिक, प्राविधिक सहयोग दिई बढी आधुनिकीकरण तथा व्यवसायीकरणतर्फ उन्मुख गराउन आवश्यक अध्ययन थालनी गरिनेछ ।
- गउँपालिकाभित्र बैंक, वित्तीय संस्था तथा सहकारी एकाईको गठन गरी उक्त संरचनामार्फत् यस क्षेत्रको नियमन प्रक्रिया अघि बढाइनेछ ।
- बैंक, वित्तीय संस्थाबाट संकलित रकम अधिकतम हदसम्म उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने व्यवस्था गरिनेछ ।

## ६.२ सामाजिक विकास क्षेत्रको कार्यनीतिहरु

### शिक्षा सम्बन्धी कार्यनीतिहरु

शिक्षा क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल हासिल गर्नका लागि निम्नअनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछः

- दरबन्दी मिलान तथा अपुग स्थानमा थप शिक्षकको व्यवस्था गरी सबै विद्यालयमा शिक्षक विद्यार्थी अनुपातलाई राष्ट्रिय मापदण्डअनुसार कायम गरिनेछ ।
- विद्यालय कम्पाउण्ड, कक्षा कोठा थप, फर्निचर, ल्याव, पुस्तकालय, कम्प्युटरलगायत पूर्वाधार र शैक्षिक सामग्रीहरूको व्यवस्था गरी पठन पाठनको वातावरणमा सुधार गरिनेछ ।
- आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको मातहत हुने संवैधानिक व्यवस्था भएको परिप्रेक्ष्यमा हरेक विद्यालयको पठनपाठनको स्तर अनुगमन मूल्यांकन, कार्यसम्पादन मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर सुधार गर्न वार्षिक कार्ययोजनासहितको कार्यक्रम अघि बढाइनेछ ।
- विद्यालय छाड्ने दर बढी भएका विद्यालयहरू पहिचान गरी अतिरिक्त क्रियाकलाप, बालमैत्री शिक्षालगायतका कार्यक्रमको विस्तार गरी विद्यालयमा विद्यार्थीको आकर्षण कायम राखिने छ र त्यसक्षेत्रमा अभिभावकसँग समेत विशेष छलफलहरू सञ्चालन गरिनेछ ।
- विद्यालयमा बालमैत्री वातावरण, दिवा खाजालगायतका प्रवर्द्धनात्मक क्रियाकलापहरूमार्फत् भर्नादर, टिकाउ दर तथा उत्तीर्ण दरमा वृद्धि र पुनरावृत्ति दर तथा विद्यालय छाड्ने दरलाई घटाउन विशेष पहल गरिनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिमलगायत क्षमता अभिवृद्धिका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा कम्तीमा एउटा प्राविधिक धारको विद्यालय सञ्चालनमा ल्याइएने छ ।
- शिक्षाको पहुँचबाट टाढा रहने सक्ने बालबालिकालाई ध्यामा राखी आवाशीय वा दिवा आवाशीय विद्यालय सञ्चालनमा ल्याइने छ ।

## स्वास्थ्य सम्बन्धी कार्यनीतिहरु

स्वास्थ्य क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल हासिल गर्नका लागि निम्नअनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछः

- अस्पताल स्थापनाका लागि केन्द्र र प्रदेश सरकारसँग पहल गरिनेछ ।
- आयुर्वेद स्वास्थ्य सेवाको उपयोग क्रमशः बढाउँदै आयुर्वेदिक उपचारलाई एक मुख्य स्वास्थ्य उपचार पद्धतिका साथ स्थापित गरिनेछ ।
- तोकिएको पूर्ण अवधि डाक्टर/स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थामा उपलब्ध हुने वातावरण तर्जुमा गरिनेछ ।
- सरकारले निःशुल्क उपचार गर्ने भनी घोषणा गरेका रोगहरूको सहज उपचारको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- परिवार नियोजन, जनसंख्या शिक्षा तथा चेतना अभिवृद्धिका माध्यमबाट जनसंख्या व्यवस्थापन गरिनेछ ।

## महिला बालबालिका तथा लक्षित वर्ग सम्बन्धी कार्यनीति

महिला, बालबालिका तथा लक्षित वर्गको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल हासिल गर्नका लागि निम्नअनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछः

- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता सहज तथा समयमै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- स्थानीय शासनका सबै तहमा बञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।
- योजना तर्जुमा र कार्यान्वयनको निर्णायक तहमा महिला सहभागिता ५० प्रतिशत कायम गर्न जोड दिइनेछ ।
- अपांग, लोपोन्मुख, अति गरिब, एकल महिला, दलित र अन्य सीमान्तीकृत वर्गलाई स्वरोजगार तथा आयआर्जनका क्रियाकलापमा संलग्न गराइनेछ ।
- वित्तीय संस्थामा पिछडिएका समुदायको पहुँच वृद्धिका लागि वित्तीय संस्था र लक्षित समुदायबीचको अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीपको उपयोग/हस्तान्तरणकालागि संगम स्थलहरू पहिचान र प्रवर्द्धन गरिनेछ ।

### युवा तथा खेलकुद सम्बन्धी कार्यनीतिहरु

युवा तथा खेलकुद क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल हासिल गर्नका लागि निम्नअनुसार नीतिगत व्यवस्थाहरू प्रस्ताव गरिएको छ ।

- युवाहरूलाई आधुनिक कृषि तथा पशुपालन, उद्योग, पर्यटनलगायत उत्पादनशील क्षेत्रमा आकर्षित गर्न प्रोत्साहनमूलक कार्यक्रमहरू ल्याइनेछ ।
- दुर्व्यसन, कुलत जस्ता असामाजिक क्रियाकलापहरूबाट युवाहरूलाई टाढै राख्न समुदाय तथा गैससहरूसँग सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गाउँपालिका तथा वडास्तरमा नियमित रुपमा खेलकुद प्रतियोगिताहरू आयोजना गरी प्रतिभाशाली खेलाडीहरू पहिचान गर्ने, पहिचान भएका खेलाडीहरूलाई थप अवसरहरू प्रदान गर्ने काम गरिनेछ ।
- परम्परागत मौलिक खेलकुदहरूको प्रवर्द्धन गरी पर्यटनसँग आवद्ध गरिनेछ ।
- खेलकुदको व्यवासयिक विकास लागि आवश्यक न्यूनतम खेलमैदान, कभर्डहल, रंगशालालगायत पूर्वाधारहरूको आवश्यकता र सम्भाव्यता अध्ययन कार्यलाई तुरुन्त अघि बढाई त्यसको प्रतिवेदनका आधारमा खेलकुद पूर्वाधार विकासलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।
- खेलकुदको विविधिकरणका लागि पर्वतीय, परम्परागत, साहसिक खेलकुद प्रतियोगिताहरूको सम्भावना खोजी गरिनेछ ।
- संस्थागत तथा सामुदायिक विद्यालयहरूसँगको सहकार्यमा नियमितरुपमा विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ ।

## ६.३ पूर्वाधार विकास क्षेत्रको कार्यनीतिहरु

### सडक सम्बन्धी कार्यनीतिहरु

- नयाँ सडक खोल्ने भन्दा पनि भएका सडकहरुको स्तरोन्नती गरिनेछ ।
- सडकको रणनीतिक महत्वको आधारमा वर्गीकरण गरी त्यसै अनुसार कालो पत्रे गर्ने, वा ग्राभेल वा सामान्य मर्मत गर्ने कार्य गरिनेछ ।
- गाउँपालिकाका वडा केन्द्र जोड्ने सडकहरुलाई पहिलो प्राथमिकतामा राखी काम गरिनेछ र त्यस पछि विद्यालय, स्वास्थ्य चौकी जस्ता सेवा केन्द्रहरुलाई प्राथमिकता दिइनेछ ।
- सडक निर्माणमा जन सहभागिता तथा उपभोक्ता समितिको सम्लग्नता कार्य गरिनेछ ।

## ६.४ वन तथा वातावरण क्षेत्रको कार्यनीतिहरु

वन क्षेत्रको दीगो व्यवस्थापन मार्फत् रोजगारी सिर्जना तथा जीविकोपर्जनमा सुधार गर्न सहयोग गर्ने प्रयोजनका लागि निम्नअनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछ :

- समुदाय, प्रशासन तथा सरोकारवालाहरूसँग समन्वय गर्दै वन अतिक्रमण, चोरी निकासी तथा वन डढेलोको सहभागितामूलक ढंगले नियन्त्रण गरिनेछ ।
- गाउँपालिकाभित्र पाइने वनस्पतिको अभिलेख तयार गरिनेछ तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु प्रजातिहरूको पहिचान र संवर्द्धन गरी पर्यावरणीय पर्यटनमा टेवा पुऱ्याइनेछ । यसका लागि विशेष कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- वन समूहहरूलाई व्यवस्थित बनाई अव्यवस्थित चरिचरण नियन्त्रण गरिनेछ ।
- धेरै पुराना बोटविरुवाको व्यवस्थापन र नयाँ बोटविरुवा हुर्कने (regeneration) वातावरण सिर्जना गर्दै यस कार्यलाई विपन्न समुदायको जीविकोपार्जनसँग आवद्ध गरिनेछ ।

## ६.५ संस्थागत विकास तथा सुशासन सम्बन्धी कार्यनीतिहरु

- गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई न्यूनतम् सुविधा सहितको आफ्नै भवनमा सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका तथा वडा कार्यलयहरुमा इगभर्नेन्स अवलम्बन गरिनेछ ।
- वडा कार्यलयबाट सम्भव हुने सम्मका सेवाहरुलाई वडाबाट प्रदान गरिनेछ ।
- सुशासन प्रवर्द्धन गर्न गुनासोको सम्बोधन प्रभावकारी र छिटो छरितो ढंगबाट गरिनेछ ।
- सेवा प्रभावकारिताको लागि जन प्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यक क्षमता विकास तालिम प्रदान गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट कुन कुन सेवा प्रदान गरिने हो सो को जानकारी आम सञ्चारको माध्यमबाट व्यापक प्रचार प्रसारको व्यवस्था गरिनेछ ।
- सेवाग्राहीले आफूले चाहेको सेवा प्राप्त गर्न चाहिने आवश्यक कागजात तथा प्रक्रियाको बारे विभिन्न संचार माध्यमबाट प्रचार प्रसार गरिनेछ ।
- जवाफ देहिता अभिबृदिकालागि सार्वजनिक सुनुवाई, सार्वननिक परीक्षण, सामाजिक परीक्षण जस्ता जवाफदेहिताको औजारहरुको अधिकतम् प्रयोग गरिनेछ ।
- कर्मचारीहरुको लागि दण्ड र पुरस्कारको व्यवस्था र सेवा ग्राहीको लागि क्षतिपूर्ति सहितको सेवा सुनिश्चित गरिनेछ ।

# परिच्छद ७ः अनुगमन तथा मूल्याङ्कन पद्धति

## पृष्ठभूमि

कुनै पनि योजना अपेक्षित गति, गुणस्तर र दिशामा अग्रसर भइरहेको छ भन्ने कुरा योजना कार्यान्वयनकै अवधिमा थाहा पाउन सके सम्बन्धित योजना तथा कार्यक्रमहरुलाई आवश्यकताअनुसार परिमार्जन गरी सही दिशा दिन सकिन्छ। यही भूमिकाका कारण योजना चक्रमा अनुगमन[1]को भूमिका महत्वपूर्ण रहेको छ। नेपालको राज्यव्यवस्था लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भइसकेपछि नागरिकमा तीव्र विकासको अपेक्षा रहेको छ । यस परिवेशमा यस अनुगमन मूल्यांकन ढाँचाले गाउँपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु सही दिशा, गुणस्तर र गतिमा सञ्चालन भइरहेको छ छैन भनी नियमित अन्तरालमा जानकारी दिई निर्दिष्ट लक्ष्य, उद्देश्य तथा तथा अपेक्षित प्रतिफल हासिल गर्न सघाउ पुऱ्याउँछ।

मूल्यांकन कुनै पनि योजनाको अन्तिम क्रियाकलाप हो । यो योजना सम्पन्न भएको सामान्यतया दुईवर्षपछि गरिन्छ र योजनाको मध्यअवधिमा पनि गर्ने चलन छ । मूल्यांकनले सञ्चालित योजना तथा कार्यक्रमहरु समय सान्दर्भिक/औचित्यपूर्ण थिए वा थिएनन्, समयानुकूल थिए वा थिएनन्, ती योजना कार्यक्रम आफैंमा आवश्यक थिए वा थिएनन् भन्ने विषयमा तथ्यमा आधारित रही जानकारी गराउँदछ । यस अनुगमन मूल्यांकन ढाँचाले यस बृहत् योजनाको मूल्यांकनका लागि विधि तथा पद्धति स्थापित गर्दछ।

अनुगमन, मूल्यांकनको उपरोक्त सैद्धान्तिक पृष्ठभूमिमा यस अनुगमन, मूल्यांकन पद्धतिले गाउँपालिकाको आवधिक रणनीतिक विकास योजनाको प्रभाव, असर मूल्यांकन तथा अपेक्षित प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। नगरपालिकाले सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरी यस योजनाको कार्यान्वयन प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्नेछ। गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहने गरी प्रस्ताव गरिएको छ :

गाउँ विकास योजनाको अनुगमन प्रक्रियाको सम्पूर्ण सहजीकरण गर्ने जिम्मेवारी नगरपालिकाका कार्यालयको हुनेछ । गाउँपालिका कार्यालयले यस आवधिक रणनीतिक विकास योजनाको सोच तालिका तथा कार्यान्वयन योजनामा आधारित रही वार्षिक अनुगमन कार्यान्वयन योजना तर्जुमा गरी सोको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्नेछ। योजना अनुगमनमा संलग्न हुने संयन्त्रहरु देहायबमोजिम हुनेछन् :

- जिल्ला समन्वय समिति
- गाउँकार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ, संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

गाउँ विकास योजनाको अनुगमनका साधन तथा विधि देहायअनुसार हुनेछः

- स्थलगत अनुगमन
- वार्षिक कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- आवधिक योजनाको लक्ष्य र प्रगतिबीच तुलना
- नागरिक अनुगमन
- कार्यान्वयन योजनामा आधारित क्रियाकलाप अनुगमन र सोच तालिकामा आधारित प्रतिफल अनुगमन

---

[1] योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ। (राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, २०७० असार)

- कार्यान्वयन योजना र सोच तालिकामा आधारित मध्यावधि समीक्षा
- सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनु पर्नेछ:

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन<br>• वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>• बृहत् योजनाको कार्यान्वयन योजनाको वार्षिक लक्ष र प्रगतिको तुलनात्मक अध्ययन | • अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने<br>• गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि गापासमक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, बार्षिक र मध्यावधि | • स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>• सञ्चालित योजनाहरुको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | गाउँ कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | • लक्षित समूह तथा सहभागितामूलक छलफल<br>• नमूना सर्वेक्षणमार्फत् सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>• योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>• प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |
| **मूल्याङ्कन प्रक्रिया** | | | | |
| असर तह मूल्यांकन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | • लक्षित समूह तथा सहभागितामूलक छलफल<br>• नमूना सर्वेक्षणमार्फत् सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>• असर तहका सूचना संकलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>• प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |
| प्रभाव तह मूल्यांकन | गाउँ कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | • लक्षित समूह तथा सहभागितामूलक छलफल<br>• नमूना सर्वेक्षणमार्फत् योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरु हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>• प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | |

# अनुसूचिहरु

## अनुसूचि १ : विभिन्न क्षेत्रका उपलब्धि विश्लेषण

### बिषयगत उपलब्धी विश्लेषण

| बिषयगत क्षेत्र | हाल सम्मको उपलब्धी | सुधार गर्नुपर्ने पक्षहरु | मुख्य चुनौतिहरु |
|---|---|---|---|
| शिक्षा | ▪ सबै वडाहरुमा माध्यमिक तहसम्मको विद्यालय स्थापना भएको ।<br>▪ सबै वडाहरुमा पूर्ण साक्षर घोषण भइसकेको ।<br>▪ अधिकांश विद्यालयमा ICT पुर्वाधार, पुस्तकालय, विज्ञान प्रयोगशालाको व्यवस्थापन भएको ।<br>▪ विधुतीय हाजिरीको अभ्यास (नमूना अभ्यास) भएको ।<br>▪ बालमैत्री शिक्षण प्राथमिक तहमा लागु गरिएको ।<br>▪ प्राथमिक तहमा केही विद्यालयमा अंग्रेजी माध्यमबाट शिक्षणको अभ्यास हुदैआएको<br>▪ विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालय वाहिर नरहेको दावी ।<br>▪ कक्षागत एवमं तहगत सिकाई उपलव्धीमा बृद्धि भएको ।<br>▪ समय सापेक्ष शिक्षण कौशल ( | ▪ सबै विद्यालयहरुमा अंग्रेजी माध्यमको शिक्षण लागु गर्दै जानुपर्ने ।<br>▪ शिक्षक तालिमको व्यवस्था हुनुपर्ने ।<br>▪ विज्ञान प्रयोगशाला तथा पुस्तकालयको व्यवस्थापन र प्रयोगमा जोड दिनुपर्ने ।<br>▪ अनुगमन, निरिक्षण तथा पृष्ठपोषणमा जोड दिनुपर्ने ।<br>▪ सबै विद्यालयमा कम्प्युटर प्रयोग र शिक्षणमा जोड दिनुपर्ने ।<br>▪ विद्यालय सरोकारवालाहरुसंग अभिमुखिकरण कार्यशाला गोष्ठी गर्नुपर्ने ।<br>▪ विद्यालय सुधार योजना (SIP) को प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।<br>▪ कक्षागत, विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन हुनुपर्ने ।<br>▪ प्रत्येक वडामा + २ स्थापना गर्न जोड दिनुपर्ने ।<br>▪ व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिनुपर्ने | ▪ नीतिगत अस्पष्टता र अन्योल ।<br>▪ विषयगत, तहगत शिक्षक दरबन्दी नहुनु ।<br>▪ दीर्घकालिन, अल्पकालिन शिक्षक तालिमको व्यवस्थापन गर्नु ।<br>महिला, छात्रामैत्री शौचालय नहुनु ।<br>अनुगमन, निरिक्षण नियमित नहुनु ।<br>▪ बहुभाषिक शिक्षणका लागी शिक्षक उपलव्ध नहुनु ।<br>▪ मातृभाषा शिक्षण तालिम तथा सृजनात्मक क्रियाकलापका लागि तालिमको व्यवस्था नहुनु । |

| | | | |
|---|---|---|---|
| | Teaching Pedagogy) को निरन्तर अभ्यास भईरहेको । | ▪ शिक्षक विद्यालय नियमितता एवम वृद्धिमा जोड दिनुपर्ने ।<br>▪ विधुतीय हाजिरी सबै विद्यालयमा पुऱ्याई अनुगमन गर्नुपर्ने देखिएको छ । | |
| **स्वास्थ्य** | ▪ सबै वडाहरुमा स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्या इकाइको स्थापना भएको ।<br>▪ पूर्णखोप घोषणा गरिएको ।<br>▪ योजनबद्ध खोप संचालन भएको ।<br>▪ राष्ट्रिय अभियान (पोलियो, भिटामिन ए, जुकाको औषधी तथा हात्तीपाइले रोगको औषधी) प्रभावकारी ढंगले संचालन भएको<br>▪ स्वास्थ्य चौकीमा बर्थीङ सेन्टरको स्थापना भएको ।<br>▪ गाउँपालिकाले अत्यावश्यक औषधी खरिद गरी स्वास्थ्य चौकीमा प्रदान गरिएको साथै कडा रोगीहरुलाई आर्थिक सहायताको प्रबन्ध मिलाइएको । | ▪ तालिम प्राप्त स्वास्थ्यकर्मी दरवन्दीको व्यवस्था ।<br>▪ पालिका स्तरीय कम्तीमा ५० शैया भएको अस्पतालको स्थापना ।<br>▪ प्रत्यक वडामा गाउँघर क्लिनिकको व्यावस्थापन ।<br>▪ पालिकामा एम्बुलेन्सको आवश्यकताको परिपूर्ति ।<br>▪ पर्याप्त औषधिको व्यवस्थापन ।<br>▪ नियमित निरीक्षण, अनुगमन र प्रतिवेदन ।<br>▪ स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ताको उचित व्यवस्थापन ।<br>▪ स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन । | ▪ भौतिक पूर्वाधारको अभाव ।<br>▪ दक्ष स्वास्थ्यकर्मीको अभाव ।<br>▪ आर्थिक पक्षको अभाव ।<br>▪ यातायातको समस्या । |
| **खानेपानी तथा सरसफाई** | ▪ स्वच्छ एवम सफा खानेपानीको प्रबन्ध गरिएको ।<br>▪ खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको ।<br>▪ केहि वडाहरुलाई धुवारहित घोषणा गरिएको ।<br>▪ बातावरणीय सरसफाईमा जोड दिइएको | ▪ पानीका मुहान र संरक्षणमा जोड ।<br>▪ वनपैदाबारको संरक्षणमा जोड ।<br>▪ एकघर १ धारा एक धाराको अभियानमा जोड ।<br>▪ व्यक्तिगत तथा वातावरणीय सरसफाईमा जोड तथा जनचेतनामूलक अभियान संचालन गर्नुपर्ने ।<br>▪ हरित सडकको अवधारणालाई अंगीकार गर्नुपर्ने । | ▪ पानीका मूलहरु सुक्दै जानु ।<br>▪ वनजंगल फडानी/ वनजंगल विनास ।<br>▪ अव्यवस्थित सडकीकरण ।<br>▪ अव्यवस्थित शहरीकरण ।<br>▪ प्राकृतिक प्रकोप (भुकम्प, पहिरो, भुक्षय) |

| | | | |
|---|---|---|---|
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, बालबालिका, दलित, जनजाति, पिछडा वर्ग आदी) | ■ बृद्ध, अपाङ्ग तथा अन्य भत्ताहरु घरघरमा वितरण ।<br>■ जेष्ठ नागरिक सम्मान ।<br>■ बालपोषण कार्यक्रम संचालनमा रहेको ।<br>■ आदिवासी जनजातीहरुको भाषा संस्कार, संस्कृतिको प्रवर्दनमा आ.ब. भरीको बजेट विनियोजन गरिएको ।<br>■ दलितहरुलाई सिपमूलक तालिमको व्यवस्थापन गरिएको ।<br>■ महिलाहरुलाई विभिन्न सिपमूलक, नेतृत्व विकास तथा लेखा व्यवस्थापन सम्वन्धी तालिम दिइएको । | ■ जेष्ठ नागरिक भत्ता बढाइनु पर्ने ।<br>■ भत्ता वितरण प्रणाली सेवामुखी एवं घरदैलो सेवा हुनुपर्ने ।<br>■ हालसम्म प्रदान गरिएको सम्पूर्ण तालिमहरुलाई पूनः ताजकी गराइरहनु पर्ने।<br>■ मौलिक सीपको संरक्षण र निरन्तरता दिनुपर्ने ।<br>■ महिला, दलित, अपाङ्गलाई प्रदान गरिने सीपमूलक तालिमहरु उपलव्धी मापन गर्न सकिने गरी हुनु पर्ने, जसले व्यवसाय तर्फ उन्मूख गराओस् ।<br>■ अपाङ्ग परिचय पत्रको व्यवस्थापनमा ध्यान दिनुपर्ने ।<br>■ महिला र पुरुषको समान ज्यालको व्यवस्था लागु गर्नुपर्ने ।<br>■ हिंसामा परेका महिला तथा बालिकाहरुका लागि निश्चित अवधिको पालिका स्तरीय आश्रयको(संरक्षण) स्थानको व्यवस्था हुनुपर्ने<br>■ वडा तथा गाउपालिका स्तरीय समितिहरुमा महिलाको संख्या ५०% का साथै निर्णाएक भुमिकामा हुनुपर्ने ।<br>■ पालीका स्तरीय तथा वडास्तरीय सार्वजनीक भवनहरुमा स्तनपान गराउन तथा वच्चा सुताउनका लागि छुट्टै कोठाको व्यवस्था हुनुपर्ने<br>■ १६ वर्ष मुनीका बालवालिकलाई कुनै पनि प्रकारका श्रममा राख्न नपाउने<br>■ १६ वर्ष मुनीका बालबालिकलाई कुनै पनि प्रकारका श्रममा राख्न नपाउने | ■ स्रोत तथा साधन पर्याप्त नहुनु ।<br>■ अपाङ्गका लागी भौगोलीक विकटता ।<br>■ दलित, जनजाती, पिछडावर्गमा जनचेतनाको अभाव ।<br>■ लागुपदार्थ, मध्यपान तथा धुम्रपान सेवन । |

| | | | |
|---|---|---|---|
| | | ■ जेष्ठ नागरीकहरुकका लागि पालीका तथा वडास्तरी विश्रामस्थल (भेलाहुने, भलाकुसरीगर्ने) को व्यवस्था हुनु पर्ने ।<br>■ जेष्ठ नागरीक विषयमा छोरा बुहारी सहितको अर्न्तक्रिया गोष्ठी राख्नुपर्ने । जसवाट जेष्ठनागरीक भत्ता उनीहरुले नै खर्च गर्न सकुन् ।<br>■ गाउपालीका तथा वडा स्तरीय भवनहरुमा अपाङ्गमैत्री शौचालय तथा भऱ्याङ हुनुपर्ने ।<br>■ क्षमता र सिप भएका अपाङ्ग व्यक्तिहरुलाई रोजगारीका लागि पहिलो प्राथमीकता दिनुपर्ने । | |
| **आर्थिक विकासका क्षेत्रहरु**<br>● कृषि | ■ कृषि पेशामा आकर्षित भएको ।<br>■ कृषि आधुनिकिकरण हुदै गएको ।<br>■ किवि फार्म १ वटा रहेको ।<br>■ १२० जना कृषक बेमौसमी तरकारी खेतीमा संलग्न ।<br>■ अलैची फार्म २ वटा रहेको ।<br>■ अलैची, अदुवा, अकवरे खुर्सानी र फलफुल खेतीमा व्यवसायिकता भएका कृषक समुह ८६, | ■ कृषि फार्म, सहकारी कृषक समुहमा आवद्ध गरि पकेटमा कार्यक्रम संचालन गर्ने ।<br>■ बजारीकरणमा ध्यानदिने ।<br>■ कृषि, पशु लागानीमा वृद्धि ।<br>■ खेती प्रणालीमा गुणस्तरिय,व्यवसायिक उन्नत प्रणालीमा जोड दिने ।<br>■ कृषि उपज संकलन केन्द्र, चिस्यान केन्द्र र यातायातमा व्यवस्थापन गर्ने ।<br>■ कृषि ऋण, अनुदान तथा साझदारीमा कायक्रम संचालनमा जोड दिने ।<br>■ कृषि तालिम तथा प्रविधि हस्तान्तरणमा जोड दिने । | ■ लगानीको अभाव ।<br>■ कृषि पशु कार्यक्रम प्रथामिकतामा नपर्नु ।<br>■ व्यवसायिकीकरण हुन नसक्नु ।<br>■ स्पष्ट कृषि निति कार्यविधि नहुनु ।<br>■ नया प्रविधि, उपकरण, विउ तथा नस्ल उपयोगमा कृषकको चासो नहुनु ।<br>■ कृषकलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम नहुनु ।<br>■ यातायात, संकलन केन्द्र तथा अन्य कुराको व्यवस्था नहुनु ।<br>■ समन्वयको अभाव ।<br>■ व्यवसायिक कृषि शिक्षाको ज्ञान नहुनु । |
| ● पशु विकास | ■ बाखा फार्म २, बंगुर फार्म १, गाईफार्म २ रहेको ।<br>■ ६ वटा माछा पोखरी रहि माछा व्यवसाय | ■ विमामा प्रोत्साहन गर्नुपर्ने ।<br>■ व्यवसायिक तालिम दिनुपर्ने । | ■ |

| | | | |
|---|---|---|---|
| | संचालनमा रहेको ।<br>▪ पशु कृषक समुह २ रहेको । | | |
| • उद्यम ( उद्योग, वाणिज्य | ▪ साना मिल- ८<br>▪ हाते मिनिटेलर-५<br>▪ दुधसंकलन डेरी ५ वटा<br>▪ कृषि सहकारी ३, विधुत ७ र अन्य गरि जम्मा ४३ सहकारी रहेको ।<br>▪ चिया उद्योग-४<br>▪ चिज उद्योग -१<br>▪ कागज उद्योग -१<br>▪ फर्निचर उद्योग -२<br>▪ किराना पसल-१००<br>▪ साना ग्यारेज-१५<br>▪ मासु पसल-८<br>▪ धसिङगारे उद्योग -२ | ▪ दर्ता प्रक्रियामा आवद्ध गराउनुपर्ने ।<br>▪ स्पष्ट निति वनाउनुपर्ने ।<br>▪ अनुगमन, नियमन तथा खारेजीमा जोडदिनुपर्ने ।<br>▪ अनुदानको व्यवस्था गर्नुपर्ने ।<br>▪ करको दायरामा ल्याउनु पर्ने । | ▪ दर्ता नहुनु ।<br>▪ करको दायरामा ल्याउन नसक्नु ।<br>▪ स्पष्ट निति तथा कार्यविधि नहुनु ।<br>▪ अनुगमन नहुनु ।<br>▪ खाद्य सुरक्षाको अभाव ।<br>उद्योग क्षेत्रमा लगानी गर्न वातावरण नहुनु तथा अनुदानको व्यवस्था नहुनु । |
| • **पर्यटन** | ▪ पर्यटन प्रवर्धनका लागि राष्ट्रिय चौरी महोत्सव संचालन गर्न अन्तर गाउं/नगर स्तरिय अन्तरक्रिया संचालन गरेको ।<br>▪ होम स्टे संचालनका लागि कायक्रम तय गरी काम सुरु भएको ।<br>▪ मठ, मन्दिर गुम्बा व्यवस्थापनमा लगानी गरेको ।<br>▪ पालिका भित्र पोखरी -५, झर्ना -३, गुम्वा-१०, चर्च-२४, मन्दिर-१६,<br>▪ गुफामा गंगा गुफा, महादेवचान गुफा, सामाङखा गुफा, याखोखा गुफा,नरलुङ | ▪ प्रचार प्रसार गर्नुपर्ने ।<br>▪ बजेटको अभाव रहेकोले बजेट विनियोजन गर्नुपर्ने ।<br>▪ संरक्षण गर्नुपर्ने ।<br>▪ पर्यटकिय क्षेत्रको घोषण गर्नुपर्ने ।<br>▪ पर्यटकिय पैदल मार्ग, सडक, होम स्टेको व्यवस्था गर्नुपर्ने । | ▪ बजेटको अभाव ।<br>▪ पर्यटकिय क्षेत्रको पहिचान हुन नसक्नु ।<br>▪ प्रचार प्रसार नहुनु साथै पर्यटकिय क्षेत्र सम्वन्धि ज्ञान नहुनु ।<br>▪ युवालाइ पर्यटकीय क्षेत्रमा लाग्न प्रोत्साहन गर्न नसक्नु ।<br>▪ पर्यटक निति नहुनु । |

| | | | |
|---|---|---|---|
| | गुफा,डाडागांउ गुफा र पार्कमा सहिद पार्क, लभिञ्म पार्क रहेका छन् । | | |
| ● **सहकारी** | ■ गाउपालिका भित्र दर्ता भएका सहकारी संख्या- ३३ | ■ एकवडा एक सहकारी संस्था निर्माण गर्नुपर्ने<br>■ लेखा परिक्षण प्रतिवेदन पेश नहुनु । | ■ सहकारी संस्था संचालनमा गाह्रो हुनु ।<br>■ लेखापरिक्षण नहुनु । |
| ● **वित्तिय** | ■ प्राइम कमर्सियल बैक -१<br>■ लघुवित्त- गुरास, साहारा, निर्धन, एन एम वि, छिमेकी, समिट, फर वार्ड सहित १० वटा<br>■ ऋण तथा बचत कृषक समुह समुह सहकारी रहेका । | ■ एक परिवार एक वित्तिय संस्थामा मात्र सहभागी हुन दिनुपर्ने ।<br>■ स्थानिय सरकारको निति नियम अनुसार गाउंपालिकाको दायरामा आउनुपर्ने ।<br>■ व्याजदरमा एकरुपता ल्याउनुपर्ने । | ■ वित्तिय संस्था सम्वन्धी ज्ञानको कमी ।<br>■ व्याज दरमा एकरुपता नहुनु ।<br>■ बैंकले सोचे अनुरुप सेवा दिन नसक्नु ।<br>■ एक भन्दा वढी संस्थामा एक व्यक्ति संलग्न हुनु ।<br>■ सूचना तथा संचारको अभाव हुनु ।<br>■ वित्तिय संस्थाहरु विच समन्वयको अभाव । |
| ● अन्य | ■ | | |
| **भौतिक पूर्वाधारका क्षेत्रहरु**<br>● सडक | ■ ८५% भागमा सडक पहुँच भएको ।<br>■ १८ कि.मी ग्रावेल सडक रहेको ।<br>■ संघिय सरकारवाट १८ कि.मी सडकको कालोपत्रे गर्ने प्रक्रिया अगाडि वढेको ।<br>■ शाखा सडकहरुको स्तरोन्तीको काम जारी रहेको । | ■ १ बर्षभित्रमा सडक ट्रायक खोली स्तरोन्नतीमा लाग्नु पर्ने ।<br>■ सवै वडा केन्द्रबाट गाउँपालिका सम्म बाह्रैमास सवारी आवगमन हुन सक्ने ग्रावेल सडक निर्माण गर्नुपर्ने ।<br>■ सडक स्तरोन्नतीका लागि केन्द्रबाट तथा अन्य निकायमा बजेट माग गर्नुपर्ने ।<br>■ सबै सडकहरुमा लगत कट्टी गर्ने व्यवस्था | ■ बजेट अभाव ।<br>■ जनश्रमदानमा कमी ।सडकको अवस्थाको एकिन तथ्यांक नहुनु |

| | | | |
|---|---|---|---|
| ● पुल, पुलेसा | ■ पक्की पुलको संख्या १ रहेको । केही मात्रामा काठे तथा झोलुङ्गे पुल निर्माण **भएका ।** | गर्नुपर्ने ।<br>■ भएका पुलहरुको संरक्षण गर्नुपर्ने ।<br>■ कम्तीमा ६ वटा पक्की तथा ५ वटा झोलुङ्गेपुल आवश्यक रहेकाले त्यसका लागि बजेट माग गर्न पहल गर्ने । | ■ आवश्यक मात्रामा बजेट प्राप्त नहुनु ।<br>■ भौगोलिक विकटता **।** |
| ● **विद्युत** | ■ अनुमानित ८५ %जनतामा विद्युत पहुँच पुगेको ।<br>■ सबै वडामा विद्युत सर्भे सकिएको ।<br>■ व्यक्तिगत तथा अनुदानवाट लगभग ३०%जनताले सौर्यविद्युत प्रणाली प्रयोग गरिरहेको ।<br>■ एउटा टोलमा रा.प्र. लाइनको पहुँच रहेको ।<br>■ वडा नं. १ र २ मा रा.प्रं लाइनको लागी टेण्डर आव्हान गरिएको । | ■ प्रत्येक घरमा विद्युत पहुँच पु-याउन आवश्यक बजेट विनियोजन तथा योजना तर्जुमा गर्ने, गराउने ।<br>■ लघु जलविद्युतलाइ केन्द्रिय प्रसारण लाइनमा जोड्न पहल गर्नुपर्ने ।<br>■ वैकल्पिक उर्जाका क्षेत्रहरु पहिचान गर्ने तथा साझेदारी कार्यक्रममा जोड दिने । | ■ बजेट अभाव ।<br>■ रा.प्र. लाइनमा जोड्न जनसहभागीता रकम नजुट्नु ।<br>■ भौगोलिक विकटताका कारण विद्युत लाइन विस्तारमा समस्या । |
| ● **सञ्चार** | ■ रेडियो, मोबाइलको पर्याप्त पहुँच रहेको<br>■ स्थानीय स्तरको फालेलुङ खबर पाक्षिक पत्रिकाको प्रकाशन हुन थालेको ।आंशिक जनता सामाजिक संजाल, इन्टरनेटमा जोडिएको । | ■ सबै स्थानमा संचार सिग्नल पू-याउन पर्याप्त टावर निर्माणमा पहल गर्नुपर्ने ।<br>■ इन्टरनेट समस्या समाधानका लागी सेवा प्रदायक संस्थासंग आवश्यक समन्वय गर्नुपर्ने ।<br>■ वडाका सवै वस्तीहरुमा विद्युत पहुँच पू-याउनु पर्ने । | ■ उच्च भौगोलिक विकटता ।<br>■ वस्ती पातलो, फिजारीएको हुनु ।<br>■ भएका टावरहरुको क्षमता कम हुनु ।<br>■ यातायातको असुविधा । |
| ● **वस्ती विकास** | ■ एउटा एकीकृत वस्ती निर्माणका लागी योजना वनी बजेट विनियोजन भएको । | ■ जोखिमपूर्ण वस्तीको पहिचान गरी ती वस्तीहरुमा वस्ने परिवारलाई सुरक्षीत स्थानमा स्थानान्तरण गर्नुपर्ने । | ■ बजेट अभाव ।<br>■ जनचेतनाको अभाव ।<br>■ क्षेत्र पहिचान नहुनु । |

| | | | |
|---|---|---|---|
| | | ▪ वस्ती विकास तथा सहरिकरण मापदण्ड तयार गरि यथाशिग्र लागु गर्नुपर्ने । | ▪ भौगालिक विकटता ।<br>▪ भौतिक पूर्वाधारको कमीहुनु । |
| **वातावरण तथा विपद व्यवस्थापन**<br>● वन, जंगल | ▪ सामुदायिक वन दर्ता भएको ।<br>▪ कवुलियति वन दर्ता भएको ।<br>▪ बृक्षारोपण भईरहेको ।<br>▪ वनजंगल संरक्षण क्षेत्र घोषणा भएको | ▪ सामुदायिक वन नविकरण तथा सकृय भइ वनजंगल संरक्षण गर्नु पर्ने ।<br>▪ वन इकाइ कार्यालय स्थापना गर्नु पर्ने ।<br>▪ खाली जग्गामा वृक्षारोपण गर्नुपर्ने । | ▪ वन कार्यालय तथा कर्मचारीको अभाव ।<br>▪ वन फडानी, जनचेतनाको कमी ।<br>▪ गोलिया विक्रि, वन पैदावरको चोरी निकासी ।<br>▪ आर्थिक अभाव । |
| ● जलवायु परिवर्तन | ▪ दिसामुक्त क्षेत्र घोषणा भएको ।<br>▪ धुवारहित चुलोको शुरुवाती ।<br>▪ कच्ची सडक व्यवस्थापन हुदै ।<br>▪ अर्गानिक विधिको प्रवद्धन ।<br>▪ गाउँपालिकाले वृक्षारोपण बजेट छुट्याएको । | ▪ वन फडानी नियन्त्रण ।<br>▪ हरेक चोक वजारमा सार्वजनिक शौचालय ।<br>▪ पानी, ताल कुवा, पोखरी संरक्षण गर्नुपर्ने । | ▪ जनचेतनाको अभाव<br>▪ नियम कानुनको कार्यान्वयनको अभाव ।<br>▪ प्रतिवन्धित विषादीको प्रयोग ।<br>▪ जनसंख्या वृद्धि । |
| ● पैरो नियन्त्रण | ▪ सडकको ढल निकास ।<br>▪ वडा नं २ मा ग्याविन तार जाली प्रयोग, तटवन्धन ।<br>▪ बृक्षरोपण । | ▪ पहिरो जोखिम स्थलमा वृक्षरोपण, व्यवस्थित ढल निकास, पैरो जान सक्ने ठाउमा ग्याविन जाली,<br>▪ वनजंगल फडानी रोक्ने , आगलागि हुननदिने । | ▪ बन विनास ।<br>▪ प्राविधिक नाप नक्शा बमोजिम निर्माण कार्य नगरिनु ।<br>▪ भू-वनोट तथा भूकम्प । |
| ● वाढी भूक्षय | ▪ अलैची, चिया खेती, अम्लिसो, लोक्ता अन्य जडीवुटी खेतीवाट वाढी तथा भूक्षय कम ।<br>▪ तीनसिमाना फलोट जाने मोटर बाटोहरुमा तटबन्धन भएको । | ▪ वृक्षारोपण गर्ने, अवैध वालुवा विक्रि, ढुंगा उत्खनन, गोलिया ओसारपसार नियन्त्रण गर्नु पर्ने । | ▪ उच्च पहाडी खण्डामा अव्यवस्थित पशुचरणका कारण बनजंगल फडानी, बालुवा ढुंगा र गोलिया निकासी, अत्यधीक वस्ती तथा ढल निकास । |

| | | | |
|---|---|---|---|
| ● विपद (भुकम्प, आँधी आदी) | ▪ विद्यालयहरुमा विपद्वाट बच्ने प्राथमिक उपाय सिकाइएको । | ▪ यू.रे.स./जु.रे.स.गठन हुनुपर्ने ।<br>▪ बाक्लो तथा अव्यवस्थित वस्तीमा खुला तथा सुरक्षित स्थानको निर्माण गर्नुपर्ने । | ▪ भौगोलिक विकटता ।<br>▪ अव्यवस्थित वसोवास<br>▪ गरिवी, राज्यको अनुपस्थिति |
| **संस्थागत शुसासन**<br>● संस्थागत पूर्वाधार<br><br>● जनशक्ति व्यवस्थापन वा पूर्ति<br><br>● ऐन, नियम, निर्देशिका<br><br>● कार्य विवरण | ▪ वडा नं ५ मा वडा कार्यलयको भवन निर्माणधिन, जग्गा प्राप्त प्रक्रियामा वडा नं. १,२,३,६ र ७ भने ४ र ८ले जग्गा प्राप्त नभएको अवस्थामा रहेको ।<br><br>▪ प्राविधिक कर्मचारी करारमा नियुक्ति र कर्मचारीलाईृ पञ्जिकरण व्यवस्थापन सम्वन्धी तालिम<br><br>▪ स्थानीय सरकार संचालन ऐन अनुसार प्राप्त अधिकार अनुसार अधिकांस कानुनको निर्माण गरिएको ।<br><br>▪ स्थानीय सरकार संचालन ऐन र कार्य विभाजन नियमावली अनुसार निर्वाचित प्रतिनिधि र कर्मचारीको कार्यविवरण तयार गरिएको । | ▪ जग्गाका लागि पहल गरि वडा कार्यलयको भवन निर्माण गर्नु पर्ने ।<br><br>▪ कर्मचारीको पदपुर्ती, समय सापेक्ष क्षमता अभिवृद्धि तालिम,दण्ड र पुरस्कारको व्यवस्था, जनप्रतिनिधीलाई तालिमको व्यवस्था हुनुपर्ने ।<br><br>▪ अति आवश्यक र उपयुक्त कारण भएमा मात्र ऐन नियम निर्देशिका संशोधन गर्ने ।<br><br>▪ कामको विवरण अनुसार कार्यगर्नु पर्ने र त्यसको मूल्यांकन गर्नुपर्ने । | ▪ आर्थिक अभाव ।<br>▪ जग्गा छनौट र खरिद प्रक्रिया जटिल ।<br><br>▪ कर्मचारी पदपूर्ती, क्षमता अभिवृद्धि सम्वन्धी तालिमको व्यवस्था र तालिम लिएका कर्मचारीको सरुवा हुनु ।<br>▪ संघीय र प्रदेश कानुनसंग केही स्थानीय कानुन बाभिनु ।<br><br>▪ मूल्यांकन सम्वन्धी कानूनी व्यवस्था र प्रक्रिया । |
| ● जवाफदेहिता पालन ( सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, | ▪ वार्षिक सार्वजनिक सुनुवाई भएको । पाँच लाख भन्दा माथिको आयोजना सूचना पाटी राखिएको । | ▪ कार्यालयले गर्नुपर्ने चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्नै पर्ने ।<br>▪ प्रचार प्रसारलाई व्यापक बनाउने । | ▪ सरोकारवालाको उपस्थिती कम । |

| | | | |
|---|---|---|---|
| आयोजना सूचना पाटी) | | | |
| नियमितता (गाउँसभा, वडा भेला, उपभोक्ता समिति गठन) | ▪ गाउँ सभा नियमित रुपमा हुने गरेको ।वडाभेला नियमित भईरहेको । | ▪ कानुनले तोके अनुसार समयमै वस्ती स्तरीय योजना छनौट गर्ने गाउँसभाले परित गर्ने ।<br>▪ उपभोक्ता गठन गर्दा समयमै सुचना प्रवाह गर्नुपर्ने ।<br>▪ सर्वपक्षिय सरोकारवालालाई उपस्थित गराउनु पर्ने । | ▪ सुविधा नहुदा उपस्थित नहुनु । |

## अनुसूचि २: समस्या तथा सवालहरुको विश्लेषण

| प्रमुख समस्या तथा सवालहरु | असरहरु | कारणहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| **पूर्वाधार विकास :**<br>● **सडक तथा पुल**<br>➢ चौडा सडक नहुनु ।<br>➢ भएका सडकहरुको गुणस्तर कम हुनु ।<br>➢ पर्याप्त पुल नहुनु ।<br>➢ विना इष्टिमेट तथा सर्भेक्षणका सडक हुनु ।<br>➢ जग्गा प्राप्तीमा समस्या । | ➢ दोहोरो सवारी आवगमनमा समस्या ।<br>➢ बाह्रै महिना सवारी चल्न नसक्नु । सडकमा खाल्टा, धूलो र टर्निङ्ग नपुग्ने ।<br>➢ वर्षाको समयमा आवतजावतमा कठिनाई ।<br>➢ दुर्घटनाको विशाल सम्भवना ।<br>➢ नयाँ ट्रयाक खोल्न तथा डिपि.आर इष्टिमेट बमोजिमको काममा समस्या हुनु । | ➢ भौगोलिक विकटता ।<br>➢ अपर्याप्त बजेट ।<br>➢ जनसहभागीता पर्याप्त नजुट्नु ।<br>➢ पर्याप्त मुआब्जाको व्यवस्था नहुनु ।<br>➢ जनचेतनाको कमी । | ➢ सडकमा पर्याप्त बजेट विनियोजन गर्नु पर्ने ।<br>➢ अन्य तह तथा निकायबाट स्रोत जुटाउनु पर्ने ।<br>➢ जनसहभागितामा बृद्धि गर्ने ।<br>➢ जनचेतना अभिबृद्धि गर्ने ।<br>➢ इष्टिमेट र डि.पि.आर बमोजिमको काम गर्ने/ गराउने ।<br>➢ भएका सडकहरुको स्तरोन्नतीमा जोड दिने |

| | | | |
|---|---|---|---|
| • **सिंचाई:**<br>➢ पर्याप्त स्रोत नहुनु ।<br>➢ भएका स्रोतहरुको आवश्यक उपयोग गर्न नसक्नु ।<br>➢ आवश्यक मात्रामा नहर, कुलो,तथा सिंचाई पाइप नहुनु । | ➢ उत्पादनमा ह्रास आउनु ।<br>➢ विकासका कामहरु विचमा समन्वय नहुनु ।<br>➢ जमिनहरु बाँझो हुदै जाने ।<br>➢ उत्पादकत्व कमी<br>➢ भोकमरी , गरिवी तथा बसाइसराइ हुने । | ➢ भौगोलिक विकटता ।<br>➢ बजेटको अभाव ।<br>➢ खोला गहिरिनु ।<br>➢ व्यवस्थित , आधुनिक तथा व्यवसायिक कृषि प्रणाली अवलम्वन नगर्नु ।<br>➢ कृषि क्षेत्रमा आर्कषण कम हुनु<br>➢ जनसहभागिताको कमी । | ➢ सिंचाईको वैकल्पिक उपायको खोजी गर्ने ।<br>➢ उत्कृष्ठ कृषकलाई सम्मान / प्रोत्साहन ।<br>➢ आधुनिक खेती प्रणली अवलम्वनमा जोड दिने ।<br>➢ वन संरक्षणमा जोड दिने ।<br>➢ थोपा सिंचाई तथा प्लाटिक पोखरीमा जोड दिने । |
| **भवन तथा वस्ती विकास**<br>➢ अव्यवस्थित बसोवास हुनु ।<br>➢ भुकम्प प्रतिरोधी भवन नहुनु ।<br>➢ मापदण्ड अनुसारका भवन नहुनु ।<br>➢ जोखिमपूर्ण क्षेत्रमा बस्ती हुनु । | ➢ पूर्वाधार विकास(भौतिक) लगायत अन्य पूर्वाधारको पहुँच सवै जनतामा पू-याउन नसक्नु ।<br>➢ दैनिक विपत्तिमा मानविय क्षतिको सम्भावना हुनु ।<br>➢ भवनको आयुमा कमी ।<br>➢ पहिरो / बाढीमा जनधनको क्षति हुनु । | ➢ परम्परागत बसोवास को विकल्प नहुनु ।<br>➢ जनचेतनाको अभाव ।<br>➢ आर्थिक अभाव ।<br>➢ दक्ष जनशक्तिको अभाव ।<br>➢ गरिवी / पुर्खौली स्थानमा नै बस्ने परम्परा ।<br>➢ घाँस दाउराको सहज पहुँच | ➢ बस्तीहरुलाई केन्द्रिकृत गर्ने योजना तयार गर्ने ।<br>➢ भवन निर्माण तथा वस्ती निर्माण मापदण्ड तयार गरि लागू गर्ने ।<br>➢ जोखिमपूर्ण वस्तीहरुको पहिचान गरि एकीकृत वस्ती व्यवस्थापनमा जोड दिने । |

| | | | |
|---|---|---|---|
| **उर्जा, लघु तथा साना जलबिद्युत**<br>(बैकल्पिक उर्जा समेत)<br>➢ जलस्रोतको कमी ।<br>➢ दक्ष प्राविधिक नहुनु ।<br>➢ राष्ट्रिय प्रसारण लाइनमा जोडिन नसक्नु ।<br>➢ गुणस्तिरीय विद्युतपोल नहुनु ।<br>➢ विद्युत सामाग्रीहरुको सहज पहुँच नहुनु ।<br>➢ विद्युत सामाग्रीहरुको सहज पहुँच नहुनु ।<br>➢ बैकल्पिक उर्जाका क्षेत्रहरु पहिचान हुन नसक्नु । | ➢ चौविसै घण्टा सेवा प्रवाह हुन नसक्नु / जलविद्युतको क्षमता सानो हुनु ।<br>➢ भएका संरचनाहरु पनि सुचारु रुपले संचालन गर्न नसक्नु ।<br>➢ गुणस्तरीय विद्युत सेवा नहुनु ।<br>➢ बनजंगल विनास, जनधनको क्षती तथा प्रसारण लाइन टिकाउ नहुने ।<br>➢ तत्काल मर्मत गर्न नसक्नु ।<br>➢ काठ दाउरा तथा जलविद्युतमा मात्र निर्भर हुनुपर्ने । | ➢ सिंचाई र विद्युतको स्रोत एउटै हुनु ।<br>➢ प्राविधिक शिक्षालय टाढा हुनु ।<br>➢ आर्थिक अभाव तथा समन्वयको अभाव<br>➢ आर्थिक अभाव ।<br>➢ बजार टाढा ।<br>➢ जनचेतनाको कमी । | ➢ केन्द्रिय प्रसारण लाइनमा लघु/साना जलविद्युत जोडिनु पर्ने ।<br>➢ दक्ष जनशक्ति उत्पादनमा जोड ।<br>➢ विद्युतिकरणमा पर्याप्त लगानी गर्ने तथा लगानीमूलक उद्योगमा लगानी स्रोत खोज्ने ।<br>➢ राष्ट्रिय स्तरवाटै विद्युत सामाग्री उत्पादनमूलक उद्योगमा लगानी गर्नुपर्ने ।<br>➢ क्षेत्र पहिचान गर्ने, साझेदारीमा आधारित कार्यक्रम गर्ने, लगानीका क्षेत्र पहिचान गर्ने । |
| **प्रमुख समस्या तथा सवालहरु** | **असरहरु** | **कारणहरु** | **समाधानका उपायहरु** |
| **सामाजिक विकास**<br>● **शिक्षा,**<br>▪ तहगत तथा बिषयगत शिक्षकको व्यवस्था र बालमैत्री तथा अपांगमैत्री नहुनु<br>▪ प्राविधिक तथा व्यवसायीक शिक्षाको कमी<br>▪ उच्च शिक्षाको लागि क्याम्पस नहुनु । | ▪ गुणस्तरिय शिक्षा प्राप्तीमा कठिनाई ।<br>▪ विद्यार्थी संख्या घटनु<br>▪ बेरोजगारी बढनु<br>▪ जनशक्ति पलायन<br>▪ आर्थिक समस्या | ▪ विद्यार्थीहरु अनुर्तिण हुने<br>▪ विद्यार्थी भर्नादर घटनु<br>▪ प्राविधिक शिक्षण संस्था नहुनु<br>▪ रोजगारीको अवसर नहुनु | ▪ तहगत र बिषयगत व्यवस्थापन र बालमैत्री कक्षा व्यवस्थापन<br>▪ प्राविधिक तथा व्यवसायीक विद्यालयको स्थापना<br>▪ क्याम्पसको स्थापना |

| | | | |
|---|---|---|---|
| **स्वास्थ्य**<br>■ स्वास्थ्य संस्थामा प्रसुति नहुनु<br>■ स्वास्थ संस्थामा प्रयाप्त औषधि नहुनु<br>■ रोग निदान गर्न समस्या | ■ शिसु तथा मृत्युदर बढनु<br>■ विरामीले अन्यत्र जानुपर्ने, आर्थिक व्ययभार तथा अकाल मृत्यु वरण<br>■ रोग पत्ता लगाउन नसक्नु<br>■ स्वा. चौ.मा प्रसुति कमि हुनु | ■ प्रसुति सेवा पर्याप्त नहुनु<br>■ औसधिको व्यवस्था नहुनु<br>■ ल्याव व्यवस्था नहुनु | ■ सबै स्वास्थ्य संस्थामा २४सै घण्टा प्रसुति सेवा हुनुपर्ने<br>■ औसधि व्यवस्थापन<br>■ ल्याव स्थापना<br>■ कम्तीमा १५ सैयाको विशेषज्ञ सहितको अस्पताल सञ्चालन |
| **खानेपानी तथा सरसफाई**<br>■ पानीको मुहान नहुनु<br>■ स्वच्छ र सफा पानी पिउन नपाउनु | ■ प्रयाप्त पिउनेपानीको व्यवस्था नहुनु<br>■ वसाइसराई बढनु<br>■ रोगको संक्रमन हुनु | ■ मूल सुक्नु<br>■ वन फडानी बढनु | ■ बृक्षारोपण<br>■ पानी तान्ने /निकाल्ने<br>■ मुहान भएको बाट नभएकोमा लाने र पूर्णसरसफाइ गतिविधि संचालन गर्ने |
| **संस्कृति प्रबर्द्धन,**<br>■ स्थानीय भाषा /लिपिको लोप<br>■ मठ/मन्दिरको संरक्षणमा कमी | ■ पहिचान घटनु<br>■ जिर्ण अवस्थामा जानु | ■ प्रयोग नगर्नु वा कमी हुनु<br>■ वेवास्ता गर्नु | ■ प्रयाप्त प्रयोग गर्नु<br>■ संरक्षण गर्नु |
| **लैगिँक समानता तथा सामाजिक समावेशीकरण**<br>■ लैंगिक विभेद<br>■ लक्षित वर्गको न्यून सहभागिता | ■ हिंसा बढनु<br>■ शुसासनको अनुभूति कम<br>■ जनघनत्व घटनु | ■ पृतिसतात्मक समाज /मादक पदार्थ सेवन /गरिबी /अशिक्षा तथा कानुन कार्यान्वयनमा कमि | ■ चेतना प्रवाह<br>■ सहकारीतामा बृद्धि<br>■ कानुनको पालना |

| | | | |
|---|---|---|---|
| • **जनसंख्या व्यवस्थापन**<br>▪ बसाइसराई | | ▪ पहुँचको कमि<br>▪ पूर्वाधारको कमि (विकास)<br>▪ खानेपानीको अभाव<br>▪ जनावर आतंक | ▪ लक्षित वर्गको सहभागितामा जोड<br>▪ पूर्वाधारको व्यवस्थापनमा जोड<br>▪ एकिकृत आवास |
| **प्रमुख समस्या तथा सवालहरु** | **असरहरु** | **कारणहरु** | **समाधानका उपायहरु** |
| **आर्थिक विकास**<br>**कृषि,**<br>➢ कृषि पेशामा कृषकहरु आकर्षित हुन नसक्नु ।<br>➢ कृषि पेशा आकर्षित नभएकाले जिविकोपार्जनका लागि समस्या रहेको । | ➢ मुल्यमा भएको गिरावटका कारण कृषक अलौची, अदुवा जस्ता कृषी पेशामा आकर्षण हुन नसक्नु ।<br>➢ युवा जनशक्ति विदेशमा पलायन हुदै जानु ।<br>➢ ग्रामिण क्षेत्रवाट बसाईसरी अन्यत्र जानु । गरिवी निम्त्याउनु | ➢ बजारीकरण समस्या ।<br>➢ शितभण्डार अभाव ।<br>➢ लगानी अनुसारको उत्पादनमा कमी ।<br>➢ सिंचाईको अभाव ।<br>➢ कृषि /पशुपालन पेशा स्थानीय सरकारको प्राथमीकतामा नपर्नु ।<br>➢ आवश्यक मल विउ समयमा नपाउनु ।<br>➢ आधुनिक खेती प्रणाली ज्ञानको अभाव । | ➢ कृषि तथा पशुपालन क्षेत्रमा व्यावसायीकरणमा जोड दिने ।<br>➢ निश्चित क्षेत्र पहिचान गरि पकेट कार्यक्रम संचालन गर्ने ।<br>➢ स्पष्ट निती तय गर्ने ।<br>➢ शित भण्डार बजारीकरण आदिमा विशेष प्राथमीकता दिने ।<br>➢ आधुनिक तथा नयाँ प्रविधीको प्रयोगमा जोड दिने ।<br>➢ कृषि चौतारी कार्यक्रम वडावडामा तय गर्ने ।<br>➢ कृषि तथा पशुपालनमा अनुदानको व्यवस्था गर्नुपर्ने । |

| | | | |
|---|---|---|---|
| **उद्योग तथा बाणिज्य,**<br>➢ स्पष्ट निति नहुनु ।<br>➢ लगानीमा सुनिश्चितता नहुनु ।<br>➢ बजेटको समस्या ।<br>➢ लगानीमा उचित प्रतिफल नहुनु ।<br>➢ खाद्य सुरक्षाको ज्ञान नहुनु ।<br>➢ कच्चा पदार्गको अभाव ।<br>➢ दक्ष सिप भएका जनशक्तिको अभाव । | ➢ स्पष्ट नितिको अभावमा जो कोहीलाई कानुनी दायरा अर्थात् करको दायरामा ल्याउन नसक्नु ।<br>➢ अस्वस्थ्य र मिसासवटयुक्त उत्पादन र प्रयोग ।<br>➢ रोजगारीको अभाव ।<br>➢ जिवनस्तरमा वृद्धि नहुनु । | ➢ नीति, नियम, कानुनको प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।<br>➢ उपभोक्ता हित प्रति राज्य उदासिनता हुनु ।<br>➢ जनचेतनामा कमि ।<br>➢ वस्तुको वजारीकरण हुने सुनीश्चता नहुनु । | ➢ स्पष्ट निति बनाउने ।<br>➢ आवश्यक कच्चा पदार्थको व्यवस्था गर्ने ।<br>➢ सिप र क्षमतावान् जनशक्तिको विकास गर्ने ।<br>➢ लगानीको सुनिश्चितता तथा प्रतिफलयुक्त बनाउने ।<br>➢ अनुदानमा जोड दिने<br>➢ घरेलु तथा लघु उद्योगलाई जोड दिने<br>➢ यातायात संचार जस्ता पुर्वाधारमा विकास गर्ने ।<br>➢ गाउँपालीका स्तरमा उद्योग बाणिज्य संघ दर्ता गर्ने । |

| | | | |
|---|---|---|---|
| **पर्यटन**<br>➢ पर्यटकीय क्षेत्रको पहिचान हुन नसक्नु ।<br>➢ पर्यटन निति स्पष्ट नहुनु ।<br>➢ पर्यटकीय क्षेत्रको विकासका लागी बजेटको अभाव ।<br>➢ प्रचार प्रसारमा कमी । | ➢ पर्यटन क्षेत्रबाट हुने रोजगारीमा अभिबृद्धि नहुनु ।<br>➢ पर्यटन क्षेत्रबाट हुन सक्ने गरिबी निवारणमा योगदान पुग्न नसक्नु ।<br>➢ पर्यटकीय क्षेत्र लोप हुदै जाने ।<br>➢ मौलिक संस्कृति लोप हुदै जाने । | ➢ पर्यटन विकास प्रति स्थानीय सरकारबाट लगानी कम हुनु ।<br>➢ तालिम प्राप्त जनशक्तिको विकास नहुनु ।<br>➢ पर्यटन विकासबाट प्राप्त हुन सक्ने फाइदाको बारेमा जानकारी नहुनु ।<br>➢ पर्यटन प्रबर्द्धन गर्ने समग्र कार्यक्रमको प्याकेज नहुनु । | ➢ पर्यटकिय क्षेत्र सम्वन्धी स्पष्ट निति बनाउने ।<br>➢ पर्यटकिय क्षेत्रको पहिचान गरी प्रचार प्रसार गर्ने ।<br>➢ पर्यटकिय क्षेत्रलाई आकर्षित गर्न होमस्टे, पदमार्ग जस्ता क्षेत्रमा लगानी गर्ने ।<br>➢ गाउँपालिकाबाट पर्यटन पूर्वाधार विकास, प्रबर्द्धन जस्ताका क्रियाकलापमा लगानी बृद्धि गर्ने । |
| **सहकारी**<br>➢ दर्ता प्रकृयामा नआउनु ।<br>➢ लेखा परिक्षणमा समस्या ।<br>➢ आर्थिक अनियमितता ।<br>➢ सहकारीताको ज्ञानको कमी ।<br>➢ सहकारीलाई नियमन गर्ने संयन्त्र कमजोर हुनु । | ➢ आर्थिक अनियमितता ।<br>➢ ऋण परिचालनमा विविधता ।<br>➢ सहकारीको माध्यमबाट हुनसक्ने आर्थिक विकासमा कमि ।<br>➢ सहकारीलाई आर्थिक आयआर्जनका गतिविधिमा संलग्न गर्न नसक्नु । | ➢ सहकारीमा संलग्न सदस्य तथा पदाधिकारीहरुको क्षमता विकास गर्ने कार्यक्रममा कमि ।<br>➢ सहकारीबाट हुने लगानीलाई आर्थिक उपार्जन गर्ने माध्यम बनाउन नसक्नु ।<br>➢ नियमन गर्ने निकाय कमजोर हुनु । | ➢ सहकारी सम्वन्धी स्पष्ट निति वनाई सहकारीको सिद्धान्त अवलम्वन गर्ने ।<br>➢ सहकारीबाट सृजित सामाजिक द्धन्दको अन्त्य गर्ने ।<br>➢ सहकारी सम्वन्धी क्षमता विकास तालिमको आयोजना गर्ने ।<br>➢ सहकारीहरु विच समन्वयको वातावरण कायम गर्ने ।<br>➢ नियमन गर्ने संयन्त्रलाई प्रभावकारी बनाउने । |

| | | | |
|---|---|---|---|
| **वित्तिय क्षेत्र**<br>➢ वित्तिय कारोवार गर्ने (बैंक तथा वित्तिय संस्था) वित्तिय संस्थाहरुको प्रयाप्त स्थापना नहुनु ।<br>➢ वित्तिय ज्ञानको अभाव ।<br>➢ वित्तिय क्षेत्रबाट हुने लगानी प्रयाप्त नहुनु ।<br>➢ सूचना, संचारको पहुँचमा कमि ।<br>➢ वित्तिय संस्थामा बचत गर्ने बानी नहुनु । | ➢ गाउँमा रहेको स-साना पुंजीलाई एकीकृत गर्न नसक्नु ।<br>➢ व्याजदरमा वृद्धि हुंदा लगानीलाई व्यवस्थीत गर्न नसक्नु ।<br>➢ संस्थागत वित्तिय कारोवार गर्ने अभ्यास नहुँदा ठगी भइ द्धन्द सृजना हुनु ।<br>➢ वित्तिय कारोवारमा सहजता नहुनु । | ➢ वित्तिय कारोवार गर्ने संस्थाहरुमा नागरिकको पहुँच नहुनु ।<br>➢ सहुलियत दरमा ऋण पाउने व्यवस्था गर्न नसक्नु ।<br>➢ वित्तिय कारोवार गर्ने संस्था प्रतिको जनविश्वासमा कमि आउनु । | ➢ स्पष्ट वित्तिय निति तर्जुमा र कार्यान्वयन<br>➢ स्थानिय निकायको नियम कानुन भित्र रहि आर्थिक कारोवार गर्न अधिकार दिने ।<br>➢ एका परिवारलाई १ वटा वित्तिय संघ संस्थामा भन्दा वढीमा आवद्ध हुन नदिने नियम राख्नु पर्ने ।<br>➢ आर्थिक कारोवार गर्नु अगाडि नै त्यस सम्वन्धी सम्पूर्ण वित्तिय ज्ञान दिलाउनु पर्ने । |
| **<u>वातावरण तथा विपद व्यवस्थापन</u>**<br>**वन तथा भु-संरक्षण,**<br>➢ ग्रामीण सडक निर्माण तथा जडिबुँटी खेती (चिराइतो) बाट वन विनास हुने क्रम बढनु ।<br>➢ बृक्षारोपण गरी वन क्षेत्र बृद्धि गर्न नसक्नु ।<br>➢ विपदबाट उत्पन्न हुने संकट बढदै जानु । | ➢ बाढी पहिरोबाट हुने क्षति बढनु ।<br>➢ उर्वर जमिन विनास<br>➢ जैविक विविधतामा असर<br>➢ अतिवृष्टि अनावृष्टि हुनु ।<br>➢ उत्पादन घट्नु । | ➢ वन फडानी हुँदा अनियन्त्रीत वस्तीले मानव निर्माण कार्य अव्यवस्थित<br>➢ विपदबाट हुन सक्ने जोखीमलाई मध्यनजर नगर्नु<br>➢ अव्यवस्थित चरीचरण हुनु ।<br>➢ विपदको प्रतिकार्यका प्रविधि, संयन्त्र तथा जनशक्ति तयार गर्न नसक्नु | ➢ बृक्षारोपण गर्ने, व्यवस्थित बस्ती वसाल्ने ।<br>➢ विकास निर्माण कार्य गर्नु पूर्व बातावरणीय प्रभाव अध्ययन गर्नु पर्ने<br>➢ जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।<br>➢ जैविक विविधता सम्वन्धी अध्ययन गर्नुपर्ने ।<br>➢ जमिनको समुचित उपयोग गर्ने |

| | | | |
|---|---|---|---|
| **जलाधार संरक्षण,**<br>➢ संरक्षण गर्नुपर्ने जलाधार क्षेत्रको पहिचान नभएको ।<br>➢ पहिचान भएका जलाधार क्षेत्रको समुचित व्यवस्थापन नभएको ।<br>➢ जलाधार क्षेत्रमा रुख कटान हुने गरेको ।<br>➢ भौतिक पूर्वाधार (सडक आदि) निर्माण गर्दा जलाधार क्षेत्रको सम्बेदनसिलतालाई विचार नगरिएको । | ➢ पानीको अभाव हुनु ।<br>➢ सिंचाईका स्रोतमा कमी ।<br>➢ जिव जन्तुको लोप हुने ।<br>➢ जलविद्युत उत्पादनमा असर पर्दछ ।<br>➢ जैविक विविधतामा असर तथा असन्तुलन गर्दछ ।<br>➢ सजिव प्राणीहरुमा विभिन्न प्रकोप/ रोगहरु बढ्दछ । | ➢ वनजंगल विनास ।<br>➢ जनचेतनाको कमी ।<br>➢ आगलागि, बाढी पहिरो ।<br>➢ अव्यवस्थित बसोवास ।<br>➢ आधुनिक यान्त्रीकरणको प्रभाव ।<br>➢ फोहोरमैलाको उचित व्यवस्थापन नहुनु ।<br>➢ अव्यवस्थित सडक विस्तार । | ➢ बाझो जमिनमा बृक्षरोपण गर्ने ।<br>➢ संरक्षित क्षेत्रहरु पहिचान गरि संरक्षण गर्ने ।<br>➢ विषादिको प्रयोगमा रोक लगाउने ।<br>➢ पानीका मूहानहरु सफा राख्ने ।<br>➢ आगलागी नियन्त्रण गर्ने ।<br>➢ जनचेतनामूलक कार्यक्रम गर्ने ।<br>➢ वनजंगलका पशुपन्क्षीको संरक्षण गर्ने<br>➢ सामुदायिक वन, कबुलियति वन तथा समिति गठन गर्ने |
| **वातावरण संरक्षण,**<br>➢ वातावरण विनासबाट हुने असरको वारेमा जानकारी नहुनु<br>➢ स्थानीय तहबाट स्थानीय वातावरण अनुकुलन कार्यक्रमहरुको तर्जुमामा कमि<br>➢ वातावरणीय असर कम गर्ने प्रभावकारी नीति नियम तथा कार्यक्रमको अभाव । | ➢ विभिन्न रोगहरुको प्रकोप हुनु ।<br>➢ वातावरण प्रदुषण हुने<br>➢ जलमाटो प्रदुषण हुने<br>➢ जीवहरुमा नकारात्मक असर देखापर्ने ।<br>➢ विपन्न तथा गरिबहरुको जीवनमा असर पर्ने<br>➢ सुख्खापना बाढी आगलागि हुनु ।<br>➢ अतिबृष्टि तथा अनाबृष्टि हुनु<br>➢ स्थानीय स्तरमा हुने आर्थिक विकासमा समस्या सृजना हुने । | ➢ वन विनास ।<br>➢ अव्यवस्थित ढल निकास ।<br>➢ जनचेतनाको कमी<br>➢ आर्थिक अभाव<br>➢ निति नियमको व्यवस्थित कार्यान्वयन नहुनु । | ➢ वृक्षारोपण गर्ने ।<br>➢ सडकहरु व्यवस्थित गर्ने ।<br>➢ आगलागि नियन्त्रण गर्ने ।<br>➢ विषादीको प्रयोग नगर्ने ।<br>➢ कृषि वनको अवधारण लागूगर्ने ।<br>➢ भौतिक संरचनाहरुको निर्माण व्यवस्थित गर्ने ।<br>➢ फोहोरमैला व्यवस्थित गर्ने । |

| | | | |
|---|---|---|---|
| **जलवायु परिवर्तन:**<br>➢ जलवायु परिवर्तनको असर देखिनु ।<br>➢ जलवायु परिवर्तन को अनुकुलन कार्यक्रम नहुनु ।<br>➢ जलवायु परिवर्तन सम्बन्धि जनचेतना नहुनु । | ➢ समयमा वर्षा नहुनु, अतिवृष्टि, अनावृष्टि हुने,<br>➢ प्राणीहरुमा रोगको प्रकोप देखापर्नु ।<br>➢ जैविक विविधतामा असर पर्नु ।<br>➢ आर्थिक अभाव हुनु ।<br>➢ रोगको प्रकोप बढ्नु ।<br>➢ आर्थिक अभाव हुनु ।<br>➢ वातावरण प्रदुषण हुनु ।<br>➢ पशुपंक्षीलाई रोगको प्रकोप बढ्नु ।<br>➢ जल, माटो र वायू प्रदुषण हुनु । | ➢ वन जंगलको क्षेत्र संकुचन हुदै जानु ।<br>➢ जलवायु परिवर्तन अनुकुलन कार्यक्रम नहुनु ।<br>➢ किटनासक औसधिको अत्याधिक वढनु ।<br>➢ जनचेतनामा कमि । | ➢ बृक्षा रोपण गर्नुपर्ने ।<br>➢ उद्योगधन्दा तथा पुराना सवारी साधनको व्यवस्थित गर्नुपर्ने ।<br>➢ जैविक खेतीको शुरुआत गर्ने ।<br>➢ पानीका मुहान सुधार गर्ने ।<br>➢ निति नियम अनुसार भौतिक संरचना निर्माण गर्ने ।<br>➢ विद्यालयका् पाठ्यक्रममा जलबायू परिवर्तन सम्वन्धि विषयको ज्ञान दिने सामग्री राख्नुपर्ने । |
| **फोहरमैला व्यवस्थापन,**<br>➢ फोहरलाई व्यवस्थीत रुपमा विभाजन नगर्नु ।<br>➢ फोहरको उपयोगको बारेमा ज्ञान नहुनु ।<br>➢ फोहरमैला विसर्जन स्थलको पहिचान नहुनु । | ➢ पलाष्टीक जन्य फोहर यत्रतत्र छरिनाले कृषि उत्पादनमा ह्रास आउने ।<br>➢ प्रदुषण बढनु<br>➢ फोहरबाट प्राप्त गर्न सकिने फाइदा लिन नसक्नु । | ➢ फोहर मैला व्यवस्थापनको लागि डि.पि.आर सहितको फोहर उत्सर्जन स्थल पहिचान नगर्नु ।<br>➢ फोहरबाट उत्पन्न हुने नकारात्मक असरको बारेमा जानकारी प्राप्त गर्न नसक्नु । | ➢ व्यवस्थित बसोवासको विकास गर्ने ।<br>➢ जनचेतना जगाउने ।<br>➢ फोहोरको उचित व्यवस्थापन गर्ने । कुहिने नकुहिने छुट्याउन् ।<br>➢ प्रतिवन्धित विषदीको प्रयोग नगर्ने ।<br>➢ सार्वजनिक ठाउँहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने ।<br>➢ प्लाष्टिक तथा टिन प्रतिवन्धित क्षेत्र घोषणा गर्ने । |

| | | | |
|---|---|---|---|
| **संस्थागत विकास तथा सेवा प्रवाह**<br>• **सामान्य सेवा**<br>➢ सिफारिस ।<br>➢ दर्ता चलानी ।<br>➢ समयमै सेवा प्रवाह नहुनु ।<br>➢ विद्युतीय सेवाको सुविधा प्रर्वद्धन नहुनु । | ➢ सेवाग्राहीको समय खेर जानु ।<br>➢ गाउँपालिका प्रति सेवाग्राहीको दृष्टिकोण नकारात्मक हुनु वा ।<br>➢ गाउँपालिकाबाट सेवा पाइन्छ भन्ने भावनाको विश्वासमा कमि आउनु । | ➢ प्रत्येक वडामा वडा सचिव नहुनु ।<br>➢ कार्यालयमा दरबन्दी अनुसार कर्मचारी नहुनु ।<br>➢ भौतिक संरचना आवश्यकता अनुसार तयार हुन नसक्नु । | ➢ आवश्यक भौतिक पुर्वाधार तयार गर्नुपर्ने ।<br>➢ कर्मचारी व्यवस्थापन गर्नुपर्ने ।<br>➢ नागरिक मैत्री पूर्वाधार र विकासको लागि कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने । |
| • **सुरक्षा व्यवस्थापन**<br>➢ गाउँपालिकाको बडा सिमा बजार क्षेत्रसँग सामान्जस्य गरी तयार नगरिएको ।<br>➢ नागरिकमा कानुनी राज्यको अनुभुति नभएको । | ➢ पूर्ण सुरक्षाको अनुभुति नहुनु ।<br>➢ स्वतन्त्र रुपमा सामाजिक, आर्थिक तथा धार्मिक गतिविधिहरु संचालन गर्न नसक्नु ।<br>➢ महिला तथा बालबालिकामा असुरक्षाको भावना बढदै जानु । | ➢ सुरक्षा व्यवस्थापन पर्याप्त नहुनु ।<br>➢ सुरक्षा निकायले जिम्मेवारीता वहन नगर्नु ।<br>➢ सुरक्षा निकायले सुरक्षाको सम्बेदनसिलतालाई बुझी सुरक्षा योजना तयार गर्न नसक्नु । | ➢ प्रहरी चौकी स्थापना ।<br>➢ गाउँप्रहरीको व्यवस्था ।<br>➢ टोल टोलमा सामुदायीक समुह गठन गरी सुरक्षाको जनचेतना अभिबृद्धि गर्ने ।<br>➢ टोल टोलमा सुरक्षा साइरन जडान |

| | | | |
|---|---|---|---|
| **सूचना प्रविधि**<br>➢ विद्युतको समस्या<br>➢ इन्टरनेट तिव्रता नहुनु ।<br>➢ इन्टरनेटको सबै वडामा पहुँच नहुनु ।<br>➢ सूचना प्रविधिमा दक्ष नहुनु । | ➢ सूचना समाग्री वारम्वार विग्रने ।<br>➢ कामकाजमा अवरोध ।<br>➢ सेवा प्रवाहमा तिव्रता नहुनु ।<br>➢ लाभग्राहिलाई असुविधा हुनु । | ➢ विद्युतको असुविधा ।<br>➢ तालिमको अभाव ।<br>➢ इन्टरनेटको सुविधा पर्याप्त नहुनु । | ➢ सम्वन्धित क्षेत्रसंग समन्वय गरी इन्टरनेट तिव्रतामा विस्तार गर्ने ।<br>➢ राष्ट्रिय प्रसारण लाइनमा विद्युत लाइन जडान गर्ने ।<br>➢ कार्यालय समयभित्र विद्युत नियमित रहने व्यवस्थ ागर्ने ।<br>➢ कर्मचारी तथा जनप्रतिनिधिलाई यस सम्वन्धि तालिमको व्यवस्था गर्ने । |
| **पञ्जिकरण व्यवस्थापन**<br>➢ समयमै पंजिकरण नहुनु ।<br>➢ सामाजिक सुरक्षा भत्ताहरुमा नाम छुट्नु ।<br>➢ बैंकबाट भत्ता वितरण नहुनु ।<br>➢ समयमा नै घटना दर्ता नगर्नु । | ➢ सेवा सुविधा प्राप्त गर्न नसक्नु ।<br>➢ जन्म दर्ताका कारण बालवालिकाहरुको विद्यालय भर्नामा असर ।<br>➢ नागरिकता लगायत व्यक्तिक प्रमाणपत्र प्राप्त गर्न समस्या | ➢ घटना दर्ताको महत्वको बारेमा बुझ्न नसक्नु ।<br>➢ घटना दर्ता सम्बन्धि काम गर्ने जनशक्तिको अभाव ।<br>➢ घटना दर्तालाई जनसंख्याको अन्य क्रियाकलापसँग आवद्ध नगर्नु । | ➢ स्तरीय इन्टरनेट र विद्युतको व्यवस्थापन गर्नु पर्ने ।<br>➢ आवश्यक तालिम र कर्मचारीको व्यवस्थापन गर्नुपर्ने ।<br>➢ घटना दर्ता जस्ता कुराहरु समयमानै गर्न गराउनका लागी जनचेतना विस्तार गर्नुपर्ने । |

| | | | |
|---|---|---|---|
| • **स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन**<br>➢ तथ्यांक संकलन समय समयमा नगर्नु<br>➢ सही तथांक नआउनु ।<br>➢ महत्वका आधारमा अभिलेख व्यवस्थापन गर्न समय सापेक्ष प्रणालीको प्रयोग नगर्नु ।<br>➢ तथ्यांकलाई विकास कार्यक्रम तथा योजना छनौटसँग आवद्ध नगर्नु । | ➢ सहि तथ्यांक प्राप्त नगर्नु ।<br>➢ आवश्यकता परेका बेलामा अभिलेख प्राप्त गर्न नसक्नु ।<br>➢ सेवाग्राही अन्योलमा पर्नु ।<br>➢ सेवाग्राहीलाई असर ।<br>➢ सूचनाको अभावले सेवाग्राहीले सिघ्र सेवा नपाउने ।<br>➢ तथ्यांकमा आधारित योजना तथा कार्यक्रम सञ्चालन गर्न नसक्नु । | ➢ गाउँपालिका स्तरबाटै तथ्यांकमा आधारित विकास योजना तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासको विकास नहुनु ।<br>➢ तथ्यांकको महत्व बुझ्न नसक्नु ।<br>➢ गाउँपालिका स्तरको तथ्यांकलाई अन्य तहका तथ्यांकसँग आवद्ध नगर्नु । | ➢ समय सापेक्ष कार्यविधिको निर्माण गरि कार्यान्वयन गर्नु ।<br>➢ सूचना प्रविधिसंग सम्वन्धीत तथ्यांक संकलनका स्रोतको प्रयोग गरी संकलन गर्ने जस्तै, GIS Mobile application<br>➢ गाउँपालिका तहमा सूचना तथा अभिलेख केन्द्र स्थापना गरी तथ्यांकलाई व्यवस्थीत गर्नुपर्ने । |
| • **सुशासन प्रवर्धन**<br>➢ वडापत्र नहुनु ।<br>➢ कार्यलय समयको प्रयोग नहुनु ।<br>➢ सार्वजनिक सुनुवाई नहुनु । | ➢ थप राजस्वका स्रोत पहिचान गर्न आवश्यक अनुसन्धान गर्ने<br>➢ पर्यटन विकासका लागि अनुसन्धान गर्नु पर्ने ।<br>➢ प्राकृतिक स्रोतको अनुसन्धान गरि उचित प्रयोग परिचालन गर्नु पर्ने । | ➢ विद्युत तथा इन्टरनेट सेवाको असुविधा ।<br>➢ कर्मचारीलाई तालिमको अभाव<br>➢ जनचेतनाको अभाव ।<br>➢ दरबन्दि अनुसारका कर्मचारी नहुनु ।<br>➢ बैंकको सुविधा नहुनु ।<br>➢ समयमा नै अद्यावधिक गर्न नसक्नु । | ➢ नागरीक वडा पत्र सर्बसाधरणको पहुच पुग्ने ठाउँहरुमा राख्ने ।<br>➢ विद्युतीय हाजिरी जडान गर्ने ।<br>➢ कामको मुल्यांकन गरेर पुरस्कार वा सजायको व्यवस्था गर्ने ।<br>➢ सार्वजानिक सुनुवाई नियमित हुनुपर्ने |

| | | | |
|---|---|---|---|
| • **अनुसन्धान तथा विकास**<br>➢ जनशक्ति उपलब्ध नहुनु<br>➢ अनुसन्धानमा आधारित विकासलाई अवलम्बन नगर्नु<br>➢ स्थानीय तहमा अनुसन्धानमूलक विकासलाई ग्रहण नगर्नु | ➢ विकासको प्रतिफल प्राप्तीमा असर<br>➢ विकासका कार्यक्रमहरु दिगो नहुने<br>➢ नतिजामा आधारित विकास | ➢ विद्युत तथा इन्टरनेट सेवाको असुविधा ।<br>➢ तथ्यांक संकलन सम्बन्धी उचित कार्यनिति नहुनु र भएकाको पनि पालना, कार्यान्वयन नगर्नु ।<br>➢ सूचना प्रविधिसंग सम्वन्धीत तथ्यांक संकलनका स्रोतको प्रयोग नगर्नु ।<br>➢ सहज तथा सिघ्र सेवा प्राप्त नहुनु । | |